# *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली
भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह,
एम.एड., द्वितीय वर्षको नेपा.शि. ५९८
पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत

शोधपत्र

आशा गुरुङ
९-२-२३९-१४५-२०११
२४०००५४/२०७४

नेपाली भाषा शिक्षा विभाग,
सप्तगण्डकी बहुमुखी क्याम्पस,
भरतपुर, चितवन

२०८०/२०२३

## प्रतिबद्धतापत्र

*'मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जेजसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजन स्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु ।

मिति : २०८०।०४।१६

सन् : १ अगस्त, २०२३

............................

आशा गुरुङ

शोधार्थी

**शोधनिर्देशकको सिफारिसपत्र**

*'मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा शोधार्थी आशा गुरुङले गरेको शोधले म सन्तुष्ट छु । यस शोधकार्यले सम्बन्धित पक्ष सबैलाई प्रत्यक्ष फाइदा पुग्नेमा म विश्वस्त छु र आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०८०।०५।१७

सन् : ३, सेप्टेम्बर, २०२३

..........................

सरोज दवाडी

शोधनिर्देशक

सहायक प्राध्यापक

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

## कृतज्ञताज्ञापन

प्रस्तुत *'मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको नेपा.शि. ५९८ अध्ययनपत्र पाठ्याशको प्रयोजनार्थ तयार पारिएको हो । सर्वप्रथमतः प्रस्तुत उपन्यासका लेखक अर्थात् शोधनायक राधा पौडेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु, जसको उपन्यासका कारण मैले आफ्नो शोधकार्यमा प्रस्तुत पुस्तकको माध्यमबाट अनुसन्धान कार्य गर्ने अवसर प्राप्त गरेकी छु ।

प्रस्तुत शोधको उपर्युक्त शोधशीर्षक छनोट तथा शोधप्रस्ताव स्वीकृत गरी शोधको अवसर प्रदान गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पसको नेपाली भाषा शिक्षा विभागाध्यक्ष गुरुआमा विन्दु पौडेल (वस्ती) प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस शोधकार्यलाई पूर्ण गराउन हरतरहले प्रत्यक्ष रूपमा सहयोग गर्नुहुने शोधनिर्देशक गुरु सरोज दवाडीज्यूको प्रत्यक्ष निर्देशन र आफ्नो व्यस्तताका बाबजुद पनि शोधलेखनको सम्बन्धमा आफ्नो अमूल्य समय र सुझाउहरू दिनुभएकोमा उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा सैद्धान्तिक पुनरावलोकनका निम्ति सामग्री प्रयोग गरिएका सामग्रीका लेखकहरू शान्तिप्रसाद ढकाल, माधवप्रसाद पौडेल, मोहनराज शर्मा, यादवप्रकाश लामिछाने र पारसमणि भण्डारीका कृतिहरूको सहयोग लिइएको छ भने प्रायोगिक पुनरावलोकनका लागि सामग्रीका रूपमा अरुणविलास अधिकारी, भवानी खतिवडा, किरण खत्री, पूजा पौडेल, हिरा बराल, कर्णबहादुर रावल, देवीराम लामा, शान्तिकुमारी विष्ट, कुमारी शर्मा, टीकाराम सुनार र पुजा सुवेदीका शोधपत्रहरूको सहयोग लिइएकोले उहाँहरूप्रति कृतज्ञ छु ।

मलाई जन्म दिएर उचित शिक्षादीक्षाका साथ सङ्घर्षका लागि प्रथप्रदर्शन गरी उज्ज्वल भविष्यको कामना गर्दै हरेक परिस्थितिमा साथ र सहयोग दिनुहुने मेरी ममतामयी आमा सेतीमाया गुरुङ र पुजनीय पिता नरेन्द्रजङ्ग गुरुङप्रति म सधैँ कृतज्ञ छु । हरेक कोणबाट हौसला र सहयोग प्रदान गरी अगाडि बढ्न प्रेरित गर्नुहुने मेरा श्रीमान् सोमबहादुर गुरुङ र छोरी सोयासा र छोरा आयन्सलाई पनि सम्झन चाहन्छु । परिवारबाट अध्ययनका लागि सदैव हौसला र प्रोत्साहित गर्नुहुने आदरणीय सासूआमा, ससुराबा, जेठाजु, देवरबाबुलगायत नानीहरू अनिता, सीमा, सरिता, बुहारी कुमारी र गीता फुपूलाई पनि सम्झन चाहन्छु । शोधकार्यमा प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्ने साथीहरू टीका, सावित्रा, कुमारी, मिनाक्षी, समीक्षा र टङ्कनमा सहयोग गर्नुहुने दाजु जीवन ढुङ्गानाप्रति पनि कृतज्ञ छु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली भाषा शिक्षा विभागसमक्ष पेस गर्दछु ।

.............................................

मिति : २०८०।०४।१६ | आशा गुरुङ

सन् : १ अगस्ट, २०२३ | शोधार्थी

## शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपाली शिक्षा ५९८ पाठयांशको प्रयोजनका लागि तयार गरिएको छ । यस शोधपत्रको शीर्षक *'मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन' रहेको छ । *मारियम मान्छे भई* उपन्यासमा प्रयुक्त कथानकका आधारमा उपन्यासको विश्लेषण, उपन्यासका पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण, चयन, विचलन र समानान्तरताका आधारमा उपन्यासको भाषिक विश्लेषण गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ ।

यस उपन्यासमा उपन्यासकारले आफ्नो समाजमा रहेको आर्थिक, सामाजिक, पारिवारिक, अवस्थाको चित्रण गर्नुका साथै यहाँ व्याप्त विकृति, विसङ्गति, छुवाछुत, रूढिवादी परम्परा, लैङ्गिक विभेद, किशोरावस्थाको पीडा र सामाजिक यथार्थतालाई प्रस्तुत गर्नुका साथै किशोरावस्थामा प्रत्येक महिलाले भोग्नुपरेका पीडादायी अवस्थालाई जीवन्त रूपमा चित्रण गरिएको छ । समग्रमा कथानकलाई आदि, मध्य र अन्त्यको क्रममा राख्न सकिन्छ ।

कथानकको प्रारम्भमा मारियमलाई चराको चिरबिरसँगै गुनगुनाउँदै सुत्न मन लाग्नु, शनिवार अम्मीले घरको काम सघाउने आशा राख्नु, ठुली छोरी भएकीले घरको काम सघाउने, भाइबहिनीलाई गृहकार्य सिकाउने र तयार गराउने कार्यबाट उनको दैनिकी सुरु हुनु, सबेरै नउठेकोमा अम्मीको गाली खानुजस्ता घटनाहरू आएको छ । मारियम सुतेको बुट्टे तन्नामा रातो दाग देखिनु, आफू महिनावारी भएको उनेले थाहा पाउनु, रिमा महिनावारी हुँदा स्कुले ठिटाहरूले जिस्क्याउनुसम्मको घटनाक्रम सङ्घर्ष विकास हो । मारियम महिनावारी भएपछि भाइ र अब्बालाई छुन नदिनु, आफू छोरी भएकोमा रिस उठ्नु, आफू अपवित्र भएकोमा रिस उठ्नुजस्ता घटनाक्रम कथानकको चरम हो । मारियमले अर्कोपटक महिनावारी हुँदा कसैलाई पनि नबताउनु, टालो विभिन्न ठाउँमा लुकाउनु, भकारीको टालो अब्बाले भेटाउनु र मारियमलाई बन्धक बनाएर राख्नु, आफू मान्छे बन्ने अठोट गर्नुजस्ता उपन्यासको सङ्घर्षह्रास हो । रेडियोमा शीला मेडमको महिनावारीसम्बन्धी अन्तर्वाता आउनु, अम्मीलाई लिएर स्वास्थ्य चौकी जानु, नर्सले मारियम र अम्मीलाई महिनावारीको बारेमा जानकारी दिई आँखा खोलीदिनु, सबैको साथ र सपोर्टले गर्दा पूर्ण मान्छे बन्न सहयोग पुग्नुजस्ता घटनाक्रम उपसंहारका रूपमा देखिएको छ । यसरी प्रस्तुत उपन्यासको कथानक

संरचना आदि, मध्य र अन्त्य मिलेर समाप्त भएको छ । यसरी हेर्दा उपन्यासको कथानक उत्कृष्ट रहेको छ ।

पात्रगत संरचनाका हिसाबले पनि *मारियम मान्छे भई* उपन्यासमा प्रमुख पात्रका रूपमा मारियम, अम्मी, अब्बा, दादी र बहिनीहरू आएका छन् भने सहायक पात्रका रूपमा भाइ, संधिरा, रिमा, मनसरा, शीला म्याम आएका छन् । गौण तथा नेपथ्य पात्रहरूमा संधिराकी आमा, संधिराकी काका, काकी, रिमाकी आमा र बाबा, स्कुलका ठिटाहरू, मेडम, कोअर्डिनेटर सर, महानन्द पण्डित, मामा, माइजू, हजुरबा, हजुरआमा, नगरपालिकाका अभिभावकहरू, मेयर म्याडम, अम्मीकी साथीहरू रहेका छन् । यी पात्रहरूमध्ये लैङ्गिक दृष्टिले महिला पात्रहरूका रूपमा मारियम, अम्मी, दादी, बहिनी, रिमा, संधिरा, शीला म्याडम, नर्स, मेयर म्याडम, मनसरा, रिमाकी आमा, संधिराकी काकी, स्कुलकी मेडम, दुर्गा, छिमेकी आन्टीहरू आएका छन् भने पुरुष पात्रहरूमा अब्बा, भाइ, महानन्द पण्डित, अखिलेश, हजुरबा, अनन्त सर, काका, कोअर्डिनेटर, स्कुले ठिटाहरू रहेका छन् । प्रवृत्तिका आधारमा मारियम, अम्मी, अब्बा, दादी, बहिनी, रिमा, भाइ, संधिरा, दुर्गा, मनसरा, अनन्त सर, अखिलेश, मेयर म्याडम, अनुकूल पात्रका रूपमा आएका छन् भने प्रतिकूल पात्रका रूपमा महानन्द पण्डित, संधिराकी काकी रहेका छन् । स्वभावका आधारमा मारियम, अब्बा, अम्मी, दादी, भाइ, बहिनी, रिमा, संधिरा, दुर्गा, मनसरा, अनन्त सर गतिशील पात्रका रूपमा प्रस्तुत भएका छन् भने छिमेकी आन्टीहरू, स्कुले ठिटाहरू र महानन्द पण्डित गतिहीन पात्र हुन् । जीवनचेतनाका आधारमा मारियम, शीला नर्स, अम्मी, दादी, भाइ, बहिनी, संधिरा, रिमा वर्गीय पात्रका रूपमा आएका छन् भने अन्य पात्रहरू व्यक्तिगत पात्रका रूपमा आएका छन् । आसन्नताका आधारमा मारियम, अम्मी, अब्बा, दादी, भाइ, बहिनी, रिमा, संधिरा, दुर्गा, मनसरा, शीला नर्स, रिमाकी आमा मञ्चीय पात्रका रूपमा उपस्थित भएका छन् भने अन्य पात्रहरू नेपथ्य पात्रका रूपमा छन् । आबद्धताका आधारमा मारियम, अम्मी, अब्बा, दादी, बहिनी, भाइ, रिमा, संधिरा, शीला नर्स बद्ध पात्रका रूपमा रहेका छन् भने रिमाकी बाबा र आमा, अखिलेश, अनन्त सर, दुर्गा, मनसरा, महानन्द पण्डित, मेयर म्याडम, रिमा, संधिराकी काकी, स्कुलकी मेडम, छिमेकी आन्टीहरू, हजुरबा, काका, कोअर्डिनेटर, स्कुले ठिटाहरू मुक्त पात्रका रूपमा आएका छन् । यसरी उपन्यासमा पात्रसंरचनालाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासमा भाषिक संरचनाका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दहरूको समुचित प्रयोग गरिएको पाइन्छ भने नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी वा क्रियाविशेषण, निपात, विस्मयादिबोधक शब्दको प्रयोगले भाषा सशक्त बन्न पुगेको छ । त्यस्तैगरी वाक्य चयनका सन्दर्भमा सरल, संयुक्त र मिश्र वाक्यहरूको गठन भएको पाइन्छ । उपन्यासमा चिन्ह प्रयोगको हिसाबले प्रश्नवाचक चिन्ह, योजक चिन्ह, उद्धरण चिन्ह, अल्पविराम चिन्ह, विन्दु चिन्ह र पूर्णविराम चिन्हको समुचित प्रयोग भएको पाइन्छ । उपन्यासमा स्थानीय मैथली भाषाको धेरै प्रयोग भएकाले उत्कृष्ट बनाउन सहयोग गरेको देखिन्छ । कोशीय, व्याकरणिक, अर्थतात्त्विक, भाषिक, ध्वनि प्रक्रियात्मक, प्रयुक्तिगत विचलनजस्ता विचलनको प्रयोग भएको देखिन्छ । यसै गरी आन्तरिक र बाह्य समानन्तरताको पनि प्रयोग यथेष्ट मात्रामा भएको पाइन्छ । यस्ता विविध कुराहरूले उपन्यासमा भाषागत माधुर्यता थपेको छ ।

# सङ्क्षिप्त रूपसूची

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| एम.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| नं. | : | नम्बर |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| पृपृ. | : | पृष्ठदेखि पृष्ठसम्म |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| संस्क. | : | संस्करण |

# विषयसूची

*आवरण*

*प्रतिबद्धतापत्र*

*शोधनिर्देशकको सिफारिसपत्र*

*स्वीकृतिपत्र*

*कृतज्ञताज्ञापन*

*शोधसार* क

*सङ्क्षिप्त रूपसूची* घ

*विषयसूची* ङ

*तालिकासूची* ञ

*रेखा चित्रसूची* ट

*चिन्हसूची* ठ

**अध्याय एक : शोधपरिचय** पृष्ठ

अध्ययनको पृष्ठभूमि १

समस्याकथन २

शोधको उद्देश्य २

अध्ययनको औचित्य २

सीमाङ्कन ३

पारिभाषिक शब्दावली ३

सारांश ४

**अध्याय दुई : सम्बन्धित कार्यको पुनरावलोकन**

सैद्धान्तिक पुनरावलोकन ५

प्रायोगिक पुनरावलोकन १७

अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग १२

शैलीविज्ञानको सैद्धान्तिक अवधारणा १३

शैलीविज्ञानको परम्परागत पद्धति १४

| | |
|---|---|
| पूर्वीय परम्परा | १४ |
| पाश्चात्य परम्परा | १५ |
| भाषाशिक्षण र शैलीविज्ञानको सम्बन्ध | १७ |
| शैलीविज्ञानको अन्य विधासँग सम्बन्ध | १८ |
| शैलीविश्लेषण प्रक्रिया | १९ |
| कला सामग्रीको तह | २० |
| कला माध्यमको तह | २० |
| कला प्रतीकको तह | २१ |
| कथानक संरचना | २२ |
| आरम्भ | २२ |
| सङ्घर्ष विकास | २३ |
| चरम | २३ |
| सङ्घर्षह्रास | २३ |
| उपसंहार | २३ |
| पात्रगत संरचना | २४ |
| लिङ्गका आधारमा | २४ |
| कार्यको आधारमा | २५ |
| प्रवृत्तिको आधारमा | २५ |
| स्वभावको आधारमा | २५ |
| जीवनचेतनाका आधारमा | २६ |
| आसन्नताको आधार | २६ |
| आबद्धताको आधारमा | २६ |
| शैली विश्लेषण प्रक्रिया | २६ |
| भाषिक संरचना | २७ |
| साहित्यिक संरचना | २८ |
| बनोट | २९ |
| बुनोट | २९ |
| शैली | ३० |

विकल्प र चयन ३०
अग्रभूमि निर्माण ३१
विविधता ३५
सारांश ३७

**अध्याय तीन : शोधविधि**

अनुसन्धान विधि ३८
अनुसन्धान ढाँचा ३८
नमुना छनोट प्रक्रिया ३९
तथ्य सङ्कलन प्रक्रिया ३९
तथ्य सङ्कलनका साधन ३९
नतिजा र छलफल ४०
शोधपत्रको रूपरेखा ४१

**अध्याय चार : *मारियम मान्छे भई* उपन्यासको कथानक संरचना**

आरम्भ ४२
सङ्घर्ष विकास ४३
चरम ४४
सङ्घर्षह्रास ४६
उपसंहार ४६
सारांश ४७

**अध्याय पाँच : *मारियम मान्छे भई* उपन्यासमा पात्रविधान**

मारियम ४९
अम्मी ५०
अब्बा ५१
दादी ५१
बहिनी ५२

भाइ ५२

रिमा ५३

अनन्त ५३

संधिरा ५४

अखिलेश ५४

शीला म्याडम ५५

गौण पात्रहरू ५५

शैलीवैज्ञानिक आधारमा पात्रहरूको चरित्र विश्लेषण ५६

लैङ्गिक आधारमा ५६

कार्यका आधारमा ५७

प्रवृत्तिका आधारमा ५७

स्वभावका आधारमा ५७

जीवनचेतनाका आधारमा ५७

आसन्नताका आधारमा ५७

आबद्धताका आधारमा ५७

सारांश ६०

**अध्याय छ : *मारियम मान्छे भई* उपन्यासको भाषिक संरचना**

चयन ६१

नामपदको चयन ६१

सर्वनाम पदको चयन ६१

विशेषण पदको चयन ६२

क्रियापदको चयन ६२

क्रियायोगी पदको चयन ६२

नामयोगी पदको चयन ६३

संयोजक पदको चयन ६३

निपात पदको चयन ६३

झर्रा तथा अनुकरणात्मक शब्द चयन ६४

विस्मयादिबोधक शब्द चयन ६४

तत्सम शब्द चयन ६५

तद्भव शब्द चयन ६५

आगन्तुक शब्द चयन ६६

वाक्य चयन ६६

चिन्ह प्रयोग ६७

भाषिक विचलन ६९

कोशीय विचलन ६९

व्याकरणिक विचलन ७०

ध्वनि प्रक्रियात्मक विचलन ७०

अर्थतात्त्विक विचलन ७०

प्रयुक्ति विचलन ७१

लेख्य प्रक्रियात्मक विचलन ७१

भाषिक विचलन ७१

समानान्तरता ७२

आन्तरिक समानान्तरता ७२

बाह्य समानान्तरता ७२

सारांश ७३

**अध्याय सात : निष्कर्ष, सारांश र उपादेयता**

निष्कर्ष ७५

सारांश ७६

उपादेयता ७९

नीतिगत तह ७९

प्रयोगगत तह ७९

सन्दर्भ सामग्रीसूची

व्यक्तिवृत्त

# तालिकासूची


| तालिका सङ्ख्या | पृष्ठ |
| --- | --- |
| १ : शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण | ५९ |

# चित्रसूची


| रेखाचित्र सङ्ख्या | पृष्ठ |
|---|---|
| १ : शैलीविश्लेषण प्रक्रिया | २७ |
| २ : शोधपत्रको ढाँचा | ४० |

# चिन्हसूची

| चिन्ह | अर्थ |
| --- | --- |
| ; | अर्धविराम |
| , | अल्पविराम |
| " " | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| … | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ' ' | विशेष जोड दिँदा |
| : | व्याख्या/सापेक्ष |
| – | बाट |
| ( ) | पेटे टिप्पणी |

## अध्याय एक

## शोधपरिचय

### अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधकार्यको शीर्षक *'मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन' गरी रहेको छ र यसै आधारमा तयार पारिएको छ । *मारियम मान्छे भई* (२०७९) उपन्यासका लेखक राधा पौडेल (वि.सं. २०३०) हुन् । पौडेल सामाजिक र यर्थाथवादी धाराकी साहित्यकार हुन् । उनी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित पनि भएकी छिन् । *खलङ्गामा हमला* (२०६९) उनको पहिलो औपन्यासिक कृति हो । उनका *सपना त आखिर सपना नै रहेछ* (कवितासङ्ग्रह, २०५०), *शान्तिका पाइला* (कवितासङ्ग्रह, २०७४), *मर्यादित महिनावारी, हामी सबैको जिम्मेवारी'* (२०७४, हाते पुस्तक), *शान्तिका पाइलाहरू* (२०७४, कवितासङ्ग्रह), *अपवित्र रगत* (२०७६, कवितासङ्ग्रह), *मारियम मान्छे भई* (२०७९, उपन्यास) र *रोल नं. एक* (संस्मरण) तथा अङ्ग्रेजी भाषामा प्रकाशित *डिग्नीफाइड म्यानोपाउस*को अनुवाद गरिएको कृति *सर्जिकल राजोनिवृत्ति* प्रकाशित भएका छन् । उनलाई युवा पुरस्कार (२०७०) तथा संयुक्त राज्य अमेरिकास्थित युनिभर्सिटी अफ स्यानडियागोले कमन पिसमेकर पुरस्कार (सन् २०१२) ले सम्मानित गरिएको छ । उनको पहिलो कृति *खलङ्गामा हमला* शीर्षकको उपन्यासले २०७० सालमा नेपालका ख्यातिप्राप्त मदन पुरस्कार प्राप्त गर्न सफल भएको छ ।

उनका कृतिमा विशेषतः जीवन र जगत्लाई हेर्ने तरिका, प्रत्येक व्यक्ति मान्छे भएर स्वतन्त्र रूपले बाँच्न र हिँड्न पाउनुपर्छ भन्ने सन्देश प्रवाह गरेका छन् । छोरा र छोरीमा हुने लैङ्गिक विभेद, असमानता, सामाजिक विकृति र विसङ्गति, शिक्षित र अशिक्षित व्यक्तिबिचको विभेद, गरिबी, जातजाति, वर्ग, धर्म र समुदायमा हुने दमन, शोषण, अन्याय, अत्याचार आदिको कुशलतापूर्वक संयोजन गरेर यस्ता विकृति र विसङ्गतिको भण्डाफोर गर्दै समाजमा चेतना फैलाउने उद्देश्य राखेर कृति प्रकाशित गर्नु उनको प्रमुख विशेषता हो ।

प्रस्तुत शोधकार्य शैलीवैज्ञानिक अध्ययन र विश्लेषणसँग सम्बन्धित रहेको छ । कुनै पनि काम गराइको ढङ्ग, ढाँचा वा तौतरिकालाई नै शैली भनिन्छ । शैलीलाई हामी कुनै पनि साहित्य वा रचनाको भावना अभिव्यक्तिको पद्धति, लेखकको विचार, आचरण, व्यक्तिगत विशिष्टता र व्यवहार प्रस्तुत गर्ने क्षमता, ढङ्ग, ढाँचा, बोलाई वा कुराकानीको

तरिकालाई बुझिन्छ । कृतिको अभिव्यक्तिगत शैली तथा ढाँचालाई नवीन, अनौठो, आकर्षक, मौलिक, प्रभावकारी र सुमधुर बनाउनका लागि उक्त कृतिका निश्चित ध्वनि, शब्द, पद, पदावली, वाक्यांश, वाक्य र अर्थलाई विशेष जोड दिई अगाडि ल्याएर प्रयोग गरिन्छ । अतः यी सबै पक्षलाई आधार मानी *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक तरिकाले अध्ययन र विश्लेषण गरिएको छ ।

## समस्याकथन

प्रस्तुत शोधप्रस्ताव *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोध समस्यामा आधारित रहेको छ । नेपाली साहित्यको आख्यान क्षेत्रमा देखापरेका उपन्यासमध्ये *मारियम मान्छे भई* पनि एक हो । यो उपन्यासमा पनि समाजको वास्तविकता स्पष्ट रूपमा देखिन्छ । समाजमा छोरा र छोरीमा हुने भेदभाव, आर्थिक जटिलता, अशिक्षा, अन्धविश्वासका साथै हरेक वर्ग, पेसा, जातजाति, लिङ्ग, सामाजिक विभेद, भौगोलिक बनावट, पहाड, तराई र विभिन्न समुदायमा बसोबास गर्ने हरेक व्यक्तिहरूको रहनसहन, चालचलन र बोलीचालीमा भिन्दाभिन्दै भाषा र शैलीको प्रयोग गरिएको पाइन्छ तसर्थ यस उपन्यासमा के कस्ता शैलीको प्रयोग गरिएका छन् भन्ने कुरा यस शोधकार्यको मुख्य समस्या रहेको छ ।

## शोध प्रश्न

प्रस्तुत शोधकार्य *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा निम्नलिखित उद्देश्यहरूमा केन्द्रित रहेका छन् :

(क) *मारियम मान्छे भई* उपन्यासको कथानक संरचना के कस्तो रहेको छ ?

(ख) *मारियम मान्छे भई* उपन्यासको पात्रविधानलाई शैलीवैज्ञानिक आधारमा के कसरी विश्लेषण गर्न सकिन्छ ?

(ग) *मारियम मान्छे भई* उपन्यासको भाषिक संरचना के कस्तो रहेको छ ?

## अध्ययनको औचित्य

शोधप्रस्तावमा शोधार्थीले नयाँ सत्यको उद्घाटन तथा पुरानै सत्य तथ्यलाई पुनर्मूल्याङ्कन गरेर पाठ्यक्रमको आवश्यकता परिपूर्ति गर्नु र साहित्यकारको उत्कृष्ट गद्यसाहित्यको अध्ययन गरी त्यसभित्र उद्देश्यअनुसार शोधार्थीले तेर्स्याएका नयाँ र नौलो

तथ्यलाई उद्घाटन गर्नु नै अध्ययनको औचित्य हो । *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक दृष्टिकोणबाट कुनै पनि अध्ययन, अनुसन्धान तथा शोधपत्र तयार नभएको हुनाले उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययन सान्दर्भिक रहेको छ । प्रस्तुत शोधकार्यले कुनै पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन गर्न चाहने भावी शोधार्थीहरूलाई अध्ययनको लागि सहयोग पुऱ्याउनुका साथै उपन्यासबाहेक अन्य कृतिहरूमा पनि सौन्दर्यात्मक ढङ्गले शैलीको प्रयोग गरी कलम चलाउन सहयोग पुऱ्याएको छ । कृति र कृतिकारलाई नयाँ पहिचान दिलाउने पाठ्यक्रमको आवश्कयता परिपूर्ति गर्न, शोधार्थीको लेखन क्षमताको विकास गराउन, शिक्षण पेसामा सहयोग गर्न र यस शोधप्रस्तावको अध्ययन गर्न चाहने जोसुकै पाठक वा शोधार्थीहरूका लागि पनि प्रस्तुत शोधकार्य निकै प्रभावकारी, उपयोगी, ज्ञानबर्द्धक र महत्त्वपूर्ण रहेको छ । त्यसैले उक्त उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्नु नै मेरो उद्देश्य र मनैदेखि रुचिको विषय भएकोले यसको विशेष औचित्य रहेको छ ।

## सीमाङ्कन

कुनै पनि अध्ययन गर्ने क्रममा शोधार्थीले कुन प्रश्नमा आधारित रही अनुसन्धान गर्ने भन्ने कुरालाई शोधको सीमाङ्कन भनिन्छ । उपन्यासकार राधा पौडेलद्वारा रचित *मारियम मान्छे भई* उपन्यास विभिन्न सिद्धान्त र अवधारणाका आधारमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्न सकिने भए तापनि शैलीवैज्ञानिक आधारमा मात्र अध्ययन गुर्न यस शोधकार्यको सीमा रहेको छ ।

## परिभाषिक शब्दावली

प्रस्तावित शोधकार्यमा विशिष्ट अर्थमा केही शब्दहरूको प्रयोग हुने छन् । ती शब्दहरू र तिनीहरूका अर्थ निम्नानुसार रहने छन् :

| | | |
|---|---|---|
| शैली | : | कुनै पनि काम गराइको ढङ्ग, ढाँचा वा तरिका |
| शैलीविज्ञान | : | भाषिक शैली वा शाब्दिक कला प्रयोगका तौरतरिकाहरूको वैज्ञानिक अध्ययन गर्न विधि |
| अग्रभूमि निर्माण | : | अभिव्यक्तिमा विशिष्ट र नयाँनयाँ भाषाको प्रयोग गर्नु |
| चयन | : | रचनाकारले उपयोगी र प्रभावकारी शब्द छनोट गर्नु |

भाषिक विचलन : भाषाको मानक रूपलाई उल्टोपाल्टो पार्नु

पुनरावलोकन : पुनः (फेरि) अवलोकन गर्नु, हेर्नु

समानान्तरता : वर्ण, पद, पदावली वा वाक्य नै पटकपटक पुनरावृत्ति हुनु ।

## सारांश

प्रस्तुत शोधपत्रको पहिलो अध्यायको शीर्षक 'शोधपरिचय' रहेको छ । यस मूलशीर्षकअन्तर्गत विभिन्न उपशीर्षकहरू समावेश गरिएको छ र यस खण्डमा लेखकको सङ्क्षिप्त परिचय, उनका कृतिहरूको विवरण र शैलीको सामान्य परिचय प्रस्तुत गरिएको छ । यसैगरी समस्याकथनअन्तर्गत शोधकार्यमा के कस्ता समस्याहरूको सामना गर्नुपर्ने हुन्छ र त्यसको समाधान के कसरी गर्ने भन्ने बारेमा सङ्क्षिप्त विश्लेषण गरिएको छ । कृतिलाई तथ्यपूर्ण ढङ्गले बुझ्न, वस्तुगत आधारमा कुनै उपन्यासको शैलीविज्ञानको विभिन्न पक्षहरूको व्यावहारिक उपयोग गर्न मार्गप्रशस्त गरेकाले यस के कस्तो औचित्य र महत्त्व रहने छ भन्ने बारेमा सङ्क्षिप्त विश्लेषण गरिएको छ । शोधसमस्यालाई कसरी र कुन रूपमा समाधान गर्न सकिन्छ भनेर अनुसन्धानका प्रश्नहरू समावेश गरिएको छ भने यस शोधको सीमाङ्कन के कस्तो रहेको छ भन्ने कुरा उल्लेख गर्दै शोधपत्रमा उल्लेख भएका केही कठिन शब्दावलीलाई परिभाषासहित प्रस्तुत गरिएको छ भने अध्यायको अन्त्यमा शोधको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## सम्बन्धित कार्यको पुनरावलोकन

यस अध्ययनमा शैलीविज्ञानको सैद्धान्तिक अवधारणाअन्तर्गत शैलीको परिचय, सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञानको परिचय, शैलीविज्ञानको विकास, विश्लेषण प्रक्रिया, स्वरूप, बनोट, बुनोट, चयन र विकल्प, अग्रभूमि निर्माणका साथै उत्तरवर्ती प्रवृत्ति शैली विश्लेषण र भाषा शिक्षणका बारेमा व्याख्या गरिएको छ । यसरी गरिएको शैली र शैलीविज्ञानसम्बन्धी व्याख्या तथा विश्लेषणले प्रस्तुत *मारियम मान्छे भई* उपन्यासको यस शोधप्रस्तावमा विभिन्न विद्वान्हरूद्वारा तयार पारिएका पाठ्यसामग्री, शोधको शीर्षकसँग सम्बन्धित विभिन्न लेख, रचना, शोधकार्य, अध्ययनपत्र तथा इमेल र इन्टरनेटको सहयोगमा ती पूर्वकार्यका निष्कर्षहरूलाई आधारमानी तयार पारिनेछ । सम्बन्धित कार्यको पुनरावलोकनलाई सैद्धान्तिक पुनरावलोकन र प्रयोगिक पुनरावलोकन गरी दुई भागमा विभाजन गरी अध्ययन गरिएको छ ।

## सैद्धान्तिक पुनरावलोकन

साहित्यकार राधा पौडेलद्वारा लिखित *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने समस्यामा प्रस्तुत अध्ययन केन्द्रित रहने भएकाले शैलीविज्ञानसँग सम्बन्धित विभिन्न विद्वान्हरूद्वारा लिखित विभिन्न कृतिहरूको समीक्षालाई सैद्धान्तिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

शर्मा (२०४८) द्वारा लिखित *शैलीविज्ञान* नामक पुस्तकमा शैलीविज्ञानको परिचय, साहित्यको आलोचना, क्षेत्र र शैलीविश्लेषण प्रक्रियाअर्न्तगत बनोट, बुनोट, अग्रभूमि निर्माण, विचलन र समानान्तरता आदि शीर्षकहरूमा व्याख्या र विवेचना गरिएको छ । शर्माद्वारा लिखित उक्त पुस्तकमा शैलीलाई सरल र सौन्दर्यबोधक रूपमा प्रस्तुत गरेका छन् । त्यसैले प्रस्तुत शोधकार्यका लागि शैली र शैलीविज्ञान तथा बनोट, बुनोट, अग्रभूमि निर्माण, विचलन र समानान्तरताको बारेमा व्याख्या र विश्लेषण गर्नका लागि अत्यन्त सहयोगी बनेको छ ।

भण्डारी र अन्य (२०६८) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* शीर्षकको पुस्तकमा शैलीविज्ञानलाई ढङ्ग, ढाँचा, परिपाटी, तरिका, रीति, मार्ग, वृत्ति आदिमध्ये कुनै पनि हुन सक्छ भनी अर्थ्याएका छन् । दाहालले उक्त पुस्तकमा शैलीको परिचय, प्रकार, विकास, प्रक्रिया, स्वरूप, संरचना, विकल्प र चयन, अग्रभूमि निर्माण

आदिलाई सरल तरिकाले प्रस्तुत गरेका छन् । उक्त पुस्तकको अध्ययनले प्रस्तुत शोधकार्यमा शैलीविज्ञानको परिभाषा र सैद्धान्तिक आधार तयार गर्न तथा विकल्प, चयन र अग्रभूमि निर्माणको व्याख्या तथा विश्लेषण गर्नको लागि निकै नै महत्त्वपूर्ण सहयोगी बनेको छ ।

पौडेल (२०६९) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू* शीर्षकको पुस्तकमा शैलीविज्ञानको परिचय, सामान्य र साहित्यिक शैलीविज्ञान, शैलीविज्ञानको परम्परागत पद्धतिका बारेमा उल्लेख गरिएको छ । त्यस्तै उक्त पुस्तकमा शैलीविज्ञानको विकासक्रम प्रक्रिया, स्वरूप, संरचना, अग्रभूमि निर्माण र विश्लेषण आदिका बारेमा पनि उल्लेख गरिएको छ । उक्त पुस्तकमा उल्लेख भएका यी कुराहरू प्रस्तुत शोधकार्यसँग सम्बन्धित भएकाले अध्ययनका क्रममा शैलीविज्ञानको सैद्धान्तिक अवधारणा उल्लेख गर्न, अग्रभूमि निर्माण गर्न र व्याख्या तथा विश्लेषण गर्न अत्यन्तै महत्त्वपूर्ण आधार बनेको छ ।

लामिछाने (२०७३) द्वारा लिखित *भाषाविज्ञान र नेपाली भाषा* शीर्षकको पुस्तकमा भाषाको बारेमा परम्परागत तथा वैज्ञानिक अध्ययन, मानवीय भाषाको व्यवस्थापन तथा उक्त भाषाहरूको प्रयोगको तथ्यगत विवेचना, भाषाका परिचय भाषा र भाषिका छुट्याउने आधार, भाषाका विशेषताहरू, पहिलो भाषा र दोस्रो भाषा, भाषिका र व्यक्ति भाषा, भाषिक भेदजस्ता पक्षको समेत वर्णन गरिएको पाइन्छ । उक्त पुस्तकबाट विभिन्न किसिमका भाषाहरू र ती भाषाहरूका शैलीका बारेमा विवेचना गरेकोले यो पुस्तक प्रस्तुत शोधको लागि भाषाको व्याख्या र विश्लेषण गर्न तथा सैद्धान्तिक आधार निर्माण गर्न निकै उपयोगी बनेको छ ।

ढकाल (२०७४) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञान* नामक पाठ्यपुस्तकमा शैलीविज्ञानका बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा शैलीको परिभाषा, प्रकार, विकास पूर्वीय र पश्चिमी परम्परागतमा शैलीको विश्लेषण गरिएको छ । कुनै पनि कृति लेख्ने क्रममा विशेष प्रकारको भाषा वा शैलीको प्रयोग गर्दछ र विशेष प्रकारका ढङ्ग, ढाँचा, सौन्दर्य वा कलात्मक अभिव्यक्ति प्रस्तुत गर्नुलाई नै शैली मानिएको छ । कृतिमा शैलीविज्ञानलाई सरल तरिकाले प्रस्ट्याउने काम गरिएको हुन्छ भनेका छन् । यस पुस्तकको पुनरावलोकनले प्रस्तुत शोधकार्यमा शोध्य उपन्यासको शैलीविज्ञानको विश्लेषण गर्ने आधारहरू उपलब्ध गराउने हुनाले उक्त पुस्तक निकै उपयोगी र लाभदायक बनेको छ ।

## प्रायोगिक पुनरावलोकन

साहित्यकार राधा पौडेलद्वारा लिखित *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने समस्यामा प्रस्तुत अध्ययन केन्द्रित रहने भएकाले शैलीविज्ञानसँग सम्बन्धित विभिन्न शोधार्थीहरूद्वारा तयार गरिएका विभिन्न शोधकार्यहरूको समीक्षालाई प्रायोगिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

अधिकारी (२०७०) द्वारा *बेनामका मानिसहरू कथासङग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । उक्त शोधकार्यमा कथासङ्ग्रहभित्र रहेका बाह्रओटा कथालाई समाविस्ट गरिएको छ । सबै कथाहरू एकदमै राम्रा र सरल प्रकृतिका रहेका छन् भने कथानकको आदि, मध्य र अन्त्य मिलेको, प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेको पाइन्छ । उक्त कथासङ्ग्रहमा नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, संयोजक, निपात र विस्मयादिबोधक शब्दको प्रयोगका साथै सरल, स्पष्ट र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको निष्कर्ष निकालिएको छ । उक्त शोधको अध्ययनबाट प्रस्तुत शोधकार्यमा व्याख्यान विधिलाई प्रमुख विधिका लिँदै कथानकको विश्लेषण, चिन्ह तथा शव्दको अध्ययन गर्न सहयोग पुगेको छ ।

रावल (२०७३) द्वारा *प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन* गरिएको छ । उक्त शोधपत्रमा भाषिक चयनअन्तर्गत शब्दचयन, वाक्यचयन, लेख्न चिन्हको प्रयोग, गद्य र पद्य, उखान र टुक्का स्तरीय र मानक भाषाको प्रयोग, अलङ्कार, छन्द र रसजस्ता काव्यात्मक भाषाको प्रयोग गरिएको, उपन्यासले नेपालमा बसोबास गर्ने मानिसमा राष्ट्रिय सद्भाव बढाउने, गरिमा, महिमा बढाउने, देशको भेषभूषा, रहनसहन, रीतिरिवाज, संस्कृति तथा विभिन्न जातजातिजस्ता पक्षलाई राष्ट्रप्रतिको भाव उजागर गराउने । उपन्यासमा तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक र झर्रा शब्दको उपयुक्त किसिमले चयन गरी नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी निपातजस्ता शब्दहरूको उपयुक्त संयोजन मिलेको पाइन्छ । प्रस्तुत शोधपत्रको अध्ययनबाट गर्न लागिएको शोधकार्यमा भाषिक चयन, उखान र टुक्का, शब्द चयनजस्ता विविध विषयमा जानकारी लिन सहयोगी बनेको छ ।

खतिवडा (२०७४) द्वारा *तीन घुम्ती उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधमा उपन्यासलाई तीन खण्डमा विभाजन गरेको पाइन्छ । आरम्भ, सङ्घर्ष विकास, चरमोत्कर्ष, सङ्घर्ष ह्रास र अन्त्य गरी कथानकलाई

विभाजन गरिएको । पात्रविधानको दृष्टिले हेर्दा प्रमुख, सहायक र गौण पात्रहरूको प्रयोग गरिएको । शब्द चयनअन्तर्गत नाम, सर्वनाम, विशेषण, तत्सम, तद्भव, आगन्तुक, नामयोगी, क्रियायोगी, निपात, संयोजक, झर्रा र आगन्तुक शब्दहरूको प्रयोग गरेको । उपन्यासमा व्याकरणिक चिन्हको व्याकरणिक हिसाबले प्रयोग भएको । सरल, संयुक्त, मिश्र, ईच्छार्थ, प्रश्नार्थ, आज्ञार्थ र सम्भावनार्थक वाक्यको प्रयोग साथै उखान, टुक्का र थेगोको समेत उदाहरणसहित प्रस्तुत गरिएको । विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, अर्थतात्त्विक, भाषिकागत, प्रयुक्तिगत र लेख्य प्रक्रियात्मक विचलनको प्रयोग गरिएको हुनाले यस शोधपत्रको पुनरावलोकनले गर्न लागिएको प्रस्तुत शोधकार्यका लागि अति उपयोगी बनेको छ ।

पौडेल (२०७४) द्वारा *नरेन्द्र दाई उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । यस शोधपत्रमा *नरेन्द्र दाई* उपन्यास को कथानक संरचना आरम्भ, सङ्घर्ष विकास र चरम सङ्घर्ष ह्रास, उपसंहार गरी प्रस्तुत गरिएको । चयनअन्तर्गत नाम, सर्वनाम, विशेषण, तत्सम, तद्भव, आगन्तुक, झर्रा, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपातजस्ता शब्दहरूको उचित प्रयोग गरिएको । यस्तै एकाक्षरी र बहुअक्षरी शब्दहरूको प्रयोग गरिएको । विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, अर्थतात्त्विक, भाषिकगत, प्रयुक्तिगत विचलनको प्रयोग र आन्तरिक र बाह्य गरी समानान्तरताको प्रयोग गरिएको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनले प्रस्तुत शोधकार्यमा कथानक, चरित्रचित्रण, चयन तथा विचलन र भाषिक अवधारणा बनाउन सघाउ पुऱ्याएको छ ।

लामा (२०७५) द्वारा *ऐना कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधकार्यमा भाषिक चयनका आधारमा र विचलनका आधारमा कथासङ्ग्रहको विश्लेषण गरिएको पाइन्छ । भाषिक चयनअन्तर्गत शब्दचयनभित्र नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, निपात, विस्मयादिबोधक, संयोजक, नामयोगी, अनुकरणात्मक शब्द, तत्सम, तद्भव र आगन्तुक शब्दको व्याख्या र विश्लेषण गरिएको छ भने वाक्यचयनअन्तर्गत सरल, मिश्र र संयुक्त वाक्यको व्याख्या र विश्लेषण गरिएको छ । यसका साथै विचलनअन्तर्गत कोशीय विचलन, व्याकरणिक विचलन, अर्थतात्त्विक विचलन, ध्वनि प्रक्रियात्मक विचलन, प्रयुक्ति विचलन, लेख्यप्रक्रियात्मक विचलन, भाषिक विचलनको ब्याख्या तथा वितरण गरिएको छ भने समानान्तरका आधारमा बाह्य र आन्तरिक

समानान्तरताको व्याख्या तथा विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा शब्द तथा वाक्य चयनका साथै व्याकरणिक चिन्हहरूको उदाहरणसहित विश्लेषण गरिएको हुनाले यस शोधपत्रलाई उद्देश्यमूलक, तथ्यपरक बनाउन अत्यन्त सहयोगी बनेको छ ।

सुनार (२०७७) द्वारा *फेब्रुअरी १४ उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त उपन्यासमा प्रेम प्रसङ्ग र प्रेम दिवसलाई मुख्य विषयवस्तु बनाइएको छ । उपन्यासका पात्रहरूले प्रयोग गर्ने भाषिका चयनलाई आधार मानिएको, भाषिक चयनमा तत्सम, तद्भव, आगन्तुक, नामपद, सर्वनाम, विशेषणपद, क्रियापद, नामयोगी, क्रियायोगी र संयोजक पद, सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग तथा पूर्णविराम, अर्धविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयादिवोधक, उद्धरण र लेख्य चिन्हको प्रयोग, उखान र टुक्का प्रयोगलाई आधार मानिएको छ । अग्रभूमि निर्माणअन्तर्गत विचलन र समानान्तरता, कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन, भााषिक विचलन एवम् बाह्य र आन्तरिक समानातरताजस्ता पक्षलाई आधार मानी उपन्यासको व्याख्या र विश्लेषण गरिएको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनबाट प्रस्तुत शोधपत्रमा भाषागत संरचना र निर्माण कार्य गर्न सहयोग पुगेको छ ।

सुवेदी (२०७७) द्वारा *प्रेमदासको डायरी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त उपन्यासलाई कथागत, पात्रगत र भाषागत आधारमा छुट्टाछुट्टै विश्लेषण गरिएको छ । उक्त शोधमा कथानकलाई आरम्भ, सङ्घर्ष, विकास, सङ्घर्ष ह्रास र उपसंहार गरी पाँच भागमा प्रस्तुत गरिएको छ । शोधार्थीले उपन्यासको पात्रगत स्थितिलाई हेर्दा यसमा प्रमुख पात्र, सहायक पात्र र गौण पात्र गरी तीन भागमा विभाजन गरेकी छन् । उनले उक्त उपन्यासमा शब्दचयनअन्तर्गत तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक, नामपद, सर्वनाम पद, क्रियापद, निपातको उदाहरणसहित प्रस्तुत गरेकी छिन् । उक्त शोधको पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा कथानकको व्याख्या तथा विश्लेषण गर्नुका साथै भाषालाई चयन, विचलन र समानान्तरताका आधारमा व्याख्या विश्लेषण गर्न सहयोगी बनेको छ ।

शर्मा (२०७७) द्वारा *खलङ्गामा हमला कृतिको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त शोधकार्यमा *खंलगामा हमला* कृति पूर्वदीप्ति शैलीमा लेखिएको र प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको उल्लेख गरिएको छ । उक्त शोधमा

तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक, नामपद, क्रियापद, क्रियाविशेषण सर्वनाम, निपात, प्रतीकात्मक वा सङ्केतात्मक शब्दको प्रयोग, विस्मयादिबोधकजस्ता चिह्नको प्रयोग गरिएको निष्कर्ष निकालेकी छिन् । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्यलाई आवश्यक विभिन्न सामग्रीहरू सङ्कलन गर्नका लागि निकै नै सहयोग पुऱ्याएको छ ।

विष्ट (२०७८) द्वारा *डाँफेदूत खण्डकाव्यमा अग्रभूमि निर्माणको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधपत्रमा *डाँफेदूत* खण्डकाव्यमा अवलम्बन गरिएको अग्रभूमि निर्माणको अध्ययन र विश्लेषण गर्दै शोधार्थीले उक्त काव्यमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, अनुष्टुप, उपजाति र शिखरिणी गरी पाँच शास्त्रीय छन्दमा रचिएको छ भनेका छन् । यस काव्यमा सामान्य घरायसी कुरालाई अर्थतात्त्विक विचलनका माध्यमबाट विशिष्ट, संवेदनशील, मार्मिक र सुन्दर तरिकाले प्रस्तुत गरिएको छ भन्दै यस काव्यमा व्याकरणिक विचलनको पनि निकै प्रयोग भएको छ । मुख्यतः पदक्रम, विचलन, अत्यधिक र सीमित मात्रामा लिङ्गगत विचलन, वचनगत विचलन, आदर विचलन, कारक विचलन र विभक्ति विचलनको प्रयोग भएको छ । काल, पुरुष, भिन्न, शब्द, पदावली, उस्तै अर्थ र भाव जनाउनका लागि आवृत्तिपूर्ण प्रयोग गरिएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको अध्ययनबाट प्रस्तुत शोधकार्य गर्ने क्रममा अग्रभूमि निर्माण र विचलनको बारेमा जानकारी प्राप्त बनेको छ ।

खत्री (२०७९) द्वारा *प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । पात्रगत संरचनाका हिसाबले उक्त उपन्यास सबल रहेको । उपन्यासमा धेरै थरीका पात्रहरूको चरित्र रहेको छ । प्रस्तुत शोधमा युवा वर्गको प्रेम र परिवार, समाजको यथार्थतामा आधारित भएकोले यहाँ पात्र पनि सोहीअनुसार रहेका छन् । पात्रहरूलाई तिनीहरूको स्वभाव, प्रवृत्ति, लिङ्ग, कार्य, जीवनचेतना, आबद्धताका आधारमा विश्लेषण तथा वर्गीकरण गरिएको छ । उक्त उपन्यासमा भाषिक संरचनाका सन्दर्भमा तत्सम, तदभ्व, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दहरूको सही प्रयोग भएको र नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी वा क्रियाविशेषण, निपात, विस्मयादिबोधक शब्दको प्रयोगले यो उपन्यास अझ सुन्दर र सरल बनेको निष्कर्ष निकालिएको छ । यो शोधकार्यको अध्ययनबाट चयन, विचलन र समानान्तरको अध्ययन र विश्लेषणको आधारमा प्रस्तुत गर्न अति उपयोगी बनेको छ ।

बराल (२०७९) द्वारा *कोरियाना कफी गफ उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त उपन्यास उत्तरआधुनिक शैलीमा लेखिएको यात्रासंस्मरणात्मक उपन्यास हो । प्रस्तुत शोधपत्रका अनुसार उपन्यासमा फरकफरक शैलीको प्रयोग गरेको । तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक र झर्रा शब्दको चयन, अधिक मात्रामा आगन्तुक शब्दहरूको प्रयोग भएको, एक शब्दे र दुई शब्दे वाक्यहरूको अधिक प्रयोग गरिएको । सरल वाक्य, मिश्रवाक्य र संयुक्त वाक्यहरूको पनि प्रयोग उत्तिकै मात्रामा प्रयोग गरिएको । मानवीय संवेगहरूमा हर्ष, विस्मात्, आश्चर्य, वाक्यको पूर्णताको भाव प्रस्ट्याउन लेख्य चिन्हको उचित रूपमा प्रयोग गरी उपन्यासलाई सुन्दर बनाएको । कोशीय, व्याकरणित अर्थवातात्त्विक, भाषिक, ध्वनि प्रक्रियात्मक, प्रयुक्तिगत विचलनको प्रयोगले कृति उत्कृष्ट भएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको अध्ययनबाट प्रस्तावित शोधकार्यको लागि शब्द चयन, लेख्य चिन्हको प्रयोग गर्न, विचलनको व्याख्या गर्न र शैलीको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न उपयोगि बनेको छ ।

यसरी शैलीवैज्ञानिक पक्षलाई आधार मानेर गरिएको विभिन्न अध्ययन र अनुसन्धानको प्रयोजन फरकफरक रहेको पाइन्छ । विभिन्न समयमा गरिएका कृतिहरूको शैलीवैज्ञानिक अध्ययनमा पात्रहरूको वर्गीकरण शैलीवैज्ञानिक आधारमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, आबद्धता र आसन्नताजस्ता आधारलाई आत्मसात् गरी पात्रहरूको चरित्रचित्रण गरेको पाइन्छ । कुनै अनुसन्धानकर्ताले आफ्नै क्षमतालाई अवलम्बन गरी आख्यानको परिचय र प्रवृत्तिलाई समेत उल्लेख गरिएको पाइन्छ भने कसैले शैलीविज्ञानका परिचय, कथानक, पात्रको चरित्रचित्रण र भाषालाई मात्र अध्ययन रअनुसन्धानको आधारमा अध्ययन विश्लेषण गरेको पाइन्छ । यी शोधपत्रको अध्ययनबाट प्रस्तुत शोधपत्र तयार पार्न पूर्णरूपमा सहयोग पुऱ्याउने अपेक्षा गरिनुका साथै समय अनुकूल, उपयुक्त र सान्दर्भिक बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ । यी शोधका पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा शैलीवैज्ञानिक आधारमा पात्रहरूको चरित्रचित्रण प्रस्तुत गर्न, शैलीविज्ञानको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न सहयोग पुऱ्याउने देखिन्छ ।

### अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग

*मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा शैलीविज्ञानसँग सम्बन्धित भएर आख्यानमा शोधपत्रहरू तयार भएको पाइन्छ । यस्ता शोधपत्रहरूका

सहयोगले विवेच्य कृतिको शैलीवैज्ञानिक अध्ययन गरी आफ्नो शोधकार्यलाई अघि बढाउन सहयोग प्राप्त हुन्छ । यस्ता पूर्वकार्यहरू नै शोधको आधार बन्न जान्छन् । पूर्वकार्यको अनुप्रयोगले शोधार्थीलाई विभिन्न कार्यहरू गर्न सहयोग पुऱ्याउनेछ, जस्तै : समस्या पहिचान गर्न, सिद्धान्त प्रस्तुत गर्न, अवधारणा स्पष्ट पार्न, परिभाषा दिन, पुनरावृति हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन, उत्कृष्ट र नवीन विधिको प्रयोग गर्न, विश्लेषणात्मक आधारहरू खोज्न सहज गराउने छ । त्यसैले प्रस्तुत पूर्वकार्यको पुनरावलोकनले निश्चित मार्गदर्शन प्रदान गरी गर्न लागिएको कार्यलाई पूर्णता दिन सहयोग पुऱ्याएको छ ।

## शैलीविज्ञानको सैद्धान्तिक अवधारणा

कुनै पनि काम गर्ने ढङ्ग, ढाँचा वा विधिलाई शैली भनिन्छ । हाम्रो गाउँ, समाजमा थुप्रै प्रकारका मानिसहरूको बसोबास रहेका छन् । ती बहुभाषिक र बहुजाति मानिसहरूले आफ्ना कुराहरू राख्नका लागि भाषाको प्रयोग गर्छन् । भाषा प्रयोग गर्ने व्यक्तिपिच्छे फरकफरक शैली हुन्छन् । कुनै पनि कृतिमा प्रस्तुत गरिएका विषयवस्तुलाई लेखकद्वारा के कसरी प्रस्तुत गरिएको छ भन्ने कुरा केलाउनु वा हेर्नु पनि शैली हो । सबै कृतिकार, लेखक वा साहित्यकारले कृतिको कथानकअनुसार वा परिवेशअनुसार लेखनमा फरकफरक शैली प्रयोग भएको पाइन्छ । लम्साल र अधिकारी (२०६९) ले प्रसिद्ध पाश्चात्य विद्वान् रोनाल्ड कार्टरको "शैलीविज्ञान भाषिक विविध रूपका अध्ययन गरिने भाषाविज्ञानको प्रयोगलाई भनिन्छ । यो विशेषतः लेखकहरूले गर्ने छनोट प्रक्रियाको विश्लेषणसँग सम्बन्धित हुन्छ" (पृ. ९० मा उद्धृत) भनेका छन् भनी उल्लेख गरेका छन् । यसैगरी भण्डारी र अन्य (२०६८) ले पनि शैलीको बारेमा "सामान्य अर्थमा यसलाई बाह्य गतिविधिको ढङ्ग, ढाँचा वा तरिकाको रूपमा बुझ्न सकिन्छ । भाषिक अर्थमा अभिव्यक्तिका तरिकाहरूको अध्ययन गर्ने शास्त्रका रूपमा लिन सकिन्छ । सर्वप्रथम शैलीको प्रयोग पश्चिममा भएको पाइए तापनि यो शैली र पूर्वमा प्रयोग भएको शैलीमा भिन्नता रहेको पाइन्छ" (पृ. २५) भनेका छन् । यी दुई परिभाषालाई दृष्टिगत गर्दा कुनै पनि साहित्यिक शैलीको मूल आधार भाषा हो र त्यही भाषा प्रयोग गर्ने विशेष ढङ्ग, ढाँचा, तौरतरिका, सौन्दर्य नै कला वा शैली हो । यसका साथै पूर्वीय साहित्य र पश्चिमी साहित्यको क्षेत्रमा पनि शैली प्रयोगमा भिन्नता रहेको छ भन्ने कुरा प्रस्ट हुन्छ । विषयवस्तुको प्रकृति र त्यसले भन्न खोजेको भावका आधारमा पनि शैलीमा भिन्नता आउँछ । शैलीलाई लेखकको बानी, व्यहोरा, विचार, भावना र बौद्धिकताले असर पार्दछन् । यसैगरी शैलीको बारेमा भण्डारी र अन्य (२०६८) ले आफ्नो धारणा

"संस्कृतको 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको व्युत्पादन भएको हो । यही 'शील' शब्दमा 'ई' प्रत्यय लागेर 'शैली' शब्द निर्माण भएको हो । अङग्रेजीको 'स्टाइल' शब्दको नेपाली रूपान्तरण नै 'शैली' हो" (पृ. २४) भनेर प्रस्तुत गरेका छन् । यी भनाइहरूलाई दृष्टिगत गर्दा शैली भनेको ढङ्ग, ढाँचा, रीति वा तरिका भन्ने हुन्छ । कुनै काम गर्ने विचार व्यक्त गर्ने ढङ्ग, ढाँचा वा तरिकालाई नै शैली भनिन्छ । शैलीलाई साहित्यशास्त्रमा भाव अभिव्यक्तिको पद्धति, लेखकको अभिव्यञ्जना पद्धति र उसको वैयक्तिक विशिष्टता, आचार, विचार, व्यवहारको ढङ्ग, ढाँचा बोलाई वा कुराकानीको तरिकाजस्ता अर्थमा बुझ्न सकिन्छ । शैली शब्दको उत्पत्ति, व्युत्पादन र शैलीले साहित्यको आवरण पक्षलाई बुझाउँछ । त्यसैले शैली साहित्यको समग्र अभिव्यक्तिको ढाँचा नै शैली हो भन्न सकिन्छ । त्यसैगरी अर्का विद्वान् पौडेल (२०६९) ले भनेका छन् :

> 'शैली' प्राचीन कालदेखि नै बहुप्रचलित अवधारणा मानिन्छ । 'शील्' धातुबाट निर्मित शैलीको अर्थ ढङ्गढाँचा, परिपाटी, तरिका, रीति, मार्ग, वृत्ति आदिमध्ये कुनै पनि हुनसक्छ । पाश्चात्य जगत्मा ल्याटिन भाषाको 'स्टिलस' शब्दबाट 'स्टाइल' शब्द बनेको पाइन्छ, जसको अर्थ अभिव्यक्तिको प्रकार भन्ने हुन्छ । कुनै पनि साहित्यिक शैलीको मूल आधार भाषा हो र त्यही भाषा प्रयोगको चमत्कार विशेष, प्रवृत्ति विशेष र छनक विशेषका ढङ्गढाँचा, सौन्दर्य वा कला नै शैली हो, शैलीविज्ञानका दृष्टिमा साहित्यिक शैली चयन, मानकबाट विचलन, अन्तर्वाक्यीय वैशिष्ट्य र अतिरिक्त प्रभावकारी तत्त्व हो । मानिसले भाषापिच्छे शैली प्रयोग गरी आफ्ना कुराहरू राख्दछन् तर विकासक्रमको आधुनिक मोडहरूका साथै विकसित विभिन्न भाषावैज्ञानिक क्षेत्रमा वर्ग, उपवर्गले भाषाको अध्ययन भाषावैज्ञानिक पद्तिबाट शैलीगत रूपमा भाषाको प्रयोग गरिन्छ । (पृपृ. ३४-३५)

भाषामा शैलीविज्ञान शब्दका प्रथम प्रयोक्ता चार्ल्स बाली हुन् । फ्रान्सबाट सुरु भएको सामान्य शैलीविज्ञानको सुरुवात रुस, प्राग, कोपनह्यागेन हुँदै युरोपका अन्य देश र अमेरिकामा साहित्यिक शैलीविज्ञानको रूपमा विकास भएको देखिन्छ । पौडेल (२०६९) ले शैलीविज्ञानको सम्बन्धमा प्रसिद्ध भाषाशास्त्री याकोब्सनको परिभाषा "साहित्यप्रति बहिरा बनेका भाषावैज्ञानिक र भाषाविज्ञानप्रति उदासिन साहित्यशास्त्री दुबै नै समान रूपमा आफ्ना समयदेखि निकै पछाडि परेका छन्" (पृ. ३५) बाट शैलीविज्ञानको परिभाषाको उदाहरण पेश गरेका छन् । यस्तै मोहनराज शर्माले पौडेल (२०६९) को कथन "रचनाकारको

त्यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाईहरूको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिले विचलन हुन्छ" (पृ. ३४ मा उद्धृत) भन्ने कुरा प्रस्तुत गरेका छन् । यसरी विभिन्न विद्वान्हरूको परिभाषाअनुसार शैलीविज्ञान भाषाविज्ञानको महत्त्वपूर्ण शाखा हो, जसले साहित्यिक रचनाको भाषावैज्ञानिक पद्दतिबाट विशिष्ट र सूक्ष्म अध्ययन तथा विश्लेषण गर्नुका साथै यो नितान्त वस्तुपरकता र कृतिकेन्द्रिततामा निर्भर रहन्छ । शैलीविज्ञान भाषाका विविध प्रयोगहरूको अध्ययन र विश्लेषणमा केन्द्रित रहन्छ । शैलीविज्ञानले भाषावैज्ञानिक आधारमा अभिव्यक्तिको शैलीगत अध्ययन गर्दै साहित्यिक कृतिको संरचना, बनोट आदिलाई अध्ययन गर्दै त्यसको अध्ययन र विश्लेषणद्वारा त्यसमा अन्तर्निहित कला, सौन्दर्य र साहित्यिकताको उद्घाटन गर्दछ ।

## शैलीविज्ञानको परम्परागत पद्धति

भाषाको सहयोग लिएर कुनै पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन गर्ने विधालाई शैलीविज्ञान भनिन्छ । शैलीविज्ञानलाई परापूर्वकालदेखि नै प्रचलनमा ल्याइएको थियो । प्राचीन समयमा साहित्यिक शैलीलाई कुन रूपमा हेरिन्थ्यो र त्यसको व्याख्या, विश्लेषण र अनुसन्धान कसरी गरिँदै आएको थियो भन्ने विषयमा अध्ययन गर्नुलाई शैलीविज्ञानका परम्परागत पद्धति भनिन्छ । शैलीको परम्परागत सन्दर्भलाई दृष्टिगत गर्दा पूर्वमा *ऋग्वेद* र पश्चिममा अरस्तुको *काव्यशास्त्र*मा नै भाषाशैलीका बारेमा चर्चा गरेको पाइन्छ । यी दुवै पद्धतिको ऐतिहासिक परम्परालाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

### पूर्वीय परम्परा

भाषाको सहयोग लिएर कुनै पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन गर्ने विधालाई शैलीविज्ञान भनिन्छ । संस्कृत भाषामा विकसित साहित्यिकपरम्परा नै पूर्वीय साहित्यको केन्द्रबिन्दु  मानिन्छ । भाषाका आधारमा साहित्यको अध्ययन गर्ने पुरानो परम्परा हो, अलङ्कार, रीति, वक्रोक्तिजस्ता सिद्धान्तहरूको काव्यमा भूमिका हुन्छ भनेर पूर्वीय आचार्यहरूबाट स्वीकारिएको पाइन्छ । शैलीविज्ञानका सम्बन्धमा प्राचीन ग्रन्थ *ऋग्वेद*मा पनि चर्चा गरिएको पाइन्छ । वामनको *काव्यलङ्कारसूत्रवृत्ति* कृति पूर्वीय शैलीविश्लेषणको व्यापक भाषावैज्ञानिक विवेचनाको आधारशीला हो जसमा पश्चवर्ती अन्य सिद्धान्तग्रन्थहरू निर्मित भएका छन् । पूर्वीय साहित्यमा शैलीको बारेमा भण्डारी र अन्य (२०६८) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> *संस्कृत काव्यशास्त्र*का प्रथम समीक्षक भरतमुनिले आफ्नो प्रसिद्ध ग्रन्थ *नाट्यशास्त्र*मा वृत्तिको रूपमा शैलीको चर्चा गरेका छन् । आचार्य भामहले काव्यको परिभाषामा नै "शब्दार्थ सहितौं काव्यम्" भन्ने वाक्य प्रयोग गरी काव्यको आत्माको रूपमा शैलीलाई स्वीकार गरेको पाइन्छ । भामहले प्रतिपादन गरेको अलङ्कारवादको मुख्य योगदान नै शैली पक्षलाई साहित्यमा प्राथमिकता दिनु हो । उनीपछि अन्य अलङ्कारवादी, रीतिवादी एवम् वक्रोक्तिवादी सिद्धान्तहरू विकसित हुँदै गए । भामहले अलङ्कारलाई व्यापक बनाएर रस र भाव दुवैलाई समावेश गरेका थिए । (पृ. २८)

यो भनाइको अर्थ शब्दार्थको सन्तुलित उपयोग गर्नुलाई काव्य लेखनको शैली मान्न सकिन्छ र यसो गर्दा राम्रो काव्य तयार हुन्छ भन्ने रहेको छ । यसैगरी ढुङ्गेल (२०६८) ले प्राचीन पूर्वीय परम्पराको बारेमा आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन :

> विश्वनाथले रसात्मक शैलीयुक्त वाक्यलाई काव्य मानेको र जगन्नाथले रमणीय अर्थ प्रदान गर्ने शब्द र शैलीलाई काव्य मानेको पाइन्छ । भाषाको संरचनात्मक नियमभन्दा पनि औचित्यको नियम काव्य भाषामा महत्त्वपूर्ण हुने कुरा क्षेमेन्द्रद्वारा *औचित्यवाद*मा उल्लेख गरेको पाइन्छ । उनले २७ वटा औचित्यको उल्लेख गरेर तीनको व्याख्या गरी भाषासंरचनाका सन्दर्भमा क्रिया, कारक, लिङ्ग, वचन, पुरूष, नाम, विशेषण, उपसर्ग, निपात, काल, स्थानपद, वाक्य, अलङ्कार गुण आदिका आधारमा काव्य भाषाको विवेचना गर्ने भाषिक शैलीको वस्तुनिष्ठ र व्यवस्थित अध्ययनका लागि बलियो आधार तयार पारिदिएका छन् । (पृ. ९८)

यसरी पूर्वीय शैलीविज्ञान परम्परामा उल्लेखित साहित्यशास्त्रीहरूले आआफ्नो ठाउँबाट महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । काव्य भाषामा भाषावैज्ञानिक पद्धतिबाट सौन्दर्य शास्त्र अध्ययन गर्ने परम्परा पूर्वीय शैलीविज्ञानमा पाइन्छ । पूर्वीय शैलीविश्लेषण परम्परा धेरै हदसम्म आधुनिक विज्ञानसँग निकट रहेको पाइन्छ ।

**पाश्चात्य परम्परा**

पाश्चात्य साहित्य परम्परामा शैलीको बारेमा सामान्य चर्चा अरस्तुपूर्व नै भएको पाइए तापनि यसको खास चर्चा भने अरस्तुले नै गरेको पाइन्छ । भण्डारी र अन्य, (२०६८) ले "ग्रिसका दार्शनिक अरस्तुले आफ्नो ग्रन्थ *पोयटिक्स*मा काव्यगुणको खोजी गर्दा शैलीको

पनि चर्चा गरेका छन् । प्राचीन कालमा पूर्वमा जसरी पश्चिमी साहित्यमा शैलीको त्यति धेरै चर्चा भएको पाइँदैन तर आधुनिक शैलीविज्ञानको विकासमा भने पश्चिमीहरूको ठूलो योगदान रहेको देखिन्छ (पृ. ३०) भनी पाश्चात्य परम्पराको व्याख्या गरेको छन् । अरस्तुको पालामा भाषणकला र लेखनकलाको रूपमा शैलीलाई हेरिन्थ्यो र विचारको गहनतालाई नै शैली मानिन्थ्यो । यसैगरी ढुङ्गेल र दाहाल (२०६८) ले पनि "अरस्तुले शैलीको चर्चा आफ्नो ग्रन्थ *पोयटिक्स*मा कथानक, रङ्गविद्यान, चरित्र र कार्यशैली आदिको व्याख्या विश्लेषण गर्दै शैलीविज्ञानलाई वस्तुपरकता प्रदान गरेको पाइन्छ" (पृ. ९९) भनेका छन् ।

शैलीविज्ञानको बारेमा चम्स्की, ह्यालिडे, पाइक, ल्याम्ब आदिका विचारले शैलीविज्ञानको विकासमा मद्दत पुगेको देखिन्छ । यस क्षेत्रमा साहित्यको शैलीविज्ञानका बारेमा चलिआएका परम्पराको बारेमा गौतम (२०६१) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> पाश्चात्य साहित्यमा पनि ग्रीकहरूको समयदेखि नै शैलीसम्बन्धी चर्चा हुने गरेको पाइन्छ । पश्चिममा साहित्यसम्बन्धी पूर्वमा जति विश्लेषण नपाइए पनि आधुनिक शैलीविज्ञानको विकासमा पश्चिमी मुलुकको पनि ठूलो देन भएकाले पश्चिमी शैलीविश्लेषणको इतिहासलाई केलाउनुपर्ने हुन्छ । ग्रीक दार्शनिक एरिस्टोटलले आफ्नो ग्रन्थ *पोइटिक्स*मा काव्यका गुणहरूको खोजी गर्ने क्रममा शैली पक्षको पनि चर्चा गरेका छन् । ग्रीसकै डायनोसियस थ्रयाक्सले पनि शैलीसम्बन्धी चर्चा गरेका छन् । त्यसपछि डिमिट्रियसले *अन स्टाइल* शीर्षकको पुस्तकमा शब्द प्रयोग र शब्द विन्यासको साथै भाषा लाघवसम्बन्धी चर्चा गरेका छन्, त्यस्तै अर्का विद्वान् क्विन्टिलियनले सामान्य वाक्य योजनालाई तोडेर मात्र साहित्यमा सङ्गति र सम्बद्धता ल्याउन सकिन्छ भन्ने मान्यता राखे । ग्रीक र रोमन युगहरूपछि विभिन्न नयाँ सिद्धान्त र प्रारूपहरूमार्फत् केही रूपमा शैलीको चर्चा चले पनि बीसौँ शताब्दीअघि पश्चिममा खासै शैलीसम्बन्धी चर्चा चलेको पाइँदैन । शैलीसम्बन्धी चर्चा गर्ने अङ्ग्रेजीमा टि.एस. इलियट र आइ.ए. रिचर्डसजस्ता विद्वान्हरू चर्चित छन् (पृ. २४) ।

माथिका भनाइहरूलाई हेर्दा प्राचीन ग्रीक तथा रोमका काव्यवेत्ताहरूले पनि रीति, शैली र अलङ्कारको विवेचना गरे पनि पूर्वीय परम्परामा जस्तो पश्चिममा पहिले शैलीको

खासै चर्चा नभएको र पछि चम्स्की, ह्यालिडे, पाइक, ल्याम्ब आदिका विचारधाराले शैलीविज्ञानको विकासमा मद्दत पुगेको देखिन्छ ।

भाषाका आधारमा साहित्यको अध्ययन गर्ने पुरानो परम्परा हो, अलङ्कार, रीति, वक्रोक्तिजस्ता सिद्धान्तहरूको काव्यमा भूमिका हुन्छ भनेर पूर्वीय आचार्यहरूबाट स्वीकारिएको पाइन्छ भने पश्चिममा प्राचीन ग्रीक तथा रोमका काव्यवेत्ताहरूले पनि रीति, शैली र अलङ्कारको विवेचना गरेका छन् । अरस्तुपछि डायनोसियसले भाषाका सम्पूर्ण तहहरूमा शैलीलाई खोज्ने प्रयास गरेको पाइन्छ । उनले वर्णहरूमा सङ्गीतात्मक शैलीको अन्वेषण गर्नुका साथै शब्द संयोजनसम्बन्धी अनुसन्धान गरेर शैलीलाई भाषा विश्लेषणका रूपमा लिन खोजेको देखिन्छ तर सुव्यवस्थित मापदण्ड तयार गर्न भने नसकेको देखिन्छ ।

## भाषाशिक्षण र शैलीविज्ञानको सम्बन्ध

सामान्य अर्थमा भाषाको शिक्षण नै भाषाशिक्षण हो । भाषाशिक्षणले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सँग सम्बन्धित रही कुनै पनि कृतिमा निहित विषयवस्तुको भाव वा विचार अभिव्यक्त गर्ने ढङ्ग, ढाँचा वा तरिकाको अध्ययन र विश्लेषण गर्ने कार्य नै शैलीविज्ञान हो । साहित्यका विविध विधा (कथा, कविता, निबन्ध, उपन्यास, जीवनी आदि) का कृतिहरूको अध्ययन र विश्लेषण शैलीविज्ञानअन्तर्गत पर्दछ । । सिकारुका भाषिक व्यवहारलाई अपेक्षाअनुकूल बनाउन भाषाशिक्षण गर्नुपर्छ, जसका लागि भाषाशिक्षण गर्ने शैलीमा उक्त सीपहरू भरपर्ने हुँदा प्रयोग गरिने भाषाशैली समयानुकूल र सन्दर्भपरक हुन जरुरी छ । जसले गर्दा भाषाशिक्षण सिकाइ क्रियाकलापमा सफलता हासिल गर्न सकिन्छ । मौखिक अभिव्यक्तिलाई सुरक्षित राख्न लेख्य प्रतीकको अनिवार्य हुन्छ र यही अनिवार्यतालाई पूर्णता दिई भाषालाई विशिष्ट तुल्याउन शैलीविज्ञानको आवश्यकता पर्दछ । यही अभिव्यक्ति र कथ्यलाई पूर्णता दिई उद्देश्यमूलक बनाउनको लागि शिक्षण सिकाइ क्रियाकलापमा प्रस्तुत गरिने भाषा र शैलीको बीचमा तालमेल मिलेको खण्डमा कुनै पनि साहित्यिक कृति उत्कृष्ट बन्न पुग्दछ । जसलाई भाषाशिक्षण गर्ने शिक्षकहरूले शैलीका माध्यमबाट उक्त कुराहरू विद्यार्थी समक्ष प्रस्तुत गर्न सक्नु पर्दछ । भाषाको अभावमा विचारको आदानप्रदान हुन सक्दैन, त्यसैले भाषालाई प्रस्तुत गर्न शैलीको आवश्यकता पर्दछ ।

भाषाशिक्षण र शैलीविज्ञानको सम्बन्ध बुझाउने क्रममा पौडेल (२०६९) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> शैलीविज्ञानमा भाषाका प्रकार्यहरूको अध्ययन हुने भएकाले भाषाशिक्षणमा सम्प्रेषणात्मक वा प्रकार्यात्मक पद्धतिअनुरूपको पाठ्यक्रम निर्माण, विषयवस्तु/पाठ्यवस्तु छनोट, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाहरूको छनोटमा महत्त्वपूर्ण सहयोग र भाषिक एकाइहरूको सम्प्रेषणात्मक/प्रकार्यात्मक सन्दर्भमा कसरी प्रयोग हुन्छ भन्ने सुझबुझ यसले दिन्छ । शैलीवैज्ञानिक विश्लेषणले कुनै पनि भाषिक अभिव्यक्तिसम्बन्धी कृति वा सङ्कथनहरूको बोध गर्न मद्दत पुऱ्याउँछ । भाषाका सम्प्रेष्य तत्त्वहरूको प्रभावकारी उपयोगसम्बन्धी सुझको विकासमा शैलीविश्लेषण प्रक्रियाले उपयुक्त मद्दत पुऱ्याउँछ । शैलीविश्लेषण प्रक्रियाले एकातिर कृतिविशेषका भाषिक सामग्रीहरूको वस्तुपरक व्याख्या विश्लेषण गर्न र वैज्ञानिक समीक्षण गर्ने सीप विकास गरी निष्कर्ष र अर्थ प्रवाहित गर्न सहयोग पुऱ्याउँछ । (पृपृ. ५९-६०) ।

यस कथनबाट भाषाविज्ञानमा भाषाका प्रकार्यको अध्ययन भई त्यहीअनुरूप पाठ्यक्रम निर्माण, पाठ्यवस्तु छनोट, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाको छनोटमा सहयोग पुग्ने हुँदा भाषाविज्ञान र शैलीविज्ञान एकआपसमा सम्बन्धित रहेको छ भनी बुझ्न सकिन्छ ।

शिक्षणसिकाइ क्रियाकलाप जटिल कार्य भएको हुँदा जटिल कार्यलाई पनि सहज, सरल र अपेक्षाअनुकूल बनाउन शिक्षण सिकाइ क्रियाकलापमा संलग्न शिक्षकले प्रयत्नशील भएर लागि परेको खण्डमा भाषा सिकाइ सहज बन्न पुग्दछ । जसमा उसले प्रयोग गर्ने भाषाशैलीले अहम् भूमिका खेल्ने गर्दछ । भाषाशैली परिवर्तनशील र व्यावहारिक खालको हुनु पर्दछ । शिक्षण सिकाइ क्रियाकलापलाई उद्देश्यमूलक बनाउन भाषाशैलीको नै भूमिका हुने हुँदा सिकाइकार्यमा सरिक भएका शिक्षकहरूले यस कुरामा ध्यान दिनु पर्दछ, तब मात्र शिक्षण सिकाइ कार्य सफल र उद्देश्यमूलक बन्न जान्छ । अतः यसै आधारमा हामी भाषाशिक्षण र शैलीविज्ञानको बीचमा एकआपसमा सम्बन्ध छ भन्न सक्छौँ ।

## शैलीविज्ञानको अन्य विधासँग सम्बन्ध

साहित्यको हरेक विधासँग शैलीविज्ञानको सम्बन्ध रहेको हुन्छ । साहित्यका विविध विधा कथा, कविता, निबन्ध, जीवनीसँग जोडिएको शैलीविज्ञानले साहित्यको कलात्मक र सौन्दर्यबोधक पक्षहरूको विश्लेषण गरेको हुन्छ । कथा विधामा कथालाई कस्तो शैलीद्वारा वर्णन गरिएको छ भनेर छुट्याउने काम शैलीले गर्छ । त्यस्तै कविले शैलीबिनाको कविता

प्रस्तुत गर्न सक्दैनन् । शैलीद्वारा नै कवितालाई लयात्मक ढाँचामा बाँध्न सकिन्छ । निबन्ध र जीवनीसँग पनि शैलीविज्ञानको सम्बन्ध रहेको हुन्छ । हरेक विधाभित्र लुकेर रहेका सौन्दर्यबोधक तत्त्वहरूको पहिचान गरी बाहिर ल्याउने काम पनि शैलीविज्ञानले गर्दछ । साहित्यका विशिष्ट एवम् साहित्यका प्रयुक्त पद, पदावली तथा घटक, उपघटकहरूको जानकारी लिई आफ्नो पनि शैली परिष्कारमा शैलीविज्ञानले सहयोग पुऱ्याउँछ । त्यसैले कुनै पनि विधाका लागि शैलीविज्ञानको सम्बन्ध महत्त्वपूर्ण र नङमासुको जस्तो समुधुर सम्बन्ध हुन्छ ।

## शैलीविश्लेषण प्रक्रिया

कुनै पनि साहित्यिक कृतिको अध्ययन तथा विश्लेषण गर्ने आधारहरूको प्रक्रियालाई नै शैलीविश्लेषण प्रक्रिया भनिन्छ । कुनै पनि साहित्यिक कृतिको आधारभूत सामग्री भाषा हो र यसको रूप सौन्दर्यात्मक शैली संयोजनबाट नै साहित्यिक संरचनाको रूपमा लेखकले आफ्ना कृतिहरूमा प्रस्तुत गरेका हुन्छन् । यसै कुरालाई प्रस्ट पार्दै पौडेल (२०६९) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> शैलीविज्ञानले कुनै पनि साहित्यिक कृतिलाई एक स्वतन्त्र र स्वायत्त रचनाका रूपमा लिन्छ । साहित्य भनेको कलात्मक अभिव्यक्ति भएकाले त्यसको निर्माणमा भाषा संरचना र साहित्यिक संरचनाको मुख्य भूमिका हुन्छ । कुनै पनि साहित्यिक कृतिको आधारभूत सामग्री भाषा हो र त्यसै भाषाको रूप सौन्दर्यात्मक शैली संयोजनबाट साहित्यिक संरचना प्रतिफलित भएको हुन्छ । अतः शैलीवैज्ञानिक विश्लेषणमा भाषा संरचना र साहित्यिक संरचनाको आपसी मिलन गराउने पुल वा सेतुको रूपमा शैलीलाई लिइन्छ । भाषा संरचनालाई आधारभूत एकाइ मानिन्छ र यसैलाई कला सामग्रीको तह मानिन्छ, यसै कला सामग्री वा भाषिक सामग्रीबाट रूपात्मक शैली सौन्दर्यको निर्माण हुन्छ र अन्ततः विशिष्ट साहित्यिक संरचनाको प्रादुर्भाव हुन्छ यसैले शैली वैज्ञानिक विश्लेषणमा भाषालाई आधार सामग्री, शैलीलाई कला सामग्री र समग्र कृति स्वरूपलाई कला प्रतीक मानिन्छ, यस आधारमा शैलीवैज्ञानिक विश्लेषण तीन तहमा गरिन्छ : कला सामग्रीको तह, कला माध्यमको तह र कला प्रतीकको तह हो (पृपृ. ४४-४५) ।

गौतमको यस कथनबाट कुनै पनि साहित्यिक कृतिको आधारभूत सामग्री भाषा हो र त्यसै भाषाको रूप सौन्दर्यात्मक शैली संयोजनबाट साहित्यिक संरचना बनेको हुन्छ भने

भाषा संरचना र साहित्यिक संरचनालाई एकआपसमा मिलाउने काम शैलीले गर्दछ भन्ने कुरा स्पष्ट हुन्छ । शैलीवैज्ञानिक विश्लेषणका आधारमा भाषालाई आधार सामग्री मानिन्छ भने शैलीलाई कला सामग्रीको, कला माध्यमको तह र समग्र कृति स्वरूपलाई कला प्रतीकको तह मानेर निम्नानुसार व्याख्या गरिएको छ :

**कला सामग्रीको तह**

साधारण भाषामा कला सामग्री भनेको कुनै पनि कृतिमा प्रयुक्त भाषाको संरचना हो । यसले कुनै पनि साहित्यिक कृतिको वस्तुपरक प्रकाशनमा कला माध्यम र कला प्रतीक तहमा विश्लेषण गर्न सहयोग पुऱ्याउँदछ र उक्त कृतिलाई पठनीय, सुललित र सबैले मन पराउने स्तरको बनाउँछ । कला सामग्रीको तह शैलीवैज्ञानिक विश्लेषणको प्रथम र महत्त्वपूर्ण तह हो ।कला सामग्रीको तहमा आफ्नो मत व्यक्त गर्दै पौडेल (२०६९) ले भनेका छन् :

> कला सामग्री भनेको भाषा हो र भाषाबिना कुनै पनि साहित्यिक कलाको निर्माण हुँदैन । यसर्थ कुनै पनि साहित्यिक कृतिको भाषालाई आधारभूत तह मानेर भाषावैज्ञानिक पद्धतिद्वारा त्यसको विश्लेषण गरिन्छ । यसरी भाषावैज्ञानिक दृष्टिले कृतिभित्रका वर्णव्यवस्था, शब्दभण्डार व्यवस्था र व्याकरणव्यवस्थाका विविध पक्ष र कोणबाट प्रकाश पार्ने कोसिस गरिन्छ । यसरी भाषाप्रयोगको अवस्थाको वस्तुपरक प्रकाशनका सहयोगले त्यसपछिका कला माध्यम र कला प्रतीक तहका विविध अवस्थाको अध्ययन र विश्लेषणका लागि मार्ग प्रस्तुत गर्ने भएकाले यसलाई भाषावैज्ञानिक शैलीविज्ञानको विषय मानिन्छ (पृपृ. ४४-४५) ।

यस कथनबाट कला सामग्री भनेको भाषा हो र यसले भाषा प्रयोगको अवस्थाको वस्तुपरक प्रकाशनका सहयोग गर्छ भने कलामाध्यम र कलाप्रतीक तहका विश्लेषणलाई मार्गदर्शन गर्दछ । यसका साथै कुनै पनि साहित्यिक कृतिको भाषालाई आधारभूत तह मानेर भाषावैज्ञानिक पद्धतिद्वारा त्यसको विश्लेषण गर्न सहयोग गर्दछ भन्ने कुरा माथिको भनाइले प्रस्ट पार्दछ ।

**कला माध्यमको तह**

साहित्यिक कृतिभित्र भाषिक सामग्रीका माध्यमले प्रकाशित रूप वा शैली सौन्दर्य मापन गर्ने तत्त्वहरूको व्याख्या र विश्लेषण गर्न तथा यसलाई कृतिको खास अंशमा मात्र

कला माध्यमको तहबाट सीमित गर्न सकिन्छ । यो शैलीवैज्ञानिक विश्लेषणको दोस्रो महत्त्वपूर्ण तह हो । कला माध्यमको तहलाई प्रष्ट पार्ने क्रममा पौडेल (२०६९) ले भनेका छन् :

> शैलीवैज्ञानिक विश्लेषणमा कुनै पनि साहित्यिक कृतिभित्र भाषिक सामग्रीका माध्यमले प्रकाशित भएका रूप सौन्दर्य अथवा शैली सौन्दर्यको मापन गर्ने तत्त्वहरूको एकएक व्याख्या तथा विश्लेषण गरिन्छ । कृतिभित्रका कलात्मक वा रूपात्मक तत्त्व अर्थात् छन्द, लय, अलङ्कार, बिम्ब, प्रतीक, कथानक, चरित्र, परिवेश, दृष्टिविन्दु, संवाद, सादृश्य अर्थ वा भाव आदिजस्ता विभिन्न छवि अथवा मूर्तिहरूको अध्ययन र विश्लेषण गरिन्छ र कृतिभित्रको साहित्यलाई पहिल्याउने काम यस तहमा गरिन्छ । (पृपृ. ४४-४५)

यस भनाइलाई हेर्दा भाषा प्रयोग अवस्थाको वस्तुपरक प्रकाशनका क्रममा रूप सौन्दर्य र शैली सौन्दर्यका तत्त्वहरूको व्याख्या विश्लेषण गरेर कलाको माध्यमबाट कुनै पनि साहित्यिक कृतिलाई सुललित र पठनयोग्य बनाउने गर्दछ भन्न सकिन्छ ।

**कला प्रतीकको तह**

कला प्रतीकको तह, शैलीवैज्ञानिक विश्लेषणको तेस्रो चरण हो । साधारण भाषामा भन्दा कला प्रतीक साहित्यिक कृति हो । यसलाई एउटा पूर्ण संरचना पनि मान्न सकिन्छ । कृति नै भाषिक प्रतीक भएकाले यस तहको अध्ययन विश्लेषण बनोटसँग सम्बन्धित रहेको हुन्छ भने यस तहको अध्ययनको केन्द्रबिन्दु संरचना हो । संरचनाभन्दा माथिल्ला अन्य एकाइ यसमा सामेल हुँदैनन् । कला प्रतीकको बारेमा पौडेल (२०६९) ले आफ्नो धारणा निम्नानुसार व्यक्त गरेका छन् :

> शैलीवैज्ञानिक विश्लेषणको तेस्रो चरणमा सिङ्गो कृतिलाई कलात्मक प्रतीक, भाषिक प्रतीकका रूपमा लिएर अघिल्ला दुई तहका विवेच्य सामग्रीका आधारमा उक्त कृतिको समग्र साहित्यिक संरचनाको बुनोट र बनोटको अध्ययन गरिन्छ । सिङ्गो कृतिगत संरचनालाई एउटा भाषिक प्रतीक, एउटा वस्तु, एउटा संसार र एउटा कला प्रतीकका रूपमा लिइने हुँदा उक्त कृतिगत संसार प्रतिफलित हुँदा त्यसका अङ्गउपाङ्गहरूको संयोजन र संश्लेषण कसरी भएको छ र सिङ्गो कलात्मक

> आकार कसरी निर्माण भएको छ । यसैले कृति संरचनाका घटकहरूको कूल योगभन्दा बढी हुन्छ, त्यसको अध्ययनसमेत यसै तहमा गरिन्छ । (पृपृ. ४४-४५)

यस भनाइलाई हेर्दा कला प्रतीकको तहमा कला सामग्रीको तह र कला माध्यमको तहका विवेच्य सामग्रीका आधारमा उक्त कृतिको समग्र साहित्यिक संरचनाको बुनोट र बनोटको अध्ययन गरिन्छ भन्ने कुरा प्रस्ट हुन्छ र यसले कुनै पनि साहित्यिक कृतिलाई सुललित र पठनयोग्य बनाउने गर्दछ भन्न सकिन्छ ।

यसरी कला प्रतीकको सन्दर्भमा उपर्युक्त कला माध्यमको तह, कला सामग्रीको तह र कला प्रतीकको तह गरी तीन तहको अध्ययन विश्लेषण प्रक्रिया अवलम्बन गरी शैलीविश्लेषण प्रक्रियाले आफ्नो वस्तुपरक समीक्षण पद्धति अँगालेको हुन्छ भन्न सकिन्छ ।

## कथानक संरचना

सामान्यतया कथानक भन्नाले कुनै पनि आख्यानात्मक कृतिको विषयवस्तु भन्ने बुझिन्छ । कुनै पनि आख्यानात्मक कृतिमा रहेको क्रमबद्ध घटनाक्रम नै कथानक हो । कृतिमा कथानकलाई आदि, मध्य र अन्त्यको ढाँचामा प्रस्तुत गरिएको हुन्छ । कथानक कृतिको महत्त्वपूर्ण तत्त्व हो । कथानकको अवधारणालाई स्पष्ट पार्दै ओझा (२०७४) ले "द्वन्द्व र क्रिया उपकरणका रूपमा प्रयुक्त हुन्छन् । आरम्भ खण्डमा सङ्घर्ष र विकास, मध्य खण्डमा सङ्कटावस्था र चरम, अन्त्य खण्डमा सङ्घर्ष र ह्रास अथवा उपसंहार आदि अङ्गको व्यवस्था गरिएको हुन्छ" (पृ. १९७) भनेका छन् । कथानकको आधारमा उपन्यासलाई निम्नाअनुसार प्रस्तुत गर्न सकिन्छ :

### आरम्भ

कथानकको प्रारम्भ भागमा चिनारी हुन्छ । यस भागमा सम्बन्धित कृतिका पात्रहरूको परिचय, ती पात्रहरूले सामना गर्नुपर्ने समस्याहरूको पूर्व सङ्केत दिइएको हुन्छ । त्यसै गरी परिवेश एवम् वातावरण, मौसम, स्थान, युग आदि कुराहरूको जानकारी पनि यस भागमा रहेको हुन्छ । कथानकको बारेमा शर्मा (२०५९) ले "आख्यानात्मक कृतिको कथानकको विकाससँग सम्बद्ध यस पहिलो अवस्थामा मुख्य पात्रहरूको चिनारी गराइएको हुन्छ । साथै यसमा पात्रहरूले जुध्नुपरेको समस्या र परिस्थिको पनि जानकारी दिइन्छ" (पृ. १५१) भनेका छन् । यस भनाइलाई हेर्दा कृतिको कथानकगत रूपमा चिनारी भन्नाले कृतिमा घटित घटनाको सुरुवात वा आरम्भको अवस्था हो भन्न सकिन्छ ।

**सङ्घर्ष विकास**

सङ्घर्ष विकास कथानकको दोस्रो अध्याय हो । यस अवस्थामा पात्रहरूलाई आकस्मिक रूपमा पर्न गएको समस्या र उक्त समस्यामा सङ्घर्ष गर्न थाल्छन् । सङ्घर्ष विकासको बारेमा शर्मा (२०५९) ले "कुनै आकस्मिक परिस्थितिका कारण अथवा घटनाविशेषका कारण पात्रहरूका सामु नयाँ समस्या उत्पन्न हुन्छ र पात्रहरूको सङ्घर्ष आरम्भ हुन्छ । यस पहिलो महत्त्वपूर्ण परिस्थिति वा घटनालाई नै प्रथम सङ्कटावस्था भनिन्छ" (पृ. १५१) भनेका छन् । यसरी यस चरणमा कथात्मक कृतिमा पहिलोपल्ट सङ्घर्ष (सङ्कट) को सिर्जना हुने भएकाले यसलाई सङ्घर्ष विकास वा प्रथम सङ्कटावस्था पनि भनिन्छ ।

**चरम**

पहिलो सङ्कटावस्थाले अन्य सङ्कटावस्थालाई सृजना गर्छ र सङ्कटावस्थाको शृङ्खला भएर सङ्घर्ष बढ्दै गई कथानकको विकास हुन्छ । चरमको बारेमा गैरे (२०७६) "सङ्कटावस्थाहरूका शृङ्खलामा आउने सबभन्दा अन्तिम सङ्कटावस्था चरम हो, जो अत्यन्त घातक र गहिरो हुन्छ" (पृ. १०) भनेका छन् । सङ्कटावस्थाहरूको शृङ्खलाले अन्त्यमा पात्रहरूलाई सबैभन्दा महत्त्वपूर्ण गम्भीर र निर्णायक सङ्कटावस्था हुन्छ । यो अन्तिम सङ्कटावस्था नै चरम हो ।

**सङ्घर्षह्रास**

यस अवस्थामा आइपुग्दा कथानकका पात्रहरूको चर्को सङ्घर्ष मथ्थर हुन्छ । छरिएको घटना प्रवाहलाई समेट्ने र सँगाल्ने काम गरिन्छ । कुनै कार्य निर्णय वा खोजका कारण सङ्घर्ष कार्य अन्त्यतिर पुग्दछ । शर्मा (२०४८) ले "कथानकका पात्रहरूको चर्को सङ्घर्ष मत्थर हुन्छ । छरिएको घटना प्रवाहलाई समेट्ने र सँगाल्ने काम गरिन्छ । कुनै कार्य, निर्णय वा खोजका कारण सङ्घर्ष कार्य टुङ्ग्याउनीमा पुग्छ" (पृ. १६) भनी व्याख्या गरेको पाइन्छ । यसैले कथानकले बिस्तारै घटित घटनाहरू एकत्रित हुँदै जान्छन् र कुनै कार्य, निर्णय वा खोजका कारण निष्कर्षतिर अगाडि बढेको हुन्छ र कार्यव्यापार अन्त्यावस्थातर्फ लाग्दछ ।

**उपसंहार**

उपसंहार कथानक विकासको अन्तिम अवस्था हो । यस भागमा कथानक बिस्तारै निष्कर्षतिर अगाडि बढेको हुन्छ । यसमा पात्रहरूका बीचमा कुनै सङ्घर्ष बाँकी रहँदैन र

पात्रहरूले जेजस्तो कार्य गरेका हुन्छन् त्यसैअनुसारको फल प्राप्त गर्दछन् । शर्मा (२०५९) ले "पात्रहरूको सङ्घर्ष टुङ्गिई आआफ्ना कार्यअनुसारको फल पाई समस्या समाधान हुने कार्य यस चरणमा हुन्छ" (पृ. १५२) भनी उपसंहारको बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् । यसरी यस अवस्थामा पात्रहरूका बीचमा कुनै प्रकारका सङ्घर्ष बाँकी रहँदैन र उनीहरूले जेजस्ता कार्य गरेका हुन्छन् त्यसैअनुसार सकारात्मक र नकारात्मक फल प्राप्त गर्दछन् र कथानकको अन्त्य हुन्छ ।

## पात्रगत संरचना

उपन्यास आख्यान विधाअन्तर्गत पर्ने महत्त्वपूर्ण साहित्यिक विधा भएको हुनाले यसमा निश्चित खालको कथानक संरचना रहेको हुन्छ । आख्यानलाई गति दिने कथानकले हो भने कथानकलाई गति दिने चरित्र वा पात्र हो । उपन्यासमा कथावस्तुको साथसाथै चरित्रको पनि उत्तिकै महत्त्व हुने गर्दछ । आफ्नो इच्छाअनुसार उपन्यासकारले पात्रलाई प्रथम दृष्टिविन्दु र तृतीय दृष्टिविन्दुमा राखेर कथावस्तुलाई पूर्णता दिने काम गरेको हुन्छ । पात्रका बारेमा शर्मा (२०४८) ले "कृतिमा देखिने मानवीय वा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ" (पृ. १७३) भनेका छन् । समग्रमा भन्नुपर्दा पात्रहरूको उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिएको पाइन्छ । कथानकमा वातावरणको भिन्नताले गर्दा पात्रका गुणहरू फेरिन पुग्दछन् । पात्रहरूलाई समाजका सजीव र यथार्थ जीवनलाई प्रतिनिधित्व गर्ने गरी प्रस्तुत गर्नु पर्दछ । कृतिका पात्रहरू वा चरित्रलाई लिङ्ग, कार्य, स्वभाव, सामाजिक सम्बन्ध, जीवनचेतना, प्रवृत्ति, आसन्नता र आबद्धताका आधारमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### लिङ्गका आधारमा

लिङ्गको आधारमा पात्र दुई किसिमका हुन्छन्, स्त्री र पुलिङ्ग । कृतिमा प्रयुक्त नायक, नायिका, खलनायक, खलनायिका वा नारी, पुरूष आदिलाई लिङ्गको आधारमा नामाकरण गरिएको हुन्छ । लिङ्गको आधारमा पात्रको बारेमा शर्मा (२०५९) ले "पात्रको शारीरिक जात छुट्याउने आधार लिङ्ग हो । यस आधारमा पात्रहरू पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई वर्गका हुन्छन्" (पृ. ११५) भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् । यस भनाइलाई हेर्दा लिङ्गको आधारमा पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई किसिमका पात्र हुन्छन् । कृतिमा प्रयुक्त नायक, नायिका, खलनायक, खलनायिका वा नारी तथा पुरूष आदिलाई लिङ्गको आधारमा नामाकरण गरिएको हुन्छ ।

**कार्यको आधारमा**

कार्यका आधारमा पात्र प्रमुख, सहायक र गौण गरी तीन प्रकारमा विभाजन गर्न सकिन्छ । कथामा केन्द्रीय पात्रको भूमिका निर्वाह गरी कथाको उद्देश्यलाई पुरा गर्ने नायक र नायिकालाई प्रमुख पात्र भनिन्छ भने प्रमुख पात्रको सहयोगी भएर कथाको कार्यव्यापार पुरा गर्ने पात्रहरूलाई सहायक पात्र भनिन्छ । कृतिमा खासै भूमिका नभएको र कथानकको कुनै निश्चित भागमा देखा परी निश्चित भागमै हराउने पात्रलाई गौण पात्र भनिन्छ । पात्रको कार्यका आधारमा बताउँदै भण्डारी र अन्य (२०६८) ले "कार्यका आधारमा पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी तीन किसिमले विभाजन गर्न सकिन्छ" (पृ. ९) भनेका छन् । यसरी कुनै पनि कृतिमा प्रत्येक पात्रहरूले आफ्नो भूमिका कुशलताका साथ प्रस्तुत गरेका हुन्छन् र उक्त कृतिलाई पठनीय र उत्कृष्ट बनाएका हुन्छन् ।

**प्रवृत्तिको आधारमा**

प्रवृत्तिको आधारमा पात्रहरू अनुकूल पात्र र प्रतिकूल पात्रका रूपमा उपस्थित भएका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल हुन्छ । शर्मा (२०४८) ले "यस आधारमा पात्र अनुकुल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । अनुकूल वर्गको पात्रमा खलत्व हुँदैन र प्रतिकूल वर्गको पात्रमा खलत्व हुन्छ" (पृ. १७४) भनेका छन् । यसरी कृतिमा पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गर्ने सत् पात्र हुन् भने नकारात्मक भूमिका निर्वाह गर्ने असत् पात्र हुन् । यसरी पात्रलाई सत् र असत् गरी दुई भागमा विभाजन गरिएको हुन्छ ।

**स्वभावको आधारमा**

स्वभाव भन्नाले उपन्यासमा प्रयोग गरिएको पात्रको बानी व्यवहारलाई जनाउँछ । स्वभावका आधारमा पात्रहरू गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् । भण्डारी र अन्य (२०७३) ले "समय, परिस्थिति र अवस्थाअनुसार परिवर्तन हुने पात्रलाई गतिशील पात्र भनिन्छ भने समय, परिस्थिति र अवस्थाअनुसार परिवर्तन नहुने उपन्यासको सुरुदेखि अन्त्यसम्म एकै किसिमले अगाडि बढ्ने पात्रलाई गतिहीन पात्र भनिन्छ" (पृ. ९) भनेका छन् यसर्थ कथानकको सुरुमा स्थिर रहेका पात्रहरू पछि गएर गतिशील पात्रको रूपमा पनि

देखापरेका हुन्छन् भने कोही कथानकको आदिदेखि अन्त्यसम्म गतिहीन पात्रको रूपमा रहेका हुन्छन् । जसको कथानकमा कुनै खास भूमिका रहेको हुन्छ ।

**जीवनचेतनाका आधारमा**

कृतिमा उपस्थित पात्रको व्यवहार वा कार्यशैलीलाई महत्त्वका साथ हेर्ने गरिन्छ । यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । शर्मा (२०४८) ले "निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय पात्र हो भने व्यक्तिगत पात्रले यस तरहको प्रतिनिधित्व नगरेर आफ्नै मात्र प्रतिनिधित्व गर्दछ" (पृ. १७५) भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् । वर्गीय पात्र समाजको घटना र परिवेशसँग घुलमिल भई समाजको सोच र लक्ष्यअनुरूप अगाडि बढेको हुन्छ भने व्यक्तिगत पात्र आफ्नो मात्र सोच र लक्ष्य लिई अगाडि बढेको हुन्छ ।

**आसन्नताको आधार**

कुनै पनि आख्यानमा प्रयुक्त पात्रहरू दृश्य (मञ्चीय) र अदृश्य (नेपथ्य) गरी दुई प्रकारका रहेका हुन्छन् । मञ्चीय पात्र वर्तमान समयमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् । यसलाई प्रष्ट पार्दै भण्डारी र अन्य (२०७३) ले "उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद गर्ने पात्र मञ्चीय हुन्छ भने कथायिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ" (पृ. ९) भनेका छन् । मञ्चीय पात्रको भूमिका सक्रिय हुन्छ भने नेपथ्य पात्रको भूमिका निस्क्रिय हुन्छ ।

**आबद्धताको आधारमा**


आख्यानमा प्रस्तुत कथानकसँग पात्रको सम्बन्ध कायम गरिने कार्य नै आबद्धता हो । आबद्धताको आधारमा पात्रहरू बद्ध र मुक्त पात्र गरी दुई प्रकारका हुन्छन् । पात्रको आबद्धताको बारेमा शर्मा (२०४८) ले "कृतिमा बाँधिएर मात्र सार्थक हुने पात्रलाई बद्ध र कृतिबाट स्वतन्त्र भएर पनि सार्थक हुने पात्रलाई मुक्त भनिन्छ" (पृ. १७५) भनेका छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना बिग्रन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिने हुँदा तिनलाई झिक्दा कथानक संरचनामा खासै परिवर्तन हुँदैन ।

## शैली विश्लेषण प्रक्रिया

कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्दा अपनाइने प्रक्रियालाई शैली विश्लेषण प्रक्रिया भनिन्छ । शैलीविज्ञानको सैद्धान्तिक र प्रविधिगत ढाँचाका माध्यमबाट

कृतिको क्रमिक, व्यवस्थित र वस्तुनिष्ट व्याख्या र विश्लेषण गरिन्छ । साहित्यिक कृतिहरूको शैली विश्लेषण गर्दा कम्तिमा यसमा निहित दुई तह (क) भाषिक संरचना र (ख) साहित्यिक संरचनाको ख्याल राख्नुपर्दछ ।

पौडेल (२०७३, पृ. ४६) ले शैली विश्लेषण प्रक्रियालाई निम्न आरेखमार्फत् प्रस्तुत गरेका छन् :




चित्र सङ्ख्या १ : *शैलीविश्लेषण प्रक्रिया*

कुनै पनि साहित्यिक कृतिको पूर्ण स्वरूपलाई माथिको आरेखले प्रस्ट्याएको छ । यस आरेखमा उल्लिखित विभिन्न शीर्षक तथा उपशीर्षकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## भाषिक संरचना

प्रत्येक साहित्यिक कृतिको माध्यम वा आधार सामग्री भाषा हो । भाषाको आआफ्नै प्रकारका संरचना रहेको हुन्छ । साहित्यिक कृतिमा प्रयोग भएका वर्णहरू, शब्दभण्डार व्यवस्था तथा व्याकरण व्यवस्थासम्बन्धी अध्ययन र विश्लेषण भाषिक संरचनाअन्तर्गत पर्दछन् । शर्मा (२०५९) भाषिक संरचनाका बारेमा “भाषाका क्रमशः तल्लो श्रेणीबाट माथिल्लो श्रेणीतिर सोपान क्रमिक रूपमा निर्मित हुन्छ अर्थात् भाषाको व्याकरणिक व्यवस्थासम्म पुग्न ध्वनि, वर्ण, अक्षर, रूप, पदावली, उपवाक्य र वाक्य हुँदै अघि बढ्नुपर्छ” (पृ. ७) भनेका छन् । भाषिक संरचनाका घटकहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

**ध्वनि वा वर्ण व्यवस्था :** ध्वनि भाषाको न्यूनतम एकाइ हो । यसअन्तर्गत भाषाका खण्डीय र खण्डेत्तर वर्ण वा ध्वनि र उच्चारणका कुराहरू पर्दछन् । यसका बारेमा शर्मा (२०४८) ले "प्रकारगत उपमा, खण्डीय र खण्डेत्तर ध्वनिको संयोजनात्मक अवस्था नै ध्वनि व्यवस्था हो" (पृ. १०) भनेका छन् । यसमा ध्वनि व्यवस्थाको व्याख्या र विश्लेषण गरिन्छ ।

**शब्दभण्डार व्यवस्था :** हरेक भाषाका आआफ्नै शब्दभण्डार रहेको हुन्छ । यस कुरालाई प्रष्ट पार्दै पौडेल (२०६९) ले "शब्दभण्डार व्यवस्थाअन्तर्गत रूपात्मक अर्थ वा शब्दात्मक स्रोत, प्रकार, कार्य र तिनका अर्थ सम्बन्धहरू पर्दछन्" (पृ. ४७) भनेका छन् । यस भनाइलाई हेर्दा यसैले यसअन्तर्गत रूपविज्ञान तथा अर्थविज्ञानभित्रका कार्यहरू पर्दछन् भन्न सकिन्छ ।

**व्याकरण व्यवस्था :** व्याकरण व्यवस्था भनेको कुनै पनि कृतिमा प्रयोग भएका वर्णसम्बन्धी व्यवस्था हो । व्याकरण व्यवस्था अन्तर्गत रूपायन, व्युत्पादन, शब्द गठन, शब्द विघटन, शब्द वर्गीय कार्य, पदावली निर्माण प्रक्रिया र तिनका कार्य, उपवाक्य, वाक्य वाक्यतत्त्व वा व्याकरणात्मक कोटि तथा तिनका संरचना र रूपान्तरणात्मक प्रक्रियाहरू पर्दछन् ।

शैलीविज्ञानले उपयुक्त सबै तहमा विभिन्न भाषावैज्ञानिक पद्धति र संरचनावादी पद्धतिका नमुनाअनुसार कृतिभित्रको भाषा संरचनाको क्रमिक विश्लेषण गरेर देखाउँछ ।

## साहित्यिक संरचना

संरचना भनेको कुनै वस्तुमा पाइने लघु घटकहरूको योग हो । प्रत्येक साहित्यिक कृतिको आफ्नो मौलिक वा निजी संरचना हुन्छ । एउटा पूर्ण मानिस हुनका लागि टाउको, नाक, मुख, आँखा, कान, घाँटी, हात, खुट्टा, भुँडी, छाती आदि सम्पूर्ण अङ्गहरू जोडेपछि मात्र सिङ्गो मानिसको संरचना बन्छ । त्यसरी नै साहित्यिक कृति भनेको पनि एउटा वस्तु संरचना हो र त्यो विभिन्न साहित्यिक तत्त्वहरूको कूल योग हो यसर्थ त्यसभन्दा बढ्ता त्यो एउटा भाषाको सिर्जनात्मक छवि, सौन्दर्यात्मक पुञ्ज र कला प्रतीक पनि हो । कुनै पनि साहित्यिक संरचना निर्माणका लागि बनोट र बुनोटरूपी दुई घटकहरूले आपसमा मिलेर काम गरेका हुन्छन् । साहित्यिक संरचनालाई प्रष्ट पार्दै शर्मा (२०४८) ले भनेका छन् :

> प्रत्येक साहित्यिक कृतिको आफ्नो संरचना हुन्छ । संरचना भनेको कुनै वस्तुमा पाइने लघु घटकहरूको योग हो ।  घटकहरूको कुल योग र त्यसभन्दा बढी अरू

केही पनि हो, जस्तै : मानिस नाक, कान, आँखा, मुख, हात, खुट्टा आदि विभिन्न लघु घटकहरूको योग हो र योभन्दा अरू केही (व्यक्तित्व) हो । संरचना वृहत् घटकको योग हो यो अमूर्त हुन्छ (पृपृ. ८-९) ।

माथिको भनाइलाई दृष्टिगत गर्दा हरेक साहित्यिक संरचनासँग सम्बन्धित विभिन्न घटकहरूको योग हो । यो कुनै पनि साहित्यिक संरचनाको बृहत् घटक हो भनी बुझ्न सकिन्छ । पौडेल (२०६९) का अनुसार साहित्यि संरचनालाई बनोट र बुनोट गरी निम्नानुसार उल्लेख गर्न सकिन्छ (पृ. ४७) :

**बनोट**

बनोट कृतिमा पाइने साना घटकहरूको योग हो । यसमा समग्र घटकहरूको आपसी अन्विति प्रभाव सौन्दर्य विद्यमान हुने भएकाले यो अमूर्त किसिमको हुन्छ । यो कृतिगत विविध लघु घटकहरूको कुलयोग हो, जस्तै : अङ्क, दृश्य, कथानक, पात्र आदि लघु घटकहरूको कूलयोग नाटक हो पौडेल (२०६९) ले बनोटका बारेमा “भाग, परिच्छेद, प्रसङ्ग, घटना, परिवेश, दृष्टिविन्दु आदिको योग उपन्यास हो” (पृ ४७) भनेका छन् । यो भनाइअनुसार कुनै पनि साहित्यिक कृतिमा समावेश गरिएका आवरण पृष्ठदेखि लिएर अङ्क, भाग, कथानक, दृश्य, संवाद, परिच्छेद, प्रसङ्ग, घटना, श्लोक, पङ्क्ति, सर्ग, कारकको स्तर, आकार आदिले कृतिको बनोट कस्तो छ भन्ने विश्लेषण गर्छ र शैलीविज्ञानले यिनै ससाना घटकहरूको वर्णन र विश्लेषण गरेर अमूर्त बनोटलाई मूर्त पार्ने काम गर्छ ।

**बुनोट**

बुनोट भनेको साहित्यिक कृतिभित्रका लघु घटकहरूले बेग्लाबेग्लै किसिमको आआफ्नो कार्य हो । बुनोट अमूर्त हुन्छ भने बनोट मूर्त हुन्छ । कृतिको दृश्यात्मक पठनीय दृष्टि, पठनीय रूप नै बुनोट हो । बुनोटको बारेमा ढकाल (२०५८) “साहित्यिक संरचनाको विश्लेषण गर्दा छन्द, लय, अलङ्कार, बिम्ब, कथानक आदिमा भएका बेग्ल्याइको छानविन हुन्छ र एकअर्का घटकलाई सूत्रबद्ध पार्ने ती मूर्त रूपले आफ्नो फरक अस्तित्व कसरी कायम गर्न सकेका छन् भनेर केलाउने प्रयास गरिन्छ” (पृ. ४९) भनेका छन् । यस भनाइलाई हेर्दा बुनोटअन्तर्गत कृतिभित्र रहेका वस्तु, अलङ्कार, छन्द, लय, बिम्ब, प्रतीक, घटना, चरित्र, परिवेश, उक्तिसौन्दर्य आदि पर्दछन् । कृतिभित्रका यी घटकहरू पाठकका मनमा चित्रित  हुन्छन् । विवेच्य कृतिमा नायक, नायिका, खलनायक र अन्य पात्रहरू हुन्छन् । प्रत्येक पात्रले अरू पात्रभन्दा फरक विशेषता वैयक्तिक विभिन्नता देखाउँछन् ।

## शैली

सामान्यतया भाषाका माध्यमबाट मानवीय भाव र विचार व्यक्त गर्ने ढङ्ग, ढाँचा वा तरिका नै शैली हो । शैली साहित्यिक संरचना र भाषा संरचनाको बीचमा पर्दछ । एकातिर यसको सम्बन्ध भाषारूपी कच्चा पदार्थसँग रहेको हुन्छ भने अर्कातिर कृतिरूपी मालसँग पनि हुन्छ । यस्तो सम्बन्ध एकैसाथ हुन्छ, भिन्नभिन्न हुँदैन न त भिन्न समय शृङ्खलामा नै हुने गर्छ । शैलीको बारेमा ढुङ्गाना (२०६५) "भाषा संरचनाका श्रेणीहरू रूपान्तरित भएर साहित्यिक संरचनामा परिणत हुन्छन् । यसरी रूपान्तरित हुँदा विशिष्ट र अमूर्त किसिमले भएको मानिन्छ, वास्तवमा यही नै शैली हो, अर्थात् एकातर्फ भाषागत स्वभाव र अर्कोतर्फ कृतिनिर्माणको आधार सामग्रीको एकल सम्बन्ध नै शैली हो" (पृ. ४०) भनी शैलीको बारेमा आफ्नो धारणा व्यक्त गरेका छन् । यो भनाइबाट अमूर्त रूपले भाषा संरचनाको श्रेणी साहित्यिक संरचनामा परिणत हुन्छन् र यही रूप नै शैली हो बुझ्न सकिन्छ । साहित्यिक कृतिको पहिचान गर्दा निम्नलिखित पक्षका अवस्थामा शैलीलाई पहिल्याउने प्रयास गरिन्छ :

### विकल्प र चयन

चयन भन्नाले कुनै पनि वस्तु वा चिज छान्नु भन्ने बुझिन्छ । साहित्यकारले कृति रचना गर्दा आफ्नो शब्दभण्डारबाट उपलब्ध विभिन्न शब्दहरूमध्येबाट उचित विकल्प शब्दहरूमध्येबाट उचित विकल्प शब्द छनोट गरी आफ्नो रचनामा प्रयोग गर्दछ । भाषाका वर्ण व्यवस्था, शब्दभण्डार व्यवस्था, व्याकरण व्यवस्था, अर्थ व्यवस्था, लयात्मक व्यवस्था, आलङ्कारिक व्यवस्था आदि सबैमा प्रशस्त विकल्पहरूका सम्भावनाहरू हुन्छन् । शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भन्दछन् । चयनबारे आफ्नो मत राख्दै शर्मा (२०४८) ले भनेका छन् :

> शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भन्दछन् । कृतिकारले उपलब्ध विकल्पहरूमध्ये कुनै एकको जानेर वा नजानी पनि छनोट गर्छ, जस्तै : नेपाली शब्द तहमा स्त्रीलाई बुझाउने नारी, अबला, रमणी, सुन्दरी, कल्याणी, आइमाई, स्वास्नीमानिस आदि विकल्पहरू उपलब्ध छन् । उपर्युक्त विकल्पहरूमध्ये कुनै कृतिकारले कुनै एक सन्दर्भमा कुनै एक विकल्पको चयन गर्छ भने त्यो अकारण हुन्छ । शैलीविज्ञानले यस्तै चयनको विशिष्टतालाई पहिल्याउने कार्य गर्छ । (पृ. १०)

माथिको उदाहरणलाई हेर्दा कृतिकारले शब्दको उपलब्ध विकल्पहरूमध्ये जानेर वा नजानेर एकको छनोट गर्नु चयन हो । विकल्पहरूबाट कृतिको सन्दर्भअनुसार एक विकल्पको छनोट गर्ने विशिष्टतालाई पहिल्याउने कार्य गर्दछ भन्न सकिन्छ ।

## अग्रभूमि निर्माण

रचनाको कुनै अंश वा कृतिलाई नै विशिष्ट तुल्याउन विशेष बल दिनु नै अग्रभूमि निर्माण हो । यसलाई प्रस्ट पार्दै शर्मा (२०४८) ले "रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष मल दिनु नै अग्रभूमि निर्माण हो" भनेका छन् (पृ. १०) । त्यसैगरी ढुङ्गाना (२०६५) का अनुसार "शैलीवैज्ञानिक अध्ययनअनुसार साहित्यिक कृतिमा परम्परागत, रूढ तथा यान्त्रिक स्वभावको नभएर नवीन, सार्थक तथा सौन्दर्यपूर्ण भाषिक प्रयोग हुनु नै अग्रभूमि निर्माण हो" (पृ. ४१) भनी आफ्नो मत जाहेर गरेका छन् । यस भनाइलाई हेर्दा पुराना भाषिक प्रयोगबाट दिक्क बनेका कृतिहरूको माझमा नवीन, आकर्षक, समयअनुसारको तथा प्रभावकारी भाषिक प्रयोगका माध्यमबाट सिँगारिएको आफ्नो कृति फ्याँक्छ जहाँ पाठकहरू मोहित भएर खोसाखोस गर्न अगाडि सर्छन् । यही नै अग्रभूमि निर्माणको प्राप्ति हो, जुन शैलीवैज्ञानिक दृष्टिकोणले अत्यन्त फलदायी हुन्छ । अग्रभूमि निर्माणमा 'विचलन' र 'समानान्तरता' जस्ता दुई तत्व रहेका हुन्छन् । ती दुई तत्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**विचलन :** भाषाको स्वीकृत वा मानक रूपलाई विचलन गराएर बिगार्नु वा उल्टो पारी प्रयोग गर्नु नै विचलन हो अर्थात् मानक भाषा प्रयोगबाट रड्किनु, चिप्लिनु वा विचलित हुनुलाई नै विचलन भनिन्छ । शर्मा (२०४८) ले विचलनको बारेमा "मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ" (पृ. ११) भनेका छन् । विचलनको प्रयोग उद्देश्यपूर्ण ढङ्गबाट हुन्छ । विचलन व्याकरणका तहमा मात्र नभई शब्दभण्डार तथा अर्थगत तहमा समेत हुन्छ । यसले अभिव्यक्तिलाई सार्थक, सौन्दर्यपूर्ण एवम् नवीन बनाउन सहयोग गर्छ । अग्रभूमि निर्माणका सन्दर्भमा अभिव्यक्ति माध्यमका कुनै पनि पक्षलाई नवीन वक्रताद्वारा तिखो, खिरिलो, चोटिलो र उज्यालो बनाउन यस्तो विचलनले खानामा चट्नीको जस्तै स्वाद र मिठास प्रदान गरेको हुन्छ । समानान्तरताको विपरीत उपकरणको रूपमा यसलाई स्वीकार्न सकिन्छ किनभने विचलन भनेकै अनियमितता हो । साहित्यिक परिप्रेक्ष्यमा अत्यन्त

महत्त्पूर्ण मानिने भाषिक अभिव्यक्तिका क्रममा देखापर्ने विचलनका प्रमुख प्रकारहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

***कोशीय विचलन :*** साहित्यकारले भाषाशैलीमा नवीनता ल्याउनको लागि कोशीय विचलनको प्रयोग गरेका हुन्छन् । अन्त कतै र कसैले प्रयोग नगरेका वा भाषाशैलीमा नवीनता ल्याउँदा यस्ता विचलनयुक्त शब्दहरू प्रयोग गरिएका हुन्छन् । भण्डारी र अन्य (२०६८) ले "भाषाशैलीमा नवीनता ल्याउँदा यस्ता विचनलयुक्त शब्दहरू प्रयोग गरिएका हुन्छन् । जस्तै : लक्ष्मीप्रसाद देवकोटाले गोब्रिलो, गुन्द्रिलो, मान्द्रिलो आदि प्रयोग गर्नु" (पृ. ३९) भनेका छन् । यसमा शब्दकोशमा प्रयोग नभएका शब्द ल्याएर कोशीय विचलन गराइएको छ ।

***व्याकरणिक विचलन :*** कुनै पनि कृतिमा लेखिएका कुरालाई पठनीय बनाउनका लागि व्याकरणगत नियमभङ्ग गर्नु नै व्याकरणिक विचलन हो । यसलाई स्पष्ट पार्दै पौडेल (२०६९) ले "व्याकरणात्मक तत्त्व वा पक्षहरूका विभिन्न स्तर अथवा लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, करण, अकरण, वाच्य, उक्ति, पदक्रम आदि विविध कुरामा देखिने नियम भङ्गलाई व्याकरणिक विचलन भनिन्छ" (पृ. २९) भनी आफ्ना धारणा व्यक्त गरेका छन् । जस्तै : हाँस्यो गमक्क गम्केर (पदक्रम विचलन), प्रत्येक झिङ्गाहरू पौँठेजोरी खेल्छ (वचन विचलन), मेरै धौलागिरी उपरमा छैन मैले पुगेको (पदक्रम र विभक्ति विचलन), म नै त्यहाँ गएको हो (पुरुष विचलन), गीताले पैसा माग्यो (लिङ्ग विचलन) आदि । यसरी व्याकरणिक नियमको सही पालन नगरी कृतिलाई आकर्षक तुल्याउन गरिएको प्रयोग नै व्याकरणिक विचलन हो भन्न सकिन्छ अर्थात व्याकरणिक नियमलाई भङ्ग गरी कृति रचना गर्दा कर्ता, कर्म र क्रियाको सङ्गति मिलेको पाइँदैन ।

***ध्वनि प्रक्रियात्मक विचलन :*** लेख्य भाषालाई कथ्य उच्चारण भाषामा ढालेर गरिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । यसलाई प्रष्ट पार्ने क्रममा ढकाल (२०७४) ले "जब कुनै सर्जकले वर्णविन्यासका मानक रूपलाई खज्मज्याउँछ तब ध्वनि प्रक्रियात्मक विचलन हुन्छ । जस्तै : शशि, शिशिर, प्रस्तुत, सङ्गतिजस्ता शब्दलाई ससि, सिसिर, प्रस्तूत, सङ्गती बनाई प्रयोग गरिन्छ भने शब्दको परम्परागत/शिष्ट/मानक रूपलाई फेरेको ठर्हछ । यस्तो प्रयोगलाई ध्वनि

प्रक्रियात्मक विचलन भनिन्छ" (पृ. १३७) भनी उल्लेख गरेका छन् । यस भनाइलाई हेर्दा स्रष्टाले वर्णविन्यासको मानक रूपको प्रयोग नगरी अमानक रूपको प्रयोग गर्दा यस्तो विचलन देखापर्दछ भन्न सकिन्छ ।

***लेख्य प्रक्रियात्मक विचलन :*** कुनै पनि साहित्यिक कृतिमा कृतिको सौन्दर्य बढाउन लेख्ने प्रक्रियामा वर्णलाई बाङ्गोटिङ्गो, तलमाथि र ठूलोसानो पारेर लेख्ने पद्धति नै लेख्य प्रक्रियात्मक विचलन हो । ढुङ्गाना (२०६५) का अनुसार "भाषा लेखन प्रक्रियाको निश्चित व्यवस्थालाई अतिक्रमण गरेको अवस्था नै लेख्य प्रक्रियात्मक विचलन हो" (पृ. ४३) स्पष्ट पारिएको छ । यसलाई प्रष्ट पार्ने क्रममा आफ्नो मत राख्दै गौतम (२०६१) ले "शब्द लेख्ने पद्धतिमा विचलन नै लेख्य प्रक्रियात्मक विचलन हो । जस्तै : त ↘ ल मा ↗ थि"

(पृ. २९) भनेका छन् ।" यस उदाहरणलाई हेर्दा लेखकले आफ्नो कृतिमा शब्द लेख्ने पद्धतिमा प्रयोग गर्ने विचलन नै लेख्य प्रक्रियात्मक विचलन हो भन्न सकिन्छ ।

***अर्थतात्त्विक विचलन :*** अर्थमा मात्र सीमित रहेर साहित्यले उच्चता हासिल गर्न सक्दैन त्यसैले अभिधाभन्दा विशिष्ट अर्थ व्यञ्जित हुनु नै अर्थतात्त्विक विचलन हो । यसको बारेमा आफ्नो धारणा प्रस्तुत गर्दै गौतम (२०६१) ले "सन्निघातको सिद्धान्तअनुसार मेल नखाने कुरा अथवा प्रकृतिको मानवीकरण, मानवको प्रस्तुतीकरण आदि गरेर देखाउने प्रवृत्तिलाई यसअन्तर्गत राख्न सकिन्छ" (पृ. ५१) । यस भनाइलाई हेर्दा शब्दको ठेट अर्थमा विचलन आउने गरी भाषाको प्रस्तुतीकरण नै अर्थतात्त्विक विचलन हो । अविधा अर्थमा मात्र सीमित नरही लक्ष्यार्थ र व्यङ्गयार्थ बोध गराउनका लागि साहित्यिक कृतिमा अर्थतात्त्विक विचलनको प्रयोग गरी भाषाशैलीलाई प्रभावकारी र कलात्मक बनाउन सकिन्छ । जस्तै : आकाशबाट मुस्कुराउँदै जुन धर्तीमा भेट्न आउँछ (प्रकृतिको मानवीकरण गरिएको, जुनजस्तो अचेतन वस्तु मुस्कुराउनु र धर्तीलाई भेट्न आउनु) । कुनै पनि साहित्यिक कृतिमा यस्ता शब्द वा वाक्यको अर्थतात्त्विक विचलनको प्रयोगले भाषाशैलीलाई प्रभावकारी र कलात्मक बनाउनुका साथै पठनयोग्यसमेत बनाउने गर्दछ । यसका साथै मानवको प्रकृतीकरण र प्रकृतिको मानवीकरण अर्थतात्त्विक विचलनमा गरिएको हुन्छ ।

***भाषिक विचलन :*** आफ्नो कृतिलाई उत्कृष्ट र आकर्षक बनाउनको लागि कृतिकारले भाषिक विचलनलाई प्रयोगमा ल्याएका हुन्छन् । गौतम (२०६१) का अनुसार "आफ्नो सिर्जनालाई विशिष्ट तथा आकर्षक बनाउन भाषिका तथा उपभाषिकाका शब्दहरू समावेश गरेर आफ्नो कृतिमा प्रयोग गरेका हुन्छन् त्यसैलाई भाषिकागत विचलन भनिन्छ" (पृ. २९) । यस भनाइलाई हेर्दा भाषा प्रयोग गर्ने क्रममा भाषाको मानक रूपको प्रयोग नगरी शब्दलाई अग्रभूमिमा ल्याएर नवीनता प्रस्तुत गर्ने प्रयास गरियो भने भाषिक विचलन हुन्छ भन्न सकिन्छ । जस्तै : गामबेसीका गीत, बड्डाबड्डी, केटाटी, सुपो, आँसी, ओलन, जुँ, जाँदौन, भएपार, भणिबरे आदि ।

***प्रयुक्ति विचलन :*** एउटा परिस्थिति वा प्रसङ्गअनुरूपको भाषाको अर्को परिस्थिति वा प्रसङ्गमा प्रयोग गर्नु प्रयुक्ति विचलन निर्माण हुन्छ । भण्डारी र अन्य (२०६८) ले "एउटा प्रसङ्ग र परिस्थितिमा प्रयुक्त हुने शब्द भिन्न सन्दर्भमा प्रयोग हुन पुग्ने प्रवृत्ति नै प्रयुक्ति विचलन हो र यस्तो प्रयोगले भाषामा सहजता ल्याउँछ" (पृ. ३९) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । जस्तै : बिजुलीका कतिपय विचरा खम्बाहरू तारको भार बोक्न नसकेर घुँडा टेक्न बाध्य छन् भन्ने वाक्यमा विचरा, बोक्न नसकेर, घुँडा टेक्न र बाध्य शब्दको प्रयोग गर्नु प्रयुक्ति विचलन हो ।

***सादृश्य विचलन :*** उस्तै वा समान धर्म नभएका कुरालाई पनि समानधर्मी बनाएर देखाउनुबाट सादृश्य विचलन हुन्छ । जस्तै : लाटीले घुमाएको जाँतोमा पालो छाडेर वर्तमान दौडेको छ । (मोहन कोइराला : *फर्सीको जरा*)

**समानान्तरता :** अग्रभूमि निर्माणका सन्दर्भमा विचलनका विपरीत देखापर्ने उपकरणको नाम नै समानान्तरता हो । विचलनले अर्थात् समानान्तरतालाई विचलनभन्दा विपरीत अभिलक्षण मानिन्छ । समानान्तरता रूपदेखि वाक्यका तहसम्म र भाव र अर्थका तहमा हुन्छन् । यसको कारण विचलनले अनियमित अतिरिक्त नियमित प्रयोगको सङ्केत गर्छ । यो भाषाका विभिन्न एकाइ, तह र पक्षमा देखिन्छ । यो वर्णगत, रूपगत, पदावलीगत, उपवाक्य वा वाक्यगत, लय वा छन्दगत र अर्थगत स्तरमा देखापर्छ । समानान्तरताको बारेमा शर्मा (२०४८) ले "भाषा प्रयोगमा नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । त्यसैले समानान्तरता भनेको बढी नियमितताको पालन हो, छन्द, अलङ्कार आदि अन्तर्गत गरिने अथवा अन्य प्रकारका पनि पुनरावृत्तिलाई समानान्तरता भनिन्छ । जस्तै :

चुत्थो चोरले चार पैसा चोर्छ" (पृ. १०) भनेर आफ्नो भनाइ राखेका छन् । यसबाट के थाहा हुन्छ भने बढी नियमितताको पालना गरी भाषा प्रयोगमा नियमित पुनरावृत्ति ल्याउनु नै समानान्तरता हो र यसलाई बाह्य र आन्तरिक गरी दुई भागमा विभाजन गरेर निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

***बाह्य समानान्तरता :*** ध्वनि, वर्ण, रूप, शब्द, पदावली, वाक्यांश वा वाक्य आदिका बाह्य स्वरूपको पुनरावृत्ति भएर प्रकट हुन्छ । यो अभिव्यक्तिगत शब्द वैचित्र्य वा शब्दालङ्कारका रूपमा देखिन्छ । बाह्य समानान्तरताको बारेमा ढकाल (२०७०) ले "शब्दालङ्कारका रूपमा देखिने बाह्य समानान्तरता स्थूल किसिमको हुन्छ । जस्तै : पापको पोको पारेर पुण्यप्रसाद पञ्जाव पुगे । वनपालेले वनमा बसेर वनचरी बनाएर खायो । यी वाक्यमध्ये पहिलो वाक्यमा 'प' वर्ण र दोस्रो वाक्यमा 'ब' वर्ण पटकपटक पुनरावृत्ति भएको देखिन्छ" (पृ. ५३) भनी व्याख्या गरेका छन् । यस्तो समानान्तरताले कुनै पनि कृतिमा एक किसिमको मौलिक तरङ्ग सिर्जना गर्नुका साथै साहित्यिक अभिव्यक्तिलाई श्रुतिमधुर बनाउँछ ।

***आन्तरिक समानान्तरता :*** भावार्थ वा वाच्यार्थको पुनरावृत्ति अर्थात् अर्थ पक्षको आवृत्ति नै आन्तरिक समानान्तरता हो । कृतिविशेषको शाब्दिक बाह्य रूपाकृतिको आवरणभित्र ढाकिएर रहने हुनाले यस्तो समानान्तरता सूक्ष्म प्रकृतिको हुन्छ । ढकाल (२०५८) ले आन्तरिक समानान्तरताका बारेमा "अर्थ वा भावस्तरको आवृत्तिलाई आन्तरिक समानान्तरता भनिन्छ" (पृ. १५९) भनेका छन् । जस्तै : यो घटना सम्झँदा ऊ हाँस्छ, रमाउँछ, र खुसी हुन्छ । यस भनाइमा आएका हाँस्छ, रमाउँछ र खुसी हुन्छ भन्ने शब्दहरूले एउटै भाव प्रकट गर्ने हुनाले आन्तरिक समानान्तरता रहेको प्रष्ट हुन्छ । आन्तरिक समानान्तरता प्रयोग गर्दा जति धेरै फरकफरक पद, पदावली वा वाक्य प्रयोग गरे तापनि तिनीहरूको अर्थ समान हुन्छ ।

**विविधता**

चयन, विचलन र समानान्तरताका अतिरिक्त रचनाकारले आफ्नो रचनालाई थप आकर्षक र प्रभावकारी बनाउन अन्य विविध उपाय र उपकरणको प्रयोग गर्छ भने त्यसलाई विविधता भनिन्छ । शर्मा (२०५९) ले "विषय र प्रयोक्ताअनुसार एउटा भाषाका विविध भेदहरू देखा पर्दछन् । यी विविध पक्षहरूको भेदलाई नै विविधता भनिन्छ" (पृ. ८) । यो भनाइलाई हेर्दा कृति लेखनमा विषयवस्तु, प्रसङ्ग, सामाजिक तथा सांस्कृतिक सन्दर्भ

आदिको आधारमा विविधताहरू देखा पर्दछन् । साहित्यिक कृतिमा गद्यात्मक शक्ति, शैली चिन्हक, आयाम गरी मुख्य तीन प्रकारका विविधताहरू भेटिन्छन्, ती निम्नलिखित छन् :

**गद्यात्मक शक्ति :** प्राचीन समयदेखि चल्दै आएका अर्थात् चलनचल्तीका रूपमा रहेका वा सबैले मान्दै आएका भाव, विचार र विधान व्यवस्थाको अतिक्रमण र सिर्जनात्मक उपयोग दुवैलाई गद्यात्मक शक्ति भनिन्छ । । गद्यात्मक शक्तिको बारेमा पौडेल (२०६९) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> यसभित्र चलनचल्तीका रूपमा रहेका वा सबैले मान्दै आएका भाव, विचार र विधान व्यवस्थाको अतिक्रमण र सिर्जनात्मक उपयोग दुवैलाई लिन सकिन्छ । यो पनि अग्रभूमि निर्माणकै एउटा विशिष्ट रूप हो । प्रयोग प्रचलनकै कुरालाई काव्यात्मक पाराले सही रूप दिएर कृति सिर्जनाको क्षेत्रमा गतिशील नवीन रूप र सौन्दर्य दिई प्रस्तुत गर्न सक्ने कला नै गद्यात्मक शक्ति हो । (पृ. ५४)

माथिको भनाइलाई हेर्दा कृतिकारले के कस्तो परम्पराको परिपालन गरी कृतिमा गतिशीलता प्रदान गरेका छन् भन्नु नै गद्यात्मक शक्ति हो भन्न सकिन्छ ।

**शैली चिन्हक :** अग्रभूमि निर्माणको क्रममा शैली सौन्दर्यअन्तर्गत शैली चिन्हक पनि एक हो । यसलाई प्रष्ट पार्दै पौडेल (२०६९) ले “कुनै पनि साहित्यिक कृतिमा सबैभन्दा कम र सबैभन्दा बढीपटक विशेष सन्दर्भका साथ देखापर्ने, विशिष्ट आकर्षण पैदा गर्ने प्रयास सबै प्रकारका भाषिक एकाइ, सङ्केत, चिन्ह, आयाम, अध्याय, अङ्क, दृश्य, सर्ग, खण्ड, शीर्षक, छन्द, अङ्लकार, भाव, आदिलाई शैलीचिन्हक भनिन्छ” (पृ. ५५) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । यसबाट सामान्य प्रयोजनले नभई विशेष प्रयोजनले प्रयोग गरिने यस्ता शैलीचिन्हकहरू पनि अग्रभूमि निर्माणको शैली सौन्दर्य हुन भनी बुझ्न सकिन्छ ।

**आयाम** : साधारण भाषामा वस्तुको संरचनात्मक विधान नै आयाम वा पक्ष हो भन्ने बुझिन्छ । विशेष अर्थमा भन्दा कुनै पनि कृति वा रचनाको संरचनात्मक घटकहरूलाई व्यवस्थित रूपले प्रस्तुत गर्नु नै आयाम हो । यसलाई प्रष्ट पार्दै शर्मा (२०५९) ले “वस्तुको संरचनात्मक विधानलाई आयाम वा पक्ष भनिन्छ । जसले त्यसका सबै संरचना घटकहरूको सम्बन्धलाई व्यवस्थित पार्छ । यस सन्दर्भबाट हेर्दा

प्रत्येक घटकमा सम्बन्धको दोहोरो स्थिति देखिन्छ । यस द्वन्द्वात्मक स्थितिको परिणाम नै कृतिको संरचना विधान वा आयाम हो" (पृ. २३) भनेका छन् । यस भनाइलाई हेर्दा आयाम वा पक्षले गहन रूपमा लुकेर रहेको वास्तविक भागलाई अँगाल्न पुग्नुका साथै यसले वस्तुवादी र भाषावादी दृष्टिबाट कृतिका सौन्दर्यको उद्घाटन गर्दै त्यसको मूल्याङ्कनसमेत गर्दछ ।

## सारांश

यस अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन प्रस्तुत गरिएको छ, जसअन्तर्गत सम्बद्ध शोध समीक्षामा उद्देश्यअनुसारको कथानक, पात्रगत र भाषिक विश्लेषणअनुसार निकालिएको निष्कर्षलाई दशवटा शोधपत्रको प्रायोगिक विश्लेषणको समीक्षा गरिएको छ भने सम्बद्ध पुस्तक समीक्षामा पाँचवटा पुस्तकलाई आधार बनाई शैलीविज्ञानको बारेमा विभिन्न लेखकहरूले भनेका धारणाहरूका बारेमा व्याख्या र विश्लेषण गरिएको छ । पूर्वकार्यको अवलोकनको अनुप्रयोगले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, पृष्ठपोषण प्रदान गर्न, समस्यालाई समाधान गर्न र विविध कुरामा फाइदा पुगेको कुराको विश्लेषण गरिएको छ । शैलीविज्ञानको सैद्धान्तिक अवधारणाअन्तर्गत शैलीविज्ञानको सैद्धान्तिक अवधारणाअन्तर्गत शैलीको परिचय र परिभाषा, शैलीविज्ञानको स्वरूप, विकास, शैलीविज्ञानको परम्परागत अवधारणा, शैलीविज्ञानको पूर्वीय र पाश्चात्य परम्परा, भाषा शिक्षण र शैलीविज्ञानको सम्बन्ध, भाषा शिक्षण र शैलीविज्ञानको सम्बन्ध र अन्य विधासँगको सम्बन्ध तथा शैलीविश्लेषण प्रक्रियाको बारेमा चर्चा गरिएको छ । त्यसैगरी यस अध्यायमा कथानक संरचनाको सैद्धान्तिक स्वरूपलाई आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहार गरी पाँच भागमा विभाजन गरी प्रस्तुत गरिएको छ साथै पात्रगत संरचनाअन्तर्गत पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता र आबद्धताका आधारमा पनि सिद्धान्त प्रस्तुत गरिएको छ भने भाषा संरचनाअन्तर्गत रेखाचित्र, ध्वनि वा वर्ण व्यवस्था, शब्दभण्डार व्यवस्था, व्याकरण व्यवस्थाको व्याख्या र विश्लेषण गरिएको छ । साहित्यिक संरचनाअन्तर्गत बनोट र बुनोट, शैली, विकल्प र चयन, अग्रभूमि निर्माण, विचलन, समानान्तरता, विविध र आयाम आदिको व्याख्या र विश्लेषण गरिएको छ भने अध्यायको अन्त्यमा सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ ।

# अध्याय तीन

## शोधविधि

शोधकार्यको अध्याय तीनलाई 'शोधविधा' शीर्षक दिई शोधकार्य के कसरी गरिएको छ भन्ने कुरा प्रस्तुत गरिएको छ । अनुसन्धानका क्रममा *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा शैलीविज्ञानसँग सम्बन्धित साहित्यका अन्य विधा (कथा, उपन्यास, नाटक, एकाङ्की, काव्य आदि) मा आधारित रहेर विभिन्न शोधपत्रहरू तयार भएको पाइन्छ । गर्न लागिएको शोधशीर्षकसँग सम्बन्धित यस्तै शोधपत्रहरूको सहयोगमा शोध्य उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्न गरिएको छ । पूर्वकार्यको पुनरावलोकनले शोधार्थी वा अध्येतालाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा स्पष्ट पारी पुनरावृत्तिका सम्भावनालाई हटाउन, पारिभाषीकरण गर्न, त्रुटि हुनबाट जोगिन, नयाँ प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, भावी पुस्तालाई अध्ययन गर्नका निमित्त र जिज्ञासुहरूको लेखन क्षमताको विकास गराउन, शोधको आवश्यकता बोध गराउन, औचित्य स्थापित गर्न यस शोधकार्यले थप सहयोग पुऱ्याउने देखिन्छ । शोधको उद्देश्यप्राप्तिका लागि पुस्तकालयीय तथा स्वअध्ययन विधिको उपयोग गरिएको छ । यसरी राधा पौडेलद्वारा लिखित *मारियम मान्छे भई* शीर्षकको यस उपन्यासलाई प्रस्तुत शोधकार्यको शैलीवैज्ञानिक अध्ययनको लागि छनोट गरिएको हो ।

## अनुसन्धान विधि

प्रस्तुत शोधकार्यको उद्देश्य प्राप्तिका लागि स्वअध्ययन तथा पुस्तकालयीय अध्ययन विधि उपयुक्त रहने हुनाले पुस्तकालयीय तथा स्वअध्ययन विधिको उपयोग गरिएको छ । यसैले राधा पौडेलद्वारा लिखित *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययनको लागि छनोट गरिएको हो ।

## अनुसन्धान ढाँचा

प्रस्तुत शोधकार्य शैलीविज्ञानसँग सम्बन्धित रहने हुनाले यसको अनुसन्धानात्मक ढाँचा पुरा गर्नका लागि विभिन्न शैलीविज्ञानसँग सम्बन्धित पुस्तकहरू र शोधपत्रहरू तथा लेख तथा रचनाहरूको अध्ययनमा आवश्यक पर्ने गुणात्मक अध्ययन ढाँचामा आधारित रहेको छ ।

## नमुना छनोट प्रक्रिया

अध्ययन, अनुसन्धानका क्रममा सम्पूर्ण सामग्रीबाट छानिएको अंश नै नमुना छनोट प्रक्रिया हो । प्रस्तावित अध्ययनलाई विश्वसनीय र भरपर्दो बनाउनका लागि नमुना छनोट गर्नको लागि प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलन पद्धतिको प्रयोग गरिएको छ र उपन्यासको कथानक, पात्रगत तथा भाषिक शैलीको आधारमा शैलीवैज्ञानिक अध्ययन गरिएको छ । नमुना छनोटको सन्दर्भमा राधा पौडेलको *मारियम मान्छे भई* उपन्यासलाई शैलीवैज्ञानिक अध्ययनका लागि नमुना छनोटको रूपमा लिइने छ ।

### तथ्य सङ्कलन प्रक्रिया

शोधार्थीले गर्न लागेका शोधकार्यसम्बन्धित तथ्यहरूको खोजी गरी एकत्रित गर्ने प्रक्रिया नै तथ्य सङ्कलन प्रक्रिया हो । तथ्य सङ्कलन गर्ने प्रक्रियाहरूमा प्राथमिक स्रोतहरू र द्वितीयक स्रोतहरू दुवै पर्दछन् । राधा पौडेलद्वारा लिखित *मारियम मान्छे भई* शीर्षकको उपन्यसालाई प्राथमिक स्रोतको रूपमा प्रयोग गरिएको छ । द्वितीयक स्रोतको सामग्री सङ्कलनका रूपमा त्यस उपन्याससँग सम्बन्धित भएर लेखिएका विभिन्न पुस्तक, जर्नल, अध्ययन, प्रतिवेदन, शोधलेख आदिलाई लिइने छ । प्रस्तुत शोधमा शैलीवैज्ञानिक अध्ययनलाई आधार मानी गरिने हुँदा सुरुमा उपन्यासको अध्ययन गरी कथानक संरचना, पात्रविधान र त्यसपछि शैली विश्लेषण पक्षलाई विश्लेषण गरिएको छ ।

### तथ्य सङ्कलनका साधन

कुनै पनि शोधकार्य सम्पन्न गर्ने क्रममा विभिन्न तथ्यहरूलाई सङ्कलन गरिन्छ, जसले गर्दा शोधकार्य स्तरीय र विश्वसनीय रहने कुरामा विश्वास गर्न सकिन्छ । यसरी सङ्कलन गरिने सामग्रीहरूलाई निम्नानुसार दुई भागमा विभाजन गरी व्याख्या र विश्लेषण गर्न सकिन्छ :


**प्राथमिक स्रोत :** यस *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययनका लागि मूल आधार भनेकै राधा पौडेलद्वारा लिखित *मारियम मान्छे भई* शीर्षकको उपन्यास प्राथमिक वा प्रमुख स्रोतका रूपमा लिइने छ ।

**द्वितीयक स्रोत :** प्रस्तुत शोध शीर्षकसँग प्रत्यक्ष रूपमा शैलीविज्ञानसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरू, प्रकाशित अप्रकाशित शोधहरू, खोजमूलक लेख, रचना, इमेल, इन्टरनेट आदि नै द्वितीयक सामग्रीका रूपमा रहेका छन् ।

**तथ्य सङ्कलन :** शोधपत्रलाई विश्वसनीय, वैद्य र प्रमाणित बनाउनका लागि सङ्कलन गरिएका सामग्रीबाट विभिन्न तालिका तथा उदाहरणहरू, जस्तै : पात्रहरूका वर्गीकरण गरिएको तालिका, भाषिक चयन, विचलन र समानान्तरताका प्रयोग भएका वाक्य आदि प्राथमिक स्रोतबाट अध्ययन गरी प्राप्त गरिएको छ र द्वितीय सामग्री विभिन्न सङ्घ वा संस्था, पुस्तकालय, इमेल, इन्टरनेट, शोधपत्र, शोधप्रबन्ध, लेख, रचना, शोधनिर्देशक र विभिन्न विद्वान्हरूका प्रवचन तथा दिशानिर्देशलाई लिइने छ । यसरी विभिन्न स्रोत र साधनहरूको प्रयोग गरी पुस्तकालयीय अध्ययनविधिका आधारमा तथ्य सङ्कलन गरिएको छ ।

## अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा निम्नानुसारको रहेको छ :




चित्र सङ्ख्या २ : *अवधारणात्मक ढाँचा*

## नतिजा र छलफल

प्रस्तुत शोधकार्य *मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित के कस्ता कमीकमजोरीहरू रहेका छन् ती सबैको अध्ययन गरिएको छ । यस क्रममा वर्णनात्मक तथा विश्लेषणात्मक विधि र पुस्तकालयीय कार्यद्वारा व्याख्या गरिएको छ । यस उपन्यासमा प्रयोग भएका भाषाशैलीको अध्ययन र विश्लेषण गर्नुका साथै पात्रहरूले प्रयोग गर्ने भाषाको लिङ्गगत र वर्गगत आधारमा प्रयोग गरिएको भाषिक स्वरूपको तालिकीकरण समेत गरिएको छ ।

## शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यमा सात अध्याय रहेका छन् । पहिलो अध्यायमा शोधपरिचय रहेको छ, जसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधको उद्देश्य, शोधको औचित्य, सीमाङ्कन रहेका छन् भने अन्त्यमा सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकनलाई सैद्धान्तिक पुनरावलोकन र प्रायोगिक पुनरावलोकन, पूर्वकार्यको पुनरावलोकनको अनुप्रयोगका साथै शैलीविज्ञानको सैद्धान्तिक अवधारणाबारे पनि चर्चा गरिएको छ । अन्त्यमा सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ । तेस्रो अध्यायलाई 'अनुसन्धान विधि' शीर्षक दिई अनुसन्धानको ढाँचा, नमुना छनोट प्रक्रिया, तथ्य सङ्कलनका साधन र तथ्य सङ्कलन आदिको ब्याख्या र विश्लेषण गरिएको छ भने अन्त्यमा नतिजा र छलफलका साथै अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ । चौथो अध्यायमा प्रस्तुत शोधकार्यको उद्देश्यअनुसार विभिन्न शीर्षक र उपशीर्षक विभाजन गरी विवेच्य कृतिको कथानकगत संरचनाको ब्याख्या र विश्लेषण गरिएको छ र अन्त्यमा सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ । पाँचौं अध्यायमा पात्रगत भाषिक ब्याख्या र विश्लेषण गरिएको छ भने अन्त्यमा सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ । छैटौं अध्यायमा चयन, विचलन, भाषिक विश्लेषण र समानान्तरताको ब्याख्या तथा विश्लेषण गरिएको छ र अन्त्यमा सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ । त्यसैगरी सातौँ तथा अन्तिम अध्यायमा शोधकार्यको निष्कर्ष र उपादेयता प्रस्तुत गरी प्रस्तुत शोधकार्यलाई पुरा गरिएको छ ।

शोधकार्यको अन्तिममा अध्ययन गर्ने क्रममा सहयोग लिइएका विभिन्न विद्वान्हरूका शैलीविज्ञानसँग सम्बन्धित पुस्तक, लेख, रचना, शोधकार्यहरूको सन्दर्भसूची प्रस्तुत गरिएको छ भने शोधको सबैभन्दा अन्त्यमा शोधार्थीको वैयक्तिक विवरण प्रस्तुत गरिएको छ ।

## अध्याय चार

## *मारियम मान्छे भई उपन्यास*को कथानक संरचना

*खलङ्गामा हमला* (२०६९) राधा पौडेल (वि.सं. २०३०) को पहिलो औपन्यासिक कृति हो । यसै कृतिबाट उनले २०७० सालमा नेपालको ख्यातिप्राप्त मदन पुरस्कार प्राप्त गर्न सफल भई नेपाली साहित्यमा प्रख्यात बन्न पुगेकी छिन् । यसका साथै उनी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारबाट पुरस्कृत तथा सम्मानित भएकी छिन् । पौडेल हाम्रो समाजमा रहेका सामाजिक विकृति, विसङ्गति र अन्याय, अत्याचार, जातीय तथा लैङ्गिक विभेद आदिलाई टिपेर वास्तविक र सत्यतथ्य रूपमा यर्थाथपरक ढङ्गमा आफ्ना रचनामा प्रस्तुत गर्न सक्षम यथार्थवादी धाराकी साहित्यकार हुन् । उनका *खलङ्गामा हमला* (उपन्यास, २०६९), *सपना त आखिर सपना नै रहेछ* (कवितासङ्ग्रह, २०५०), *शान्तिका पाइला* (कवितासङ्ग्रह, २०७४), *मर्यादित महिनावारी, हामी सबैको जिम्मेवारी'* (२०७४, हाते पुस्तक), *शान्तिका पाइलाहरू* (२०७४, कवितासङ्ग्रह), *अपवित्र रगत* (२०७६, कवितासङ्ग्रह), *मारियम मान्छे भई* (२०७९, उपन्यास) र *रोल नं. एक* (संस्मरण) तथा अङ्ग्रेजी भाषामा प्रकाशित *डिग्नीफाइड म्यानोपाउस*को अनुवाद गरिएको कृति *सर्जिकल राजोनिवृत्ति* प्रकाशित भएका छन् । विभिन्न पत्रपत्रिकाहरूमा उनका लेखरचनाहरू प्रकाशित हुँदै आएका छन् ।

उनका कृतिमा विशेषतः जीवन र जगत्लाई हेर्ने तरिका, प्रत्येक व्यक्ति मान्छे भएर स्वतन्त्र रूपले बाँच्न र हिँड्न पाउनुपर्छ भन्ने सन्देश प्रवाह गरेका छन् । छोरा र छोरीमा हुने लैङ्गिक विभेद, असमानता, सामाजिक विकृति र विसङ्गति, शिक्षित र अशिक्षित व्यक्तिबिचको विभेद, गरिबी, जातजाति, वर्ग, धर्म र समुदायमा हुने दमन, शोषण, अन्याय, अत्याचार आदिको कुशलतापूर्वक संयोजन गरेर यस्ता विकृति र विसङ्गतिको भण्डाफोर गर्दै समाजमा चेतना फैलाउने उद्देश्य राखेर कृति प्रकाशित गर्नु उनको प्रमुख विशेषता हो । यस कृतिको कृतिगत (कथानक) संरचनालाई आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्षह्रास र उपसंहारमा वर्गीकरण गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

### आरम्भ

*मारियम मान्छे भई* उपन्याका प्रमुख पात्रहरू मारियम, मारियमकी अम्मी, अब्बा, दादी, भाइ र बहिनी हुन् । यिनी पात्रहरूको जीवन भोगाइसँग जोडिएर आएका पात्रहरू

रिमा, मनसरा, अनन्त सर, संधिरा, शीला म्याडम यस उपन्यासमा सहायक पात्रका भूमिकामा आएका छन् भने रिमाकी आमा, बाबा, कक्षाका साथीहरू, मारियमको बारेमा कुरा गरेर जिस्क्याउने मारियमकी अम्मीका साथीहरू, स्कुलमा पढ्ने रिमा महिनावरी हुँदा कराउने मारियमकी साथी दुर्गा, संधिरा, महिनावारी हुँदा लुक्नका लागि गएको संधिराका काका, काकी, रिमा र मारियमलाई जिस्क्याउने स्कुले ठिटाहरू आदि गौण पात्रका रूपमा प्रस्तुत भएका छन् ।

कथानकको प्रारम्भमा दिन गन्दागन्दै शनिवार आइपुगेको परिवेशबाट सुरु हुन्छ । यस उपन्यासका प्रमुख पात्र मारियम आइतवारदेखि नै शनिवार कहिले आउँछ भनेर दिन गन्दै बसेकी छिन् सोमवार .... (पृ. ९) । यो बानी मारियमको सानैदेखिको हो । त्यस्तै मारियम शनिवारको दिन आएकाले 'न त अम्मीलाई सघाउने हतार, न भाइबहिनीलाई गृहकार्य सिकाउनुपर्ने, न भाइबहिनीलाई तयार गराउने तनाव' (पृ. ९) भन्दै सुत्छे तर त्यसैक्रममा अम्मीको प्रवेश हुन्छ । सदाझैँ अम्मीको किचकिच सुरु हुन्छ । अम्मीले चारचारवटा बच्चा पाउनु, हुर्काउनु, सासूससुरा र श्रीमान्लाई एकनासले स्याहार गर्नु, सधैँ आफू सानै भएर बस्नुपर्ने समस्या भोगेकी, महिला र पुरुषमा हुने विभेद, घरभित्रदेखि बाहिरसम्मको निर्णय सहनु परेको, आफूले मान्दै आएको संस्कार छोरीहरूले नमान्ने पो हुन् कि, मारियमले गाल पार्ने पो हो कि, छोरी भएकै कारण बाहिर स्वतन्त्र भएर हिँड्न नपाउनु, बिहान सबेरै उठ्नुपर्ने, सकारात्मक होस् वा नकारात्मक सबै कुरालाई 'अँ हो' (पृ. १५) भनेर 'होमा हो' मिलाउनुपर्ने, मारियम घरकी जेठी छोरी भएका कारणले सबैले भनेको मान्नुपर्ने र जे गरे पनि गाली खानुपर्ने (पृ. १५) परिस्थितिसम्म कथानकको आयाम रहेको छ ।

## सङ्घर्ष विकास

कथानक अगाडि बढ्दै जाँदा घटनाविशेषका कारण पात्रहरूसमक्ष नयाँ समस्या उत्पन्न भई उनीहरू एकआपसमा सङ्घर्ष गर्न थाल्छन् (पृ. १५) । यसरी उपन्यासको कथानकमा सङ्घर्ष विकासको सुरुवात हुन्छ । यसरी उपन्यासको कथानकको पहिलो सङ्कटको सिर्जना हुनाले यस चरणलाई प्रथम सङ्कटावस्था भन्न सकिन्छ । उपन्यासको कथानक आरम्भ भएपछि मारियम सुतेको बुट्टे तन्नामा रातो दाग देखिनु, भाइबहिनीहरूले यहीँ बसेर मार्कर चलाउँदा बिर्को खुल्लै राखेर ओछ्यानमा दाग लागेकाले आफैले गाली खानुपर्ने भएकाले धुनुपर्छ कि क्या हो भन्दै सोचमग्न हुनु तर त्यो रङ्ग अन्य रङ्गभन्दा

फरक र गाढा भएकोले रिमाको जस्तै तन्नामा मात्र हो र आफ्नो फ्रकमा पनि रहेछ भनी मारियमले थाहा पाउनु (पृ. १७) ।

रिमा मारियमकी स्कुल पढ्दाकी साथी हुनु । उनीहरू कक्षा सातमा एउटै बेन्चमा बस्ने गरेको हुनु, मारियमलाई एक वर्षजति अगाडि स्कुलमा भएको घटनाको याद आउनु, मारियम र उनका सबै साथीहरू खाजा खाएर गफ गर्ने क्रममा रिमालाई एक्कासि पेट दुख्नु र बेसरी 'ऐया ऐया' (पृ. १६) भन्दै रुनु, त्यसै समयमा दुर्गा नाम गरेकी साथीले 'पिरो खाएका कारण पेट दुखेको हो' भनी रिमालाई गाली गर्नु, रिमाले पेट दुखेकाले घर जान्छु भन्दा मनसराले हाँस्दै 'एकछिन आराम गर्ने, पानी खाने, नदुख्ने औषधी खाने अनि केही सीप नलागे अस्पताल जाने, घर जाने त पढ्न अल्छी गरेर बहाना गरेको हो' (पृ. १७) भन्नु । रिमाको दुखाइ धेरै हुनाले औषधी खाएर बेन्चमा सुत्नु, साथीहरूले कापीले हम्केर शीतल बनाउने प्रयास गर्नु, रिमाको निलो फ्रक कच्याककुचुक हुनु, बेन्चमा कतै गाढा र कतै पातालो कलेजी रङ्ग दलिएको देखिनु, त्यस्तो परिस्थिति देखेर रिमा भक्कानिएर रुनु, साथीहरू घेरिएर बस्नु र केही साथीहरू आत्तिएर रिमासँगै रुनु, केटा साथीहरू भने 'लेडिज प्रोब्लम्स्' भन्दै जिस्क्याउँदै बिल्ला हान्नु, 'महारानी भएकोरे', 'सान्नानी बिरामी पो भइछे', 'गाग्री फुटेको पो रहेछ' जस्ता व्यङ्ग्य हान्नु (पृ १८), सर तथा म्याडमले सँगै लगेर सेनेटरी प्याड दिनु र रिमा लाज हो वा डरले हो भित्तामा रुँदै जुका टाँसिएझैँ टाँसिइरहनुसम्मको परिस्थिति सिर्जना हुनु (पृ. २०) सम्मको घटनाक्रम सङ्घर्ष विकासको रूपमा कथानकमा आएको छ । आफू समस्यामा पर्दा साथीहरूको उपहास सुन्दै बसिरहनुपर्ने अवस्थाले उपन्यासमा सङ्घर्षको विकास भएको अवस्थालाई स्पष्ट पार्दछ ।

**चरम**

मारियमले स्कुलमा रिमालाई पेट दुख्दा घटेका ती सबै घटना सम्झी आफ्नो पनि महिनावारी भएको थाहा पाउनु (पृ. २३), रिमाका आमा र बाबा दुवै स्वास्थ्य क्षेत्रमा काम गर्ने भएका कारण रिमालाई सात वर्षको उमेर हुँदादेखि नै महिनावारीको बारेमा सम्पूर्ण जानकारी दिएका कारण त्यस अवस्थामा के गर्ने, कसरी प्याड लगाउने र कसरी आफ्नो ख्याल गर्ने भन्ने रिमालाई थाहा हुँदाहुँदै पनि उनले महिनावारीको समयमा भोग्नुपरेको अपमान, पीडा, तिरस्कार र व्यङ्ग्यबाणलाई सहन नसकेको परिस्थितिलाई मारियमले सम्झिनु र आफू महिनावारी भएको र अमर्यादित भई बाँच्न मन नभएकाले आफ्नो कुरा

साथीलगायत घरका कसैलाई पनि नभन्ने निधो गर्नु (पृ. २७) आदि घटनाक्रम कथानकमा आएका छन् । सोच्दै जाँदा मारियमलाई हपहपी गर्मी हुनु, मुटु ढुकढुक गर्नु, मुटुको दायाँपट्टि भ्याटभ्याट गर्दै जाँदा आफू स्कुलमा नभई घरमा भएकाले साथीहरूले आफ्नो रगत नदेखेको भन्दै खुसी हुनु तर आफू पनि रिमाको जस्तै अवस्थामा पुगेको सम्झेर घुँडा टेकेर रुनु (पृ. २४) आदि घटनाक्रममा कथानकमा आएका छन् ।

महिनावारीको बेलामा देखिएको विभेद, अपमान र तिरस्कार गरिनु, प्याड लिन जाँदा प्रायःले जिस्क्याउनु, पाइखाना जाँदा ढिलो भए पनि साथीहरूले जिस्क्याउनु, कपडामा रगत लाग्ला भनी सधैँ डर भइरहनु, घरका सदस्यले स्कुल जानुअघि क, ख पढ्न र लेख्न सिकाउने, एक, दुई भन्न ज्ञान दिने तर महिनावारीको बारेमा केही चर्चा नगर्ने परिवारका सदस्यहरूप्रति मारियमलाई रिस उठ्नु (पृ. २९), यस्तै सोच्दै र आफ्नै मनसित कुरा गर्दैगर्दा अम्मीले बोलाउनु, तर मारियम केही नसुन्नु र उनी बेसरी रुनु, दिदी रोएको सुनी भाइबहिनीहरू पनि उठनु, बहिनीले के भयो दिदी भनेर सोध्नु, मारियमले केही पनि भन्न नसक्नु, महिनावारी भएको अवस्थामा के गर्नुपर्छ र के गर्नु हुँदैन भनी उनलाई थाहा नहुनु, घरमा थाहा दिए अम्मीले जस्तै गरी बस्नुपर्ने, हरेक कुरामा रोकछेक हुने डर र लाजले नभन्ने निधो गर्नु तर अन्त्यमा त्यो कुरा अम्मीलाई बताउनु, अम्मीले भाइहरू तथा बुबासँग बोल्न र छुन हुँदैन भन्नु, परिवारका सदस्यहरूबाट पहिलेको जस्तो राम्रो व्यवहार नपाउनु, महिनावारी नरोकिएसम्म नमाज पढ्न, जयनामाझी (मक्का र मदिना) को चित्र भएको कपडा वा नमाज पढ्दा प्रयोग गरिने कपडा प्रयोग गर्न हुँदैन भन्नु, हज गर्न गएका व्यक्तिलाई नछुनु, प्रयोग गरेका टालालाई अरू कपडाले छोपेर सुकाउने निर्देशन दिनु, रगत बगेकाले अपवित्र भएको भनिनुबाट मारियमले आफू छोरी भएकोमा र रगत बगेकोमा अपवित्र भएको ठानेर रुनु (पृ. २९) आदि घटनाक्रम कथानकमा आएका छन् । त्यसैगरी सांधिराले बैठकमा जनचेतनामूलक कुरा गरेर महिनावारीका बारेमा सम्झाउनु (पृ. ३३) र आफू महिनावारी हुँदा आफ्ना काका, काकीको घरमा लुक्न गएको र मारियमलगायत अन्य साथीहरू भेट्न जाँदा बेस्सरी रोएको देखेर साथीहरू सबैको आँखा रसाएको घटनाको विवरण पेश गर्नु आदि घटनाक्रमका साथै मारियम अर्को महिना फेरि महिनावारी हुँदा नभएको भनी लुकाउनु, महिनावारी हुँदा आएको रगत लुकाउनका लागि दादीको सारी चोरेर टालो बनाउनु, प्रयोग गरेका टालो मलखाद, झाडी र भकारीलाई उत्तम ठाउँ भनी लुकाउनु तर अब्बाले लुकाएर राखेको टालो भेट्नु, अम्मीलगायत सबै रिसाउनु र स्कुलका साथै

बैठककोठा, क्लब जान नदिनु र गतिलो केटो खोजी विवाह गरिदिने कुरा घरमा गरिनु, यस्तो समस्या सहनुभन्दा मुसाको दबाई खाने निधो गर्नुसम्मको घटनाक्रम (पृ. ५८) कथानकमा चरमको रूपमा आएका छन् ।

**सङ्घर्षह्रास**

यस अवस्थामा आइपुग्दा कथानकका पात्रहरूको चर्को सङ्घर्ष मत्थर हुन थाल्छ र छरिएका घटनाप्रवाहलाई समेट्ने र सङ्गाल्ने कार्य गरिन्छ । कुनै कार्य, निर्णय वा खोजेका कारण सङ्घर्ष टुङ्ग्याउनीमा पुग्दछ । यस उपन्यासमा पनि एकपछि अर्का समस्याहरू झेल्दै आइरहेकी मारियम 'अब म मान्छे बन्छु । महिनावारीको रगतले नै अपवित्र भइँदैन । यो विषयमा बैठकमा कुरा गर्नुपर्छ र स्कुलमा पनि भनी सहयोगको निम्ति साथीहरूलाई चिठी कोर्छु' (पृ. १००) भन्दै चिठी लेखेर बहिनीको हातमार्फत पठाउनु, सबै साथीलाई अब्बा, अम्मी र दादीलाई सम्झाइदिनका लागि अनुरोध गर्नुजस्ता अनेकौँ कुराहरूको बारेमा भूमरी चलिरहनु, यस्तैमा रेडियोमा 'साप्ताहिक रूपान्तरण कार्यक्रम' मा प्रस्तोता अखिलेशले डा. शीला पाण्डेलाई अतिथिका रूपमा बोलाउनु, डा. शीलाले महिनावारीका बारेमा राम्ररी बताउनु र समस्या परेमा सम्पर्क गर्नका लागि आफ्नो सम्पर्क ठेगानासमेत छाड्नु, मारियमलाई पनि डा. शीलालाई भेट्न जाने चाहना हुनु, उनको कुरा सुनेर मारियमलाई समाजमा केही गर्नुपर्छ भन्ने चेतना जाग्नु (पृ. १११) जस्ता घटनाक्रम आएका छन् ।

मारियमले आफूलाई असाध्यै पेट दुखेको कुरा दादीलाई बताउनु, दादीले जडिबुटी खुवाउनु, जडिबुटी खाँदा पनि सन्चो नभएपछि स्वास्थ्य चौकी जान्छु भन्नु, स्वास्थ्य चौकीमा अम्मी पनि उनीसँगै जानु, मारियमले आफ्ना समस्या शीला म्याडमलाई बताउनु, म्याडमले मारियमकी आमालाई सम्झाइदिनु र अम्मीले मारियमसँग धेरै कुराहरू गरेर माफी मागी रुनु (पृ. १२८) सम्मको घटनाक्रमले उपन्यासको सङ्घर्षह्रासको अवस्थालाई जनाउँछ ।

**उपसंहार**

कथानक विकासको अन्तिम अवस्था उपसंहार हो । यसमा पात्रहरूका बिचमा कुनै सङ्घर्ष बाँकी रहँदैन । पात्रहरूले जेजस्ता कार्य गरेका हुन्छन्, त्यसैअनुरूपको फल प्राप्त गर्दछन् । यस उपन्यासमा अम्मीले मारियमलाई विद्यालय जाने अनुमति प्रदान गर्नु, उनका हरेक कुराहरूमा मारियमको परिवारका सदस्यहरू खास गरेर अम्मी र अब्बाले साथ दिनु, स्वास्थ्यकर्मीहरूले विद्यालयमा कक्षा चारदेखि माथिका किशोरीहरूलाई पोस्टरसहित

महिनावारीको बारेमा विशेष शिक्षा दिनु र पुरुषमा आउने परिवर्तनका बारेमा विशेष जानकारी दिनु (पृ. १४०), मारियम र उनका साथीहरू संधिरा, रिमा र दुर्गालगायत अन्य साथीहरूको मेलमिलापमा स्कुल छुट्टीमा क्लबका सदस्यहरूको घरघर गएर भेट गर्नु र महिनावारीको रगत पवित्र हो भनी बताउनु (पृ. १४०), एक वर्षको अन्तरालमा नै मारियमको घर, समुदाय र स्कुलमा अचम्मलाग्दो किसिमले परिवर्तन आउनु र उक्त कार्यदेखि मारियमको परिवारलगायत सम्पूर्ण समुदायका व्यक्तिहरू खुसी हुनु (पृ. १४७), अन्तर्राष्ट्रिय मर्यादित महिनावारी दिवको अवसर पारेर मारियमले नगरपालिकामा भएको कविता प्रतियोगितामा सहभागिता जनाउनु, उनको 'मारियमको स्कुलको भित्तो' शीर्षकको कविताले प्रथम स्थान प्राप्त गर्न सफल हुनु (पृ. १४९), मेयर म्याडमले उक्त कविता भित्तामा लेख्नु र 'मारियम रूपमा मान्छे भइसकेको' भनी खुसी हुनुजस्ता घटनाक्रम उपन्यासको उपसंहारको रूपमा आएको छ र मारियमजस्ता नारीहरूले महिनावारीको समयमा आफ्नै परिवारका सदस्य, छरछिमेक र साथीहरूबाट पाउने समस्या हटेको देखाउँदै उपन्यास सुखद रूपमा अन्त्य भएको छ ।

## सारांश

यस अध्यायमा *मारियम मान्छे भई* उपन्यासको कथानक संरचनामा आधारित भएर कथावस्तुको आरम्भ/चिनारीअन्तर्गत उपन्यासमा प्रयोग भएका मुख्य पात्रका रूपमा मारियम, मारियमकी अम्मी, अब्बा, दादी, भाइ र बहिनीहरूका साथै अन्य सहायक पात्रहरू र गौण पात्रहरू र सामान्य घटनाक्रमको बारेमा चिनारी दिइएको छ । सङ्घर्ष विकासअन्तर्गत मारियमकी साथी महिनावारी भएको र स्कुलमा समस्या परेको, स्कुल छुट्टीमा बसेको समयमा मारियम पनि महिनावारी भएको र अम्मी तथा दादीले मारियमलाई हरेक कुरामा रोक लगाउनु र मारियमको मनमा विभिन्न प्रश्नहरूको सङ्गालो उमडिएको र अन्तर्मनमा कुरा खेलाउँदै अत्तालिएर रुनु, डराउनु आदिजस्ता घटनाक्रम प्रस्तुत गरिएका छन् । त्यसैगरी चरमअन्तर्गत मारियम दोस्रोपटक महिनावारी हुँदा आफ्नो महिनावारीको रगत लुकाउनका लागि झुट बोलेको र दादीको सारी चोरी टालो बनाएको, प्रयोग गरेका अर्थात् रगत लागेका टाला केही भकारीमा, केही मलखादमा र केही स्कुल जानेक्रममा भेटिएका झाडीमा लुकाएको र धेरै महिना यही क्रम चलेपछि अम्मीलाई शङ्का हुन्छ । यही क्रममा मारियमका अब्बाले भकारीमा मुसाको दबाई राख्न जाँदा दादीको सारीको टाला भेटेपछि उनको वास्तविकता परिवारलाई थाहा हुन्छ । मारियमले महिनावारी भई अपवित्र

भएको समयमा पनि अब्बा तथा भाइहरूलाई छोएको, अन्य वर्जित कार्यहरू गरेको र झुटो बोलेकोमा परिवारका सदस्यहरू सबै रिसाउँछन् । मारियमको यस्तो कार्यले अब्बा, अम्मी र दादी रिसाएर उनको विवाह गरिदिने बारेमा चर्चा चलेकाले उनले आत्महत्या गर्ने सोचमा पुगेको घटनाक्रम चरमको रूपमा कथानकमा आएको छ ।

कथानकको सङ्घर्षह्रासअन्तर्गत रेडियोमा डा. शीला पाण्डे र प्रस्तोता अखिलेसबिचको महिनावारीसम्बन्धी अन्तर्वार्ता सुनेर मारियममा मान्छे बन्ने र महिनावारी र विभेदसम्बन्धी समस्याको बारेमा परिवार, समाज र विद्यालयका साथीहरूलाई सचेत गराउँदै अगाडि बढ्ने साहस आएपछि पेट दुखेको निहुँ बनाएर अम्मीलाई लिएर शीला मेडमलाई भेट्न जान्छिन् । मेडमलाई भेटेपछि अम्मी र उनले महिला स्वास्थ्य र महिनावारीसम्बन्धी धेरै जानकारी प्राप्त गर्दछन् । त्यसपछि अम्मीले पनि समाज रूपान्तरणमा मारियमलाई साथ दिन्छिन् र यथासक्य सहयोग गर्छिन् । मारियमले स्कुलका साथीहरू मिलेर खोलेको क्लबमार्फत आफ्नो परिवार र समाजमा महिनावारीसम्बन्धी जनचेतना फैलाउन सफल हुन्छन् । विस्तारै समाजमा सदियौँदेखि चलिआएको कुसंस्कारको अन्त्य हुनुसम्मको घटनाक्रमलाई कथानकको सङ्घर्षह्रासको रूपमा लिन सकिन्छ ।

नगरपालिकामा सञ्चालित महिनावारीसम्बन्धी कविता प्रतियोगितामा मारियमको कविताले प्रथम स्थान प्राप्त गर्न सफल हुन्छ र त्यस कवितालाई नगरपालिकाका मेयर म्याडमले भित्ताभित्तामा टाँस्नका लागि अनुमति दिँदै मारियम पूर्ण मान्छे भएको समेत सबैलाई जानकारी गराउँदै खुसी प्रकट गर्छिन् । यस्ता घटनाक्रमपश्चात् आफू पूर्ण मान्छे हुन पाएकोमा गौरवान्वित हुँदै परिवार र साथीहरूलाई धन्यवाद प्रकट गर्दै उपन्यासको सुखद अन्त्य भएको छ । यस खण्डमा पात्रहरूले आफूले गरेका कर्मअनुसार फल प्राप्त गरेका छन् । यसरी उपन्यासको कथानकलाई पाँचवटा शीर्षकमा विभाजन गरेर घटनाक्रम प्रस्तुत गरिएको छ । कथानक संरचनाको दृष्टिकोणबाट हेर्दा उपन्यासको कथावस्तु सिलसिलेवार रूपमा सलल बगेको छ र उपन्यास पठनयोग्य, सन्देशमूलक, लाभदायक र उत्कृष्ट रहेको निचोड निकाल्न सकिन्छ ।

## अध्याय पाँच

## *मारियम मान्छे भई* उपन्यासमा पात्रविधान

उपन्यास आख्यान विधाअन्तर्गत पर्ने महत्त्वपूर्ण साहित्यिक विधा भएको हुनाले यसमा निश्चित खालको कथानक संरचना रहेको हुन्छ । आख्यानलाई गति दिने कथानकले हो भने कथानकमा देखिने मानवीय तथा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथावस्तुका साथसाथै चरित्रको पनि उत्तिकै महत्त्व हुने गर्दछ । *मारियम मान्छे भई* उपन्यासमा उन्नाइस जना प्रमुख र सहायक पात्रहरूको प्रयोग गरिएको छ भने प्रशस्त मात्रामा गौण पात्रहरूको पनि प्रयोग भएको छ ।  चालिसभन्दा बढी पात्रहरूको उपयोग गरिएको छ । तिनीहरूलाई लैङ्गिक आधारमा महिला र पुरुष पात्र, वर्गीय आधारमा उच्च, मध्यम र निम्न वर्गमा तथा शैक्षिक आधारमा शिक्षित र अशिक्षित पात्रमा विभक्त गरिएको छ । उपन्यासमा उपयोग गरिएका यी तीन आधारका पात्रहरूले प्रयोग गर्ने भाषिकामा स्पष्ट रूपमा विभेद रहेको देख्न सकिन्छ । भाषिक दृष्टिले महिला र पुरुषले प्रयोग गर्ने भाषामा विभेद रहेको स्पष्ट देख्न सकिन्छ भने उच्च वर्गीय, मध्यम वर्गीय र निम्न वर्गीय पात्रहरूको भाषिक प्रयोगमा पनि स्पष्ट रूपमा विभेद रहेको पाउन सकिन्छ । यसका साथै शैक्षिक आधारमा शिक्षित र अशिक्षित पात्रहरूको भाषिक प्रयोगमा पनि विभेद रहेको छ । यस उपन्यासमा उपस्थित पात्रहरूको चरित्रअनुसार उनीहरूलाई लिङ्ग, कार्य, स्वभाव, सामाजिक सम्बन्ध, जीवनचेतना, प्रवृत्ति, आसन्नता र आबद्धताका आधारमा निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ :

### मारियम

*मारियम मान्छे भई* उपन्यासकी पात्र मारियम लिङ्गको आधारमा महिला पात्र हो । प्रस्तुत उपन्यासमा केन्द्रीय भूमिका निर्वाह गरेका कारण कार्यको आधारमा ऊ प्रमुख पात्र हो ।  शनिवार छुट्टीको समयमा पनि घरमा अम्मीलाई सघाउनुपर्ने, दादीलाई औषधी दिनुपर्ने, भाइबहिनीलाई खाजा बनाउनुपर्ने, हेरचाह गर्नुपर्ने भएकाले उसलाई ती कामहरू गर्न झन्झट लाग्ने र उनलाई खुला आकाशमा उड्न चाहने, पूर्ण मान्छे भई बाँच्न चाहने, आफू कमजोर नभई आफूले आफैलाई 'म केही बन्नुछ, जुनसुकै बाधा-अडचन आए तापनि आफ्नो निर्णय नफेर्ने, अरु कसैका लागि पनि केही नबनी अरु कसैको इज्जत, शिक्षक, नर्स, इन्जिनियर, नेता आदि केके बन्नुअघि 'म मान्छे बन्नु छ, बस् मान्छ, अब यात्रा मेरो, म

मान्छे बन्ने यात्रा हुनेछ' भनी अठोट राखी पहिलेको मारियमबाट स्वभाव परिवर्तन गरी आफ्नै सोचअनुसार अगाडि बढेको पात्र भएकाले कार्यका आधारमा ऊ गतिशील पात्र हो । जीवनचेतनाका आधारमा उनी वर्गीय पात्र हुन् । घर, स्कुल र समाजमा हुने सामाजिक विभेद र अन्धविश्वास, कुरीति, विकृति र विसङ्गतिको विरुद्धमा लड्न तयार हुने ऊ अनुकूल प्रवृत्तिको पात्रको रूपमा प्रस्तुत भएकी छे । सुरुदेखि अन्त्यसम्म नै अमर्यादित नभई स्वतन्त्र रूपमा मान्छे बन्ने र अरुलाई पनि मान्छे बन्नका लागि जागरुक बनाउन अग्रसर रहने र महिनावारी सामान्य कुरा हो भन्ने सम्झने ऊ स्वभावका आधारमा गतिशील पात्र हो । आफू महिनावारी हुँदा रगत लुकाउनका लागि पैसा झिक्ने सोच बनाउने, दादीको पुरानो सारी चोरेर टालो बनाउने, आफू महिनावारी हुँदा पनि नभएको बताउने र घरका सबै काम गर्ने भएकाले प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । निम्न वर्गीय समाजमा बसेर पनि स्कुलमा खाजा खान पैसा लग्नसक्ने भएकीले सामाजिक सम्बन्धका आधारमा उच्च पात्र हो । उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएर आफ्नो भूमिका निर्वाह गरेकीले ऊ आसन्नताका आधारमा मञ्चीय पात्र हुन् । यस उपन्यासमा प्रमुख पात्र भएको र उपन्यासबाट उनलाई झिक्दा उपन्यासको आन्तरिक संरचना नै खलबलिन गई उपन्यास अपूर्ण बन्ने  भएकाले आबद्धताका आधारमा यस उपन्यासकी बद्ध पात्र हुन् ।

**अम्मी**

प्रस्तुत उपन्यास *मारियम मान्छे भई*मा उपस्थिति पात्र अम्मी लिङ्गको आधारमा महिला पात्र हो । अम्मी मारियमकी आमा हुन् । चारवटा सन्तानलाई स्याहार्नु, सासूससुराको सेवा गर्नु, घरको काम गर्नु, श्रीमान्को सेवा गर्नु अम्मीको दैनिकी हो । उपन्यासमा अम्मीको भूमिका सुरुदेखि अन्त्यसम्म नै भएका कारण कार्यका आधारमा उनी प्रमुख पात्र हुन् । अम्मीले मारियमलाई पहिले हरेक कुरामा रोकथाम गर्ने तर बिस्तारै समयअनुसार छोरीलाई सहयोग गर्ने गरेकाले प्रवृत्तिका आधारमा अनुकूल र समयानुसार आफूलाई परिवर्तन गर्न सक्ने भएकीले स्वभावका आधारमा गतिशील पात्र हुन् । घरका काम गर्ने, परिवारको हेरचाह गरेर समय कटाउनुपर्ने वर्गको प्रतिनिधित्व गर्ने हुनाले उनी जीवनचेतनाका आधारमा वर्गीय पात्र हुन् । कथानकको सुरुदेखि अन्त्यसम्म नै प्रत्यक्ष रूपमा उपस्थित भएर आफ्नो भूमिका निर्वाह गरेकीले उनी आसन्नताका आधारमा मञ्चीय पात्र हुन् भने उनी यस उपन्यासको एक प्रमुख पात्र भएका हुनाले उनको भूमिकालाई उपन्यासबाट हटाउँदा

उपन्यासको आन्तरिक संरचना नै खलबलिन गई उपन्यास अपूर्ण हुने हुनाले आबद्धताका आधारमा यस उपन्यासकी बद्ध पात्र हुन् ।

**अब्बा**

*मारियम मान्छे भई* नामको उपन्यासमा उपस्थिति पुरुष पात्र अब्बा मारियमका बाबा हुन् । अब्बा आफ्ना छोराछोरीको लालनपालन र परिवार चलाउनका लागि सरकारी जागिरे भई अर्थोपार्जन गर्ने व्यक्ति हुन् । अब्बा मारियमलाई हौसला दिने र उपन्यासमा सुरुदेखि अन्त्यसम्म भूमिका भएकाले कार्यका आधारमा प्रमुख र लिङ्गका आधारमा पुरुष पात्र हो । मारियमलाई पहिला नराम्रो सोच्ने, मारियमले गल्ती गरेकोमा उनीसँग रिसाएर नबोल्ने र पछि नर्सले सम्झाएपछि छोरीको प्रगतिमा स्यावासी दिँदै हरेक पाइलामा हौसला दिने भएकाले स्वभावका आधारमा अब्बा गतिशील पात्र हो । परिवारको भरणपोषण र हेरचाह गर्नका लागि जागिरे बन्ने वर्गको प्रतिनिधित्व गर्ने हुनाले जीवनचेतनाका आधारमा वर्गीय पात्र हुन् । कथानकमा प्रत्यक्ष रूपमा उपस्थित भएर आफ्नो भूमिका निर्वाह गरेकाले आसन्नताका आधारमा मञ्चीय पात्र हुन् भने भूमिकालाई उपन्यासबाट हटाउँदा उपन्यासको आन्तरिक संरचना नै खलबलिन गई उपन्यास अपूर्ण हुने हुनाले आबद्धताका आधारमा यस उपन्यासकी बद्ध पात्र हुन् ।

**दादी**

दादी लिङ्गको आधारमा महिला पात्र हो । प्रमुख पात्र मारियमकी हजुरआमाको भूमिका निर्वाह गर्ने दादी पनि उपन्यासको सुरुदेखि अन्त्यसम्म नै भूमिका भएका कारण कार्यका आधारमा उनी प्रमुख पात्र हुन् । घरको पहिलो सन्तान भएको हिसाबले मारियमलाई असाध्यै माया गर्ने, उनको दुःखमा साथ दिने, अम्मी र अब्बाले नदेख्ने गरी लुकाएर नातिनीलाई पैसा दिने उनको कार्यव्यापार वा स्वभावका आधारमा गतिशील पात्र हुन् । अशिक्षा र कुरीतिका कारण पहिला रिसाए तापनि पछि बिस्तारै साथ र सहयोग गर्ने दादी जीवनचेतनाका आधारमा वर्गीय पात्र हुन् । उपन्यासमा परिवर्तनशील सोच राख्नु, सम्पन्न र शिक्षित वर्गका परिवारकी भए तापनि आफ्नो परम्परा र रीतिरिवाजको सम्मान गर्नुपर्छ भन्ने सोच भएकी र त्यो नियम सबैले मान्नुपर्छ भन्ने सोचाइ राख्ने र असल चरित्र भएकी दादी प्रवृत्तिको आधारमा उपन्यासकी एक अनुकूल पात्र हो । समाज र परिवार सबैले मान्ने, घरकी सबैभन्दा ठुली तथा परिवारकी अभिभावक दादी उच्च वर्गीय पात्र हो । उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भई आफ्नो भूमिका निर्वाह गरेकी दादी आसन्नताका

आधारमा मञ्चीय पात्र हो । कथानकको सुरुदेखि अन्त्यसम्म मारियम दादीकी प्यारी नातिनी भएकीले उनलाई दादीले सुख, दुःखमा साथ दिने, हौसला बढाउने, नातिनीको सफलतामा खुसी हुने दादीलाई उपन्यासको कथानकबाट हटाउँदा उपन्यास नै अपूर्ण हुने भएकाले आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

**बहिनी**

बहिनी लिङ्गको आधारमा महिला पात्र हो । प्रमुख पात्र मारियमकी बहिनीको पनि यस उपन्यासमा प्रशस्त भूमिका भएको र उपन्यासको सुरुदेखि अन्त्यसम्म नै भूमिका भएका कारण कार्यका आधारमा उनी प्रमुख स्त्री पात्र हुन् । आफ्नी दिदी मारियमलाई असाध्यै माया गर्ने र उनको दुःखमा साथ दिने, दिदी बिरामी हुँदा हालचाल सोध्ने र सकेको सहयोग गर्ने, दिदीको सन्देश स्कुलसम्म पुऱ्याइदिने उनी प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् । आफ्नी अम्मी र दादीको कुरा सुनेर दिदीको छेउमा नजाने, दिदीसँग बोल्न डराउने बहिनी पछि समय र परिस्थितिअनुसार परिवर्तित भई आफ्नी दिदीको पक्षमा बाल्ने भएकीले उनी स्वभावका आधारमा गतिशील पात्र हुन् । बहिनी आफ्नी दिदीलाई सघाउँदै पछि उनीसँगै समाजसेवामा लाग्नु, क्लबको बैठकमा जानु, महिनावारीको विषयमा सचेतना जगाउने खालका कार्य गर्नुले उनी आसन्नताका आधारमा मञ्चीय र जीवनचेतनाका आधारमा वर्गीय पात्र हुन् । सामाजिक कार्यमा अग्रसर हुने भएकीले उनी प्रवृत्तिको आधारमा अनुकूल पात्र उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भई आफ्नो भूमिका निर्वाह गरेकी र उनलाई उपन्यासको कथानकबाट हटाउँदा उपन्यास नै अपूर्ण हुने भएकाले आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

**भाइ**

मारियमका भाइ सानो भएकाले सबैको माया पाएर पुलपुलिएको र प्यारो पात्र हो । ऊ उपन्यासमा सुरुदेखि अन्त्यसम्म भूमिका भए तापनि खासै कुनै उल्लेखनीय भूमिका नभएकाले कार्यका आधारमा सहायक र लिङ्गका आधारमा पुरुष पात्र हो । मारियम महिनावारी भएको समयमा भाइ र अब्बालाई छुन नहुने भनिएकाले ऊ दिदीबाट टाढा हुन्छ । उसले नजानेर महिला र पुरुषबिचको विभेदलाई देखाएकाले ऊ प्रवृत्तिका आधारमा प्रतिकूल देखिए तापनि दिदीलाई छुन नपाए पनि दिदीलाई टाढैबाट हेरिरहने र सहानुभूति दर्शाउने भएकाले ऊ अनुकूल पात्र हो । कथानकमा परिवारका सदस्यले भनेका कुरा मान्ने वर्गको प्रतिनिधित्व गर्ने हुनाले जीवनचेतनाका आधारमा वर्गीय पात्र, प्रत्यक्ष रूपमा

उपस्थित भएकाले आसन्नताका आधारमा मञ्चीय पात्र हो । महिनावारीको समयमा दिदीलाई सहयोग गर्ने चाहनाले दिदीछेऊ जानु, नजिकै बसेर खेल्नु र आफ्ना कुरा राख्दै दिदीलाई सम्झाउने गर्नाले ऊ स्वभावको आधारमा गतिशील पात्र हो भने उसको भूमिकालाई उपन्यासबाट हटाउँदा उपन्यासको आन्तरिक संरचना नै खलबलिन गई उपन्यास अपूर्ण हुने हुनाले आबद्धताका आधारमा यस उपन्यासको बद्ध पात्र हुन् ।

## रिमा

रिमा लिङ्गको आधारमा महिला पात्र हुन् । उनी मारियमकी स्कुलकी साथी हुन् । मारियमलाई क्लब र स्कुलमा सहयोग गर्ने रिमा प्रवृत्तिका आधारमा अनुकूल पात्र हुन् । रिमा महिनावारी भएको समयमा आत्तिएर भित्तामा टाँसिई रोएको भए तापनि पछिपछि महिनावारी हुँदा नडराउनु, नआत्तिनु, क्लबका साथीहरूले सम्झाएपछि परिस्थिति र अवस्थाअनुसार परिवर्तित हुने उनी स्वभावका आधारमा गतिशील पात्र हुन् । रिमा समाजका सम्पूर्ण किशोर-किशोरीका बारेमा बोल्ने र सामाजिक वर्गको प्रतिनिधित्व गरेका हुनाले उनी जीवनचेतनाका आधारमा वर्गीय पात्र हुन् । रिमाको यस उपन्यासमा केही मात्र भूमिका रहेकाले कार्यका आधारमा उनी सहायक स्त्री पात्र हुन् । उनको प्रत्यक्ष भूमिका रहेकाले आसन्नताका आधारमा मञ्चीय र सामाजिक कार्यमा अग्रसर हुने भएकीले उनी प्रवृत्तिको आधारमा अनुकूल पात्र र उनको भूमिकालाई उपन्यासको कथानकबाट हटाउँदा उपन्यास नै अपूर्ण हुने भएकाले आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

## अनन्त

प्रस्तुत *मारियम मान्छे भई* उपन्यासमा उपस्थित पात्र अनन्त सर लिङ्गका आधारमा पुरुष पात्र हुन् । यस उपन्यासको प्रमुख पात्र मारियमको शिक्षकको भूमिका निर्वाह गरेका र मारियम र रिमालाई सहयोग गर्ने हुनाले कार्यका आधारमा सहायक पात्र हो । अनन्त सर आफ्ना विद्यार्थीहरूलाई सहयोग गर्ने र जहिले पनि साथ दिने पात्र भएकाले प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । समय र परिस्थितिअनुसार परिवर्तन नहुने भएकाले स्वभावका आधारमा स्थिर पात्र हो । कथानकमा विद्यार्थीलाई माया गर्ने र शिक्षकको प्रतिनिधित्व गर्ने भएकाले जीवनचेतनाका आधारमा वर्गीय पात्र, उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएकाले आसन्नताका आधारमा मञ्चीय पात्र, रिमालाई सम्झाउनु, सेनेटरी प्याड दिनु, दुखाइ कम हुने औषधी दिनुजस्ता सकारात्मक कार्य गर्नाका कारण प्रवृत्तिका आधारमा

अनुकूल पात्र हो भने उसको भूमिकालाई उपन्यासबाट हटाउँदा उपन्यासको आन्तरिक संरचनामा खासै परिवर्तन नहुनाले आबद्धताका आधारमा यस उपन्यासको मुक्त पात्र हो ।

**संधिरा**

संधिरा लिङ्गको आधारमा महिला पात्र हुन् । उनी मारियमकी स्कुलकी साथी हुन् र उनको कथानकमा थोरै मात्र उपस्थिति भएकाले ऊ कार्यका आधारमा सहायक पात्र हुन् । संधिराले किशोरी क्लबमा काम गर्नु, बैठकमा हाम्रो भूमिकासम्बन्धी विभिन्न कुराहरू सिकाउनु, जति नै किशोरीहरूलाई महिनावारीका बारेमा सम्झाएर चेतना फैलाए तापनि आफ्नै घरमा आफू महिनावारी हुँदा काकाकाकीले थुनेर राखेका कारण बैठकमा जान असमर्थ हुने र पछि सबैले काकाकाकीलाई सम्झाएपछि मात्र उनी बाहिरिन पाउने विवश तर महिनावारीका बारेमा जनचेतना फैलाउने कार्य गरेकाले प्रवृत्तिका आधारमा अनुकूल पात्र र गतिशील पात्र हुन् । किशोर-किशोरीका बारेमा बोल्ने र सामाजिक वर्गको प्रतिनिधित्व गरेका हुनाले उनी जीवनचेतनाका आधारमा वर्गीय पात्र हुन् । उनको प्रत्यक्ष भूमिका रहेकाले आसन्नताका आधारमा मञ्चीय पात्र र उनको भूमिकालाई उपन्यासको कथानकबाट हटाउँदा उपन्यास नै अपूर्ण हुने भएकाले आबद्धताका आधारमा उनी बद्ध पात्र हुन् ।

**अखिलेश**

प्रस्तुत उपन्यासमा उपस्थित अखिलेश लिङ्गका आधारमा पुरुष पात्र हुन् । यस उपन्यासमा ऊ रेडियोमा कार्यक्रम चलाउने प्रस्तोताको रूपमा उपस्थित भएको छ र उसको उपस्थिति केही समयको रेडियो कार्यक्रम सञ्चालनका लागि आएकाले कार्यका आधारमा सहायक पात्र हो । पुरुष भएर पनि महिलाको हितका लागि कार्यक्रम सञ्चालन गर्ने र कुनै सङ्कोचबिना महिलाहरूका समस्यालाई प्रस्तुत गर्ने भएकाले प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । आफूले जानेका कुराहरू सम्पूर्ण समुदायका सम्पूर्ण महिलाहरूको उचित स्वास्थ्य र धार्मिक तथा सामाजिक कुसंस्कारको बारेमा कार्यक्रम चलाउने र महिलाको समस्याको समाधानका लागि सहयोग पुऱ्याउन पछि नपर्ने भएकाले जीवनचेतनाका आधारमा वर्गीय पात्र हो भने समय र परिस्थितिअनुसार परिवर्तन हुने भएकाले स्वभावका आधारमा गतिशील पात्र हो । ऊ उपन्यासमा प्रत्यक्ष देखा नपरी रेडियो कार्यक्रममार्फत प्रस्तुत भएकाले आसन्नताका आधारमा नेपाथ्य पात्र हो भने उसको भूमिकालाई

उपन्यासबाट हटाउँदा उपन्यासको आन्तरिक संरचनामा खासै परिवर्तन नहुनाले आबद्धताका आधारमा यस उपन्यासको मुक्त पात्र हो ।

**शीला म्याडम**

प्रस्तुत उपन्यासमा शीला म्याडम लिङ्गका आधारमा महिला पात्र हुन् । उनी मारियमलाई सहयोग पुऱ्याउन रेडियोमा पाहुनाका रूपमा पुगी महिनावारीको बारेमा जनचेतना जगाउनका लागि आवाज उठाउन तत्पर भएकीले कार्यका आधारमा सहायक पात्र हुन् । समस्यामा परेका महिलाहरूलाई सहयोग गर्न तत्पर रहने, मारियमलाई विभिन्न समस्याबाट मुक्त गराउनका लागि मारियम तथा परिवारका सदस्यहरूलाई सम्झाउनु, महिलाहरूको स्वास्थ्यसम्बन्धी जनचेतना फैलाउनु आदि सकारात्मक कार्य गरेकाले प्रवृत्तिका आधारमा अनुकूल पात्र र समयअनुसार आफूलाई परिवर्तन गर्दै जानसक्ने भएकीले गतिशील पात्र हुन् । पेसाले डाक्टर शीला म्याडम प्रत्यक्ष रूपमा उपस्थित भएकाले आसन्नताका आधारमा मञ्चीय र उपन्यासबाट उनको भूमिका निकालेको खण्डमा कथानक नै खजमजिने हुनाले उनी आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

**गौण पात्रहरू**

कुनै पनि आख्यानमा तेस्रो वर्गका पात्रहरू हटाइदिँदा कथानकमा खासै असर पर्दैन । यस्ता पात्रलाई गौण पात्र भनिन्छ । शोध्य उपन्यासमा आएका गौण पात्रहरूमा संधिराकी आमा, संधिराकी काका, काकी, रिमाकी आमा र बाबा, स्कुलका ठिटाहरू, मेडम, कोअर्डिनेटर सर, महानन्द पण्डित, मामा, माइजू, हजुरबा, हजुरआमा, नगरपालिकाका अभिभावकहरू, मेयर म्याडम, अम्मीकी साथीहरू रहेका छन् । यिनीहरू यस उपन्यासको कथानकलाई अगाडि बढाउन समय र सन्दर्भअनुसार आआफ्नो भूमिका बहन गरेका छन् । संधिराकी आमा र बाबाले संधिरा महिनावारी हुँदा काकाकाकीको घर पठाएको संवादलाई अगाडि बढाउन सकिन्छ । रिमाका आमा र बाबा पेसाले दुवै नर्स हुन् । उनीहरूले रिमालाई सात वर्षको उमेरदेखि नै महिनावारीका रूपमा जानकारी गराएका र प्याडको समेत व्यवस्था गरेको कुरा रिमाको मुखबाट सुनिन्छ तर उनकी बाबाआमा दुवैको उपस्थिति उपन्यासमा नभएकाले नेपथ्य पात्र हुन् । मेयर म्याडम गौण पात्रका रूपमा उपस्थित भए तापनि उनको उपस्थिति मञ्चीय रूपमै रहेको छ । उनले उपन्यासको अन्त्यमा नगरपालिकामा सञ्चालित नगर स्तरीय महिनावरीसम्बन्धी कविता प्रतियोगितामा प्रमुख अतिथिको रूपमा उपस्थित भएकी छिन् । उक्त कार्यक्रममा मारियम प्रथम भएपछि

कविताको फोटो खिचेर सबैलाई स्याबासी दिँदै प्रत्येक भित्तामा कविता टाँस्ने अनुमति दिएकी मेयर म्याडम लिङ्गका आधारमा स्त्री, कार्यका आधारमा गौण, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा मुक्त पात्र हुन् ।

अन्य गौण पात्रहरूले उपन्यासको कथानकलाई अगाडि बढाउनका लागि नेपथ्य पात्रका रूपमा आएका छन् । यस्ता पात्रहरू आबद्धताका आधारमा मुक्त पात्र हुन् । यस्ता पात्रहरूलाई कथानकबाट झिक्दा कथानकमा कुनै परिवर्तन हुँदैन । यसरी समय र सन्दर्भअनुसार ससाना र अनुकूल भूमिका निर्वाह गर्दै उनीहरू उपन्यासमा प्रस्तुत भएका छन् ।

## शैलीवैज्ञानिक आधारमा पात्रहरूको चरित्र विश्लेषण

*मारियम मान्छे भई* उपन्यासमा उन्नाइस जना प्रमुख र सहायक पात्रहरूको प्रयोग गरिएको छ भने प्रशस्त मात्रामा गौण पात्रहरूको पनि प्रयोग भएको छ । तिनीहरूलाई लैङ्गिक आधारमा महिला र पुरुष पात्र, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभागका आधारमा गतिशील र स्थिर, जीवनचेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा मञ्चीय र नेपथ्य तथा आवद्धताका आधारमा बद्ध र मुक्त गरी निम्नानुसार विश्लेषण गरिएको छ :

### लैङ्गिक आधारमा

प्रस्तुत *मारियम मान्छे भई* उपन्यासमा लैङ्गिक दृष्टिले महिला पात्रहरूका रूपमा मारियम, अम्मी, दादी, बहिनी, रिमा, संधिरा, शीला म्याडम, नर्स, मेयर म्याडम, रिमा, मनसरा, रिमाकी आमा, संधिराकी काकी, स्कुलकी मेडम, दुर्गा, छिमेकी आन्टीहरू आएका छन् भने पुरुष पात्रहरूमा अब्बा, भाइ, महानन्द पण्डित, अखिलेश, हजुरबा, अनन्त सर, काका, कोअर्डिनेटर, स्कुले ठिटाहरू रहेका छन् ।

### कार्यका आधारमा

प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये कार्यका आधारमा मारियम, अम्मी, अब्बा, दादी, बहिनी प्रमुख पात्रका रूपमा आएका छन् भने सहायक पात्रका रूपमा रिमा, भाइ, संधिरा, मनसरा, अनन्त सर, शीला म्याडम आएका छन् । गौण पात्रका रूपमा शीला नर्स, मेयर म्याडम, रिमाकी आमा, संधिराकी काकी, स्कुलकी मेडम, दुर्गा, छिमेकी आन्टीहरू

आएका छन् भने पुरुष पात्रहरूमा भाइ, अखिलेश, हजुरबा, महानन्द पण्डित, काका, कोअर्डिनेटर, स्कुले ठिटाहरू रहेका छन् ।

**प्रवृत्तिका आधारमा**

प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये प्रवृत्तिका आधारमा मारियम, अम्मी, अब्बा, दादी, बहिनी, रिमा, भाइ, संधिरा, दुर्गा, मनसरा, अनन्त सर, अखिलेश, मेयर म्याडम, अनुकूल पात्रका रूपमा आएका छन् भने प्रतिकूल पात्रका रूपमा महानन्द पण्डित, संधिराकी काकी रहेका छन् ।

**स्वभावका आधारमा**

प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये मारियम, अब्बा, अम्मी, दादी, भाइ, बहिनी, संधिरा, दुर्गा, मनसरा, अनन्त सर गतिशील पात्रका रूपमा प्रस्तुत भएका छन् भने छिमेकी आन्टीहरू, स्कुले ठिटाहरू र महानन्द पण्डित गतिहीन पात्र हुन् ।

**जीवनचेतनाका आधारमा**

प्रस्तुत उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये मारियम, शीला म्याडम, नर्स, अम्मी, दादी, भाइ, बहिनी, संधिरा, रिमा वर्गीय पात्रका रूपमा आएका छन् भने अन्य पात्रहरू व्यक्तिगत पात्रका रूपमा आएका छन् ।

**आसन्नताका आधारमा**

प्रस्तुत उपन्यासमा मारियम, अम्मी, अब्बा, दादी, भाइ, बहिनी, रिमा, संधिरा, दुर्गा, मनसरा, शीला म्याडम, नर्स, रिमाकी आमा मञ्चीय पात्रका रूपमा उपस्थित भएका छन् भने अन्य पात्रहरू नेपथ्य पात्रका रूपमा छन् ।

**आबद्धताका आधारमा**

यस उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये मारियम, अम्मी, अब्बा, दादी, बहिनी, भाइ, रिमा, संधिरा, शीला नर्स बद्ध पात्रका रूपमा रहेका छन् भने रिमाकी बाबा र आमा, अखिलेश, अनन्त सर, दुर्गा, मनसरा, महानन्द पण्डित, मेयर म्याडम, रिमा, संधिराकी काकी, स्कुलकी मेडम, छिमेकी आन्टीहरू, हजुरबा, काका, कोअर्डिनेटर, स्कुले ठिटाहरू मुक्त पात्रका रूपमा आएका छन् ।

प्रस्तुत *मारियम मान्छे भई* उपन्यासमा महिला पात्रको बाहुल्यता रहेको छ भने पुरुष पात्र न्यून मात्रामा रहेका छन् । ती पात्रहरूमध्ये कार्यका आधारमा मारियम, अम्मी, अब्बा, दादी र बहिनी मुख्य पात्र हुन् भने अन्य सहायक र गौण पात्रका रूपमा आएका छन् । प्रवृत्तिका आधारमा मारियम, अम्मी, अब्बा, दादी, बहिनी, रिमा, भाइ, संधिरा, दुर्गा, मनसरा, अनन्त सर, अखिलेश, मेयर म्याडम, अनुकूल पात्र हुन् भने प्रतिकूल पात्रका रूपमा महानन्द पण्डित, संधिराकी काकी हुन् । मारियम, अब्बा, अम्मी, दादी, भाइ, बहिनी, संधिरा, दुर्गा, मनसरा, अनन्त सर गतिशील पात्रका रूपमा प्रस्तुत भएका छन् भने छिमेकी आन्टीहरू, स्कुले ठिटाहरू र महानन्द पण्डित,गतिहीन पात्र हुन् । मारियम, शीला नर्स,अम्मी, दादी, भाइ, बहिनी, संधिरा, रिमा वर्गीय पात्र हुन् भने अन्य पात्रहरू नेपथ्य पात्र हुन् । मारियम, अम्मी, अब्बा, दादी, बहिनी, भाइ, रिमा, संधिरा, शीला डाक्टर बद्ध पात्रका रूपमा रहेका छन् भने अन्य पात्राहरू मुक्त पात्रका रूपमा आएका छन् । यसरी उपन्यासमा प्रयुक्त पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताको रूपमा गरिएको विश्लेषणलाई निम्नानुसार तालिकीकरण गरी प्रस्तुत गरिएको छ :

तालिका नं. १, *शैलीवैज्ञानिक आधारमा पात्रहरूको वर्गीकरण*

| वर्गीकरणको आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पात्रहरू | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गीय | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| *मारियम* | | + | + | | | + | | + | | + | | + | | + | |
| *अम्मी* | | + | + | | | + | | + | | + | | + | | + | |
| *अब्बा* | + | | + | | | + | | + | | + | | + | | + | |
| *दादी* | | + | + | | | + | | + | | + | | + | | + | |
| *भाइ* | + | | | + | | + | | + | | | + | + | | + | |
| *बहिनी* | | + | + | | | + | | + | | + | | + | | + | |
| *संधिरा* | | + | | + | | + | | + | | + | | + | | + | |
| *रिमा* | | + | | + | | + | | + | | + | | + | | + | |
| *मनसरा* | | + | | + | | + | | | | | + | + | | | + |
| *अखिलेश* | + | | | | + | + | | + | | | + | | + | | + |
| *शीला म्याडम* | | + | | | + | + | | + | | + | | + | | | + |
| *मेयर मेडम* | | + | | | + | + | | | + | | + | + | | | + |
| *स्कुले ठिटाहरू* | + | | | + | | | + | | + | | + | + | | + | |
| *महानन्द पण्डित* | + | | | | + | | + | | + | | + | | + | | + |
| *रिमाकी आमा* | | + | | | + | + | | | + | | + | | + | + | |
| *संधिराकी काकी* | | + | | | + | | + | | + | | + | + | | + | |
| *रिमाका बाबा* | + | | | | + | + | | | + | | + | | + | + | |

स्रोत : *मारियम मान्छे भई* उपन्यास

(नोट : उल्लिखित तालिकामा (+) चिन्हले पात्रको भूमिकालाई सकारात्मक सङ्केत गरेको छ ।)

## सारांश

शोधकार्यको यस अध्यायमा *मारियम मान्छे भई* उपन्यासका पात्रहरूको चरित्रअनुरूप लिङ्गको आधारमा, कार्यको आधारमा, प्रवृत्तिको आधारमा, स्वभावको आधारमा, जीवनचेतनाको आधारमा, आसन्नताको आधारमा र आबद्धताको आधारमा विभाजन गरी विश्लेषण गरिएको छ। विश्लेषणका क्रममा तालिकासमेत प्रस्तुत गरिएको छ। *मारियम मान्छे भई* उपन्यासमा प्रमुख पात्रका रूपमा उपस्थिति रहेको छ र उसैको कार्यव्यापारलाई अगाडि बढाउँदै कथानकले पूर्णता पाएको छ। उपन्यासमा मारियमकी अम्मी, अब्बा, दादी र बहिनी पनि प्रमुख पात्रका रूपमा नै उपस्थिति रहेको छ। प्रमुख पात्रलाई सहयोग गर्न विभिन्न प्रकारका सहायक तथा गौण पात्रहरू मञ्चीय तथा नेपथ्य पात्रका रूपमा उपस्थित रहेका देखिन्छन्। ती पात्रहरूमध्ये कार्यका आधारमा मारियम, अम्मी, अब्बा, दादी र बहिनी मुख्य पात्र हुन् भने अन्य सहायक र गौण पात्रका रूपमा आएका छन्। प्रवृत्तिका आधारमा मारियम, अम्मी, अब्बा, दादी, बहिनी, रिमा, भाइ, संधिरा, दुर्गा, मनसरा, अनन्त सर, अखिलेश, मेयर म्याडम, अनुकूल पात्र हुन् भने प्रतिकूल पात्रका रूपमा महानन्द पण्डित, संधिराकी काकी हुन्। मारियम, अब्बा, अम्मी, दादी, भाइ, बहिनी, रिमा, संधिरा, दुर्गा, मनसरा, अनन्त सर गतिशील पात्रका रूपमा प्रस्तुत भएका छन् भने छिमेकी आन्टीहरू, स्कुले ठिटाहरू र महानन्द पण्डित,गतिहीन पात्र हुन्। मारियम, शीला नर्स,अम्मी, दादी, भाइ, बहिनी, संधिरा, रिमा वर्गीय पात्र हुन् भने अन्य पात्रहरू नेपथ्य पात्र हुन्। मारियम, अम्मी, अब्बा, दादी, बहिनी, भाइ, रिमा, संधिरा, शीला नर्स बद्ध पात्रका रूपमा रहेका छन् भने अन्य पात्राहरू मुक्त पात्रका रूपमा आएका छन्।

यसरी उपन्यासमा रहेका पात्रहरूको भूमिकाको चित्रण गरी उनीहरूको निष्कर्ष निकालिएको छ। यी पात्रहरूको उपस्थितिले आआफ्नो भूमिका सफल रूपमा निर्वाह गरेको र उपन्यासलाई पठनयोग्य र रोमाञ्चक बनाएको निष्कर्ष निकाल्न सकिन्छ। अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ।

## अध्याय छ

## *मारियम मान्छे भई* उपन्यासको भाषिक संरचना

प्रस्तुत '*मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकको यस शोधकार्यमा भाषिक चयन, विचलनको प्रयोग र समानान्तरताका आधारमा राधा पौडेलद्वारा लिखित *मारियम मान्छे भई* उपन्यासको व्याख्या र विश्लेषण गरिएको छ :

### चयन

*मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययनको क्रममा शब्द चयनअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, नामयोगी, निपात, विस्मयादिबोधक, संयोजक, अनुकरणात्मक शब्द, तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ । विवेच्य उपन्यासमा रहेको भाषिक चयनका साक्ष्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

### नामपदको चयन

यस उपन्यासमा नामपदको चयनअन्तर्गत प्रयोग भएका केही उदाहरणहरू - "त्यसैले त बिउँझिएर पनि ओल्टोकोल्टो गर्दै चराहरूको चिरबिर सङ्गीतमा हराउँछु नि म" (पृ. ९), "हे अल्लाह ...! जे होस् म घरमा नै भएँ" (पृ. २५), "मेरो मन रोइरहेको थियो" (पृ. ४१), "महिनावारी भएपछि त काठमाडौँको सुन्धाराको १२ तले धरहराबाट हाम फालेजस्तो भयो" (पृ. ९०), "किताब, कपडा, बिउ, बिजन सबैसबै खाएर हैरान" (पृ. ९१), "कसैले पनि मलाई अस्पताल लाने कुरा भने गरेकै थिएनन्" (पृ. ११९), "केही दु:ख भएको छैन मारियम (पृ. १३७) । रेखाङ्कित शब्दहरूमध्ये चरा, घर, सुन्धारा, धरहरा, अस्पताल जातिवाचक नाम, मारियम व्यक्तिवाचक नाम, दु:ख भाववाचक नाम, काठमाडौँ, स्थानवाचक नाम हो भने किताब, कपडा आदि द्रव्यवाचक नामको रूपमा चयन भएको छ । यस्तै विभिन्न प्रकारका नामपदको प्रयोगले कृति उत्कृष्ट बनेको छ ।

### सर्वनाम पदको चयन

नाम सट्टामा प्रयोग हुने नामिक पदलाई सर्वनाम भनिन्छ । नामपदलाई बारम्बार पुनरावृत्तिले वाक्यमा खल्लोपना ल्याउने भएकाले मिठासयुक्त र आकर्षक बनाउनका निम्ति सर्वनामको प्रयोग गरिन्छ । यस उपन्यासमा सर्वनामको केही उदाहरणहरू - "त्यसैले यो मान्छे हुने कुराको पनि समाधान छ" (पृ. ८९) । 'यो' शब्द प्रथम पुरुष, एक वचनमा प्रयोग हुने सर्वनाम हो । "उहाँको तिखो नजर बाणजस्तै लाग्थ्यो" (पृ. ११०) । 'उहाँ' शब्द तृतीय

पुरुषको एक वचनको आदरार्थी सर्वनाम हो । "उनले मलाई रुन दिइन्" (पृ. २३७) । यस वाक्यमा रेखाङ्कित 'उन' शब्द आदरार्थी दर्शक सर्वनाम हो । "हामीलाई देख्या नदेख्यै झैँ गर्नुभयो" (पृ. १२४) । यस वाक्यमा रेखाङ्कित 'हामी' शब्द प्रथम पुरुषवाचक व्यक्तिवाचक सर्वनाम हो । "जुन पसलले किन्ने सम्भावना थियो उनीहरूले दादी, अम्मा, अब्बालाई राम्ररी चिनेको थिएँ" (पृ. ६७) । यस वाक्यमा रेखाङ्कित 'जुन' शब्द सम्बन्धवाचक सर्वनाम हो भने 'उन' शब्द आदरार्थी दर्शक सर्वनाम हो । यस्तै अन्य धेरै सर्वनामको प्रयोगका कारण उपन्यास पठनयोग्य बनेको छ ।

**विशेषण पदको चयन**

कुनै पनि वस्तु, व्यक्ति र ठाउँको अवस्था, दोष, परिणाम बुझाउन आउने शब्दहरू विशेषण हुन् र *मारियम मान्छे भई* उपन्यासमा प्रयोग भएका विशेषण पदका केही उदाहरणहरू - "मारियम ...! मसिनो र भासिएको आवाजमा साउती मारेझैँ दादीले मलाई बोलाइरहनु भएको थियो" (पृ. ४४), "उसको निलो फ्रक कलेजी र रातो झोलले रुझेको जस्तो देखिएको थियो" (पृ. ६२), "कोही पनि ठुलो स्वरले बोलेका थिएनन्" (पृ. ९४), "त्यति ठुलो चौर खचाखच देखिन्थ्यो" (पृ. १४४), "महिनावारी भएपछि त काठमाडौँको सुन्धाराको बाह्र तले धरहराबाट हाम फालेजस्तो भयो" (पृ. ९०), । प्रस्तुत उदाहरणहरूमा रेखाङ्कित निलो, कलेजी, रातो, ठुलो, मसिनो, भासिएको, खचाखच गुणवाचक र बाह्र तले सङ्ख्यावाचक विशेषण हो । यस्ता विशेषणको प्रयोगले कृति मधुर बनेको छ ।

**क्रियापदको चयन**

कर्ताले गरेको कार्यव्यापर बुझाई वाक्यात्मक संरचना पूरा गर्ने शब्दलाई क्रियापद भनिन्छ । यसका केही उदाहरणहरू - "... वास्तवमा म त्यति नै डराएकी पनि थिएँ" (पृ. ८८), "अस्थायी समाधानका लागि मैले मेरो रगतले ... भकारीसँगै लुकाएँ" (पृ. ७९), "उहाँ ढोका खुल्नेबित्तिकै कुर्सीबाट उठिसक्नुभएको थियो" (पृ. १२७) । प्रस्तुत वाक्यहरूमा रेखाङ्कित शब्दहरू क्रियापदका रूपमा चयन भएका छन् । क्रियापदको प्रयोगबाट वाक्यात्मक संरचनाले पूर्णता पाउँछ ।

**क्रियायोगी पदको चयन**

किन, कसरी, कहाँ, कहिले, कति आदि प्रश्नका जवाफमा आउने शब्दलाई क्रियायोगी भनिन्छ । यस उपन्यासमा प्रयोग गरिएका क्रियायोगीहरू - "मैले पनि महिनावारी हुनुपूर्व केही पनि थाहा पाएकी थिइनँ" (पृ. ९२), "यहीबिचमा मैले सानी

बहिनीलाई अम्मीलाई बोलाउन पठाएँ" (पृ. ३९), "अनि तिमीले कसरी जवाफ दियौ त" (पृ. ३९), "अब त साँच्चिकै मान्छे भएँ" (पृ. १५०)। यी रेखाङ्कित शब्दहरू यतिखेर क्रियायोगी पद हुन्। यस्तै अन्य क्रियाविशेषण प्रयोगले कृतिलाई उत्कृष्ट बनाएको छ।

**नामयोगी पदको चयन**

नामयोगी शब्दले स्थान, समय, रीति, दिशा आदि अनेक अर्थ बताउँछ र यस्ता शब्द नाम अथवा नामझैं प्रयुक्त हुने सर्वनाम, विशेषण आदिका पछाडि जोडिएर आउँछ। यस उपन्यासमा नामयोगी पदको चयनका उदाहरणहरूमा - "यहीँ घरबाट जे देखिन्छ त्यही हेर्ने" (पृ. ७९), "तिमीलाई कस्तो कुरा मिलाउन आएको" (पृ. ५६), "अस्थायी समाधानका लागि मैले मेरो रगतले ... भकारीसँगै लुकाएँ" (पृ. ७९), "त्यस्तै एघार बजेतिर र म भएर स्वास्थ्य केन्द्र हिँड्यौँ" (पृ. ३८)। यी वाक्यहरूमा रेखाङ्कित बाट, लाई, सँगै, सित, तिर नामयोगी हुन्। यस उपन्यासमा नामयोगीको चयन प्रशस्त मात्रामा गरिएको छ।

**संयोजक पदको चयन**

एकभन्दा बढी पद, पदावली वा वाक्यखण्डलाई जोड्ने अविकारी एवम् बद्ध शब्दलाई संयोजक भनिन्छ। यस उपन्यासमा प्रकार भएका केही संयोजकहरूमा - "भुइँतलाको कोठा अँध्यारो थियो फेरि झ्याल पनि बन्द" (पृ. ३६), "आवाज त निकाल्न सकिनँ तर कता हो कता रुन पो मन लाग्यो" (पृ. ६५), "संघिराले बुझाउँथी अनि मैले प्रष्ट पार्थें" (पृ. १४०), "मारियम ...! मसिनो र भासिएको आवाजमा साउती मारेझैँ दादीले मलाई बोलाइरहनु भएको थियो" (पृ. ४४)। उल्लिखित वाक्यहरूमा रेखाङ्कित शब्दहरू फेरि, तर, अनि, र संयोजक हुन्।

**निपात पदको चयन**

भाषामा खासखास भावलाई व्यक्त गर्न स्वयम् प्रत्यक्ष रूपले सार्थक नभए पनि वाक्यका निकटवर्ती शब्दलाई निपात भनिन्छ। जस्तै : "स्वास्थ्य केन्द्र जानु नजानुको कुनै मतलब नै भएन" (पृ. १२ ), "पढेको कुरा त हो नि" (पृ. १३), "छिटो दौडी न सिमी, यसरी त कसरी भेट्छेस् मलाई ?" (पृ. ५९), "मारियम ...! मसिनो र भासिएको आवाजमा साउती मारेझैँ दादीले ... थियो" (पृ. ४४), "आवाज नै निकालेर पो रोएँ म त" (पृ. २९), , "त्यसैले त बिउँझिएर ... चिरबिर सङ्गीतमा हराउँछु नि म" (पृ. ९), "चरीचुच्चे च खै रे"

(पृ. २६) । प्रस्तुत रेखाङ्कित शब्दहरू कृतिमा प्रयोग भएका निपात शब्द चयनका केही उदाहरण मात्र हुन् ।

**झर्रा तथा अनुकरणात्मक शब्द चयन**

कुनै स्रोतबाट नभएर निश्चित अर्थ दिनसक्ने सामर्थ्य भएका शब्दहरू झर्रा तथा अनुकरणात्मक शब्द हुन्, जस्तै : "त्यसैले त बिउँझिएर पनि ओल्टोकोल्टो गर्दै चराहरूको चिरबिर सङ्गीतमा हराउँछु नि म" (पृ. ९), "ओठ थरथर काम्यो, मुटु ढुकढुक गऱ्यो" (पृ. १९), "भाइबहिनीहरू जऱ्याकजुरुक्क उठिहाल्छन्" (पृ. ३०), "कोही मरेको जस्तो शून्य-शून्य थियो" (पृ. ९४) आदि केही अनुकरणात्मक शब्द हुन् । जिब्रो काट्दै (पृ. १२), चरीचुच्चे च, गाँठी कुरो (पृ. २६), टोपलिएर (पृ. २६), बित्थामा (पृ. ७८), टालो (पृ. ७७), सातो (पृ. ९५), प्वाक्क (पृ. १२९), दर्कने पानी (पृ. ९१) आदि झर्रा शब्दहरू हुन् । यस्ता शब्दहरूले उपन्यासको सौन्दर्यता बढाएको छ ।

**विस्मयादिबोधक शब्द चयन**

*मारियम मान्छे भई* उपन्यासमा प्रशस्त विश्मयादिबोधक शब्दको प्रयोग गरिएका छन्, जसका केही उदाहरण यसप्रकार रहेका छन् - "ला ! आज पनि मिल्ने छाँट छैन" (पृ. १५) । यहाँ तिरस्कार प्रकट गरिएको छ । "ओहो...! मैले खाटमा घुँडाले टेकेकी पो रहेछु" ( पृ. २४) । यहाँ आश्चर्य प्रकट गरिएको छ । "हे अल्लाह ! जे होस् म घरमा नै भएँ ?" ( पृ. २५) । यहाँ हर्ष प्रकट गरिएको छ । "हरे ! फागु पनि किन शुक्रवार परेको होला" (पृ. ७९) । यहाँ धिक्कार प्रकट गरिएको छ । "अम्मी ... अम्मी ... आउनू न !" (पृ. १२७) । यहाँ सम्बोधन प्रकट गरिएको छ । "अचानक कोठा शून्य भयो !" (पृ. ३६) यहाँ आश्चर्य प्रकट गरिएको छ । यस्ता विस्मयादिबोधक शब्दहरूको प्रयोगले उपन्यासको रोचक बनाउनुका साथै कृतिको सौन्दर्यता बढाएको छ ।

**तत्सम शब्द चयन**

*मारियम मान्छे भई* उपन्यासमा संस्कृत भाषाबाट मूल रूप परिवर्तन नगरी जस्ताको तस्तै आएका तत्सम शब्दका केही शब्दहरूका केही उदाहरण - "कक्षा चारभन्दा माथिका सबै विद्यार्थीलाई राखेर हाम्रो कक्षा लिनुभयो" (पृ. १३८), "उनीहरूको गुण वा शक्ति छ त्यसैलाई कमजोर, ... राखेको छ" (पृ. ११४), "मैले पनि महिनावारी हुनुपूर्व केही पनि थाहा पाएकी थिइनँ" (पृ. ९२),"त्यस्तै एघार बजेतिर अम्मी र म भएर स्वास्थ्य केन्द्र

हिँड्यौँ" (पृ. १२१), "वायुमण्डलमा पनि चरम उष्णता थियो" (पृ. २०), "हाम्रो घर, स्कुल, हाम्रो धर्म, संस्कृति, सरकार सबैले" (पृ. ११४), "मेरो विचारको शृङ्खलालाई भङ्ग गरिदियो" (पृ. १११) आदि साक्ष्यमा आएका रेखाङ्कित शब्दहरू तत्सम शब्द हुन् । यस्ता शब्दहरूको चयनले कृति उत्कृष्ट बनेको छ ।

**तद्भव शब्द चयन**

प्रस्तुत *मारियम मान्छे भई* उपन्यासमा समाविष्ट तद्भव शब्दहरूका केही उदाहरणहरू - "छिटो दौडी न सिमी, यसरी त कसरी भेट्छेस् मलाई ?" (पृ. ५९), "उहाँ ढोका खुल्नेबित्तिकै कुर्सीबाट उठिसक्नुभएको थियो" (पृ. १२७), "चार कक्षाभन्दा माथिका सबै विद्यार्थी पुछ्दै आँखा उघारी" (पृ. १३८), "मैले पनि आँसु र सिँगानले पोतिएको मुख लगेर उहाँको गालामा चुप्पा खाइदिएँ" (पृ. १३८), "मिलाएर नभने पनि पहिलो बच्चाले आमा र बा मात्र बनाउँदैन पक्का साथी पनि बन्छ" (पृ. १४३), "एक कान, दुई कान" (पृ. ८३) आदि । यी वाक्यहरूमा प्रयोग भएका आमा संस्कृतको माताबाट, बा पिताबाट, मलाई मम कृतेबाट, आँखा नयनबाट, अँध्यारो अन्धकारबाट, आँसु अश्रुबाट, कान कर्णबाट र ढोका द्वारबाट रूपायन भई तद्भव शब्दको रूप चयन भएको छ । यस उपन्यासमा उपन्यासकारले यस्ता धेरै तद्भव शब्दहरूको प्रयोग भएका छन् ।

**आगन्तुक शब्द चयन**

*मारियम मान्छे भई* उपन्यासमा नेपाली र संस्कृत भाषाका बाहेक अन्य भाषाबाट आएका आगन्तुक शब्दहरू प्रशस्त मात्रामा प्रयोग गरेका छन् । जस्तै - "पानीको केमेस्ट्री पनि अचम्मको !" (पृ. १५) । 'केमेस्ट्री' अङ्ग्रेजीबाट आएको शब्द हो । "भुइँतलाको कोठा अँध्यारो थियो फेरि झ्याल पनि बन्द" (पृ. ३६) । 'झ्याल' मैथिलीबाट आएको शब्द हो । "मिलाएर नभने पनि पहिलो बच्चाले आमा र बा मात्र बनाउँदैन पक्का साथी पनि बन्छ" ( पृ. १४३) । बच्चा फारसीबाट आएको शब्द हो । "किताब, कपडा, बिउ, बिजन सबैसबै खाएर हैरान" (पृ. ९१) । किताब अरबी भाषाबाट आएको शब्द हो । "२-४ किलो अन्न किसाना पसलमा, कुटानी ... केही थिएन" (पृ. ८३) । पसल मगर भाषाबाट आएको हो । "अम्मी ... अम्मी ... आउनू न !" (पृ. १२७) । अम्मी हिन्दी भाषाबाट आएको हो । यस्तै अन्य प्रशस्त आगन्तुक शब्दहरूको प्रयोग कृतिमा व्यापक रूपमा भएको पाइन्छ । यस्ता आगन्तुक शब्दहरूले कृतिमा रोचकता थपेको पाउन सकिन्छ ।

**वाक्य चयन**

*मारियम मान्छे भई* उपन्यासमा समाविष्ट वाक्यहरूलाई सरल, संयुक्त र मिश्र वाक्य लाई निम्नानुसार वाक्यहरूको प्रयोग गरिएको पाइन्छ :

**सरल वाक्यको चयन :** *मारियम मान्छे भई* उपन्यासमा समावेश एउटा मात्र उद्देश्य र विधेय भएका केही सरल वाक्यहरूका केही उदाहरणहरू, जस्तै - "रिमाको याद आयो" (पृ. ४२), "फेरि डर लाग्यो" (पृ. ७४), "भेदभाव गर्नु अपराध" (पृ. १४०), "महिनावारी ढोका हो" (पृ. ११७), "म भावुक बनेछ" (पृ. ११७) आदि । यी सरल वाक्यका केही उदाहरणहरू मात्र हुन् ।

**संयुक्त वाक्यको चयन :** दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्यलाई निरपेक्ष संयोजकले जोडेर बन्ने वाक्यहरू नै संयुक्त वाक्य हुन् । *मारियम मान्छे भई* उपन्यासमा प्रयोग भएका संयुक्त वाक्यका केही उदाहरणहरू, जस्तै - "स्कुलले प्याड निःशुल्क दिँदैन । गाँठी कुरा त कहाँ थाहा पाइँदो रहेछ र ? फेरि यो समस्या स्कुलको भन्दा पनि घरको हो" (पृ. २६), "चियापत्तीको प्याकेट देखाउँदै, 'चरीचुच्चे च' खै रे ?" (पृ. २६), "बित्थामा किन आफ्नो रहस्य खोल्नु ! एक कान, दुई कान हुँदै कुरा घरमा नै पुग्न सक्थ्यो" (पृ. ८३) आदि । उदाहरणका रूपमा प्रस्तुत भएका वाक्यहरू दुई वा दुईभन्दा बढी उपवाक्यहरू जोडेर संयुक्त वाक्य बन्न गएका छन् । यस्ता वाक्यको प्रयोग उपन्यासमा पर्याप्त मात्रामा प्रयोग भएको पाइन्छ ।

**मिश्र वाक्य :** एउटा मुख्य र अरू आश्रित उपवाक्यहरू मिली बनेको वाक्यलाई मिश्र वाक्य भनिन्छ । *मारियम मान्छे भई* उपन्यासमा प्रयुक्त केही मिश्र वाक्यहरूका केही उदाहरणहरु, जस्तै - "मैले त संधिरालाई घरबाट विद्रोह सुरु गर्न लागेँ भने सुनाउन लागेकी थिएँ तर ऊ त मभन्दा पनि दृढ पो भइसकेकी रहिछ" (पृ. ५९), "छिटोछिटो टालो फेर्थें अनि रगत लागेको टालो चाहिँ झाडीमा पोको पारेर लुकाउँथें" (पृ. ७७), "म त जन्मँदै अपवित्र अनि अघि जन्मे पो के, धेरै पढे पो के ! (पृ. ९८) आदि । यस्ता संयुक्त वाक्यहरू उपन्यासमा प्रशस्त मात्रामा रहेका छन् ।

यस उपन्यासमा एक शब्दको वाक्यदेखि लामालामा वाक्यहरूको प्रयोग गरिएकाले कृति पठनलाई कतैकतै अप्ठेरो परेको देखिए तापनि सरल, संयुक्त र मिश्र वाक्यको प्रयोगले उपन्यासलाई सरल र सहज बनाएको पाउन सकिन्छ ।

**चिन्ह प्रयोग**

उपन्यासकारले *मारियम मान्छे भई* उपन्यासमा आफ्ना विचारहरू अभिव्यक्त गर्ने क्रममा विभिन्न प्रकारका लेख्य चिन्हहरूको प्रयोग गरेका छन् । यस्ता चिन्हहरूको केही नमुनाहरू निम्नानुसार रहेका छन् :

**पूर्णविराम चिन्हको प्रयोग :** *मारियम मान्छे भई* उपन्यासमा प्रशस्त पूर्णविराम चिन्हको प्रयोग भएका छन्, जस्तै - "सात कक्षा पढ्ने त भइसकेँ ।" (पृ. ९), "अचानक कोठा शून्य भयो ।" (पृ. ३६), "पछि राम्रो जागिर पाइन्छ ।" (पृ. ८३), "उहाँको त सातो नै गएजस्तो छ ।" (पृ. ९५), "अम्मीलाई भनेँ ।" (पृ. ९९) आदि । उपन्यासकारले वाक्यलाई पूर्ण बनाउनका लागि उपयुक्त स्थानमा व्याकरणिक नियमानुसार पूर्णविराम ( । ) चिन्हको प्रयोग गरेका छन् ।

**प्रश्नवाचक चिन्हको प्रयोग :** यस उपन्यासमा कृतिकारले प्रश्नवाचक चिन्हको प्रयोग पनि व्यापक रूपमा गरेका छन् । जसका केही उदाहरण - "तर के गर्ने?" (पृ. १४), "आज तिमीहरूको क्लबको बैठक छ भनेको हैन ?" (पृ. ४७), "बाँच्न कसले रोक्छ ?" (पृ. ११९), "कि चिठी नै पाइनौ ?" (पृ. १३१), " "अब्बासँग महिनावारीको बारेमा सोध्न सक्छु ?" (पृ. २३) आदि उपन्यासमा प्रश्नवाचक (?) चिन्हको प्रयोग गरेर कृतिको भाषिक अभिव्यक्तिको सौन्दर्य बढाएको पाइन्छ ।

**योजक चिन्हको प्रयोग :** उपन्यासमा प्रयोग भएका केही योजक चिन्ह (-) का उदाहरण - "अम्मीलाई हिजो बेलुका नै भनिसकेको छ - भोलि बिहान अलि ढिलो उठ्छु है" (पृ. ९), "भन्नुभएको छ रे - के के गाल पार्ने हो यसले ?" (पृ. १२), "अलिअलि डराएको सोरमा सोधी - के भयो ?" (पृ. ३०), "यसमा कुनै शङ्का थिएन - मैले मदरसामा हरेक महिनाजस्तो ... देखेकी थिएँ" (पृ. १९४) आदि । यी योजक चिन्हहरूको प्रयोगबाट दुईवटा शब्द तथा वाक्यलाई जोड्ने तथा विभिन्न कुरालाई प्रष्ट्याउन, निर्देशित गर्ने काम गरेको छ ।

**उद्गार चिन्हको प्रयोग :** उपन्यासका पात्रहरूमा आएका विस्मात, दुःख, आश्चर्य, हर्ष, घृणाजस्ता संवेदनात्मक व्यवहारलाई देखाउन प्रयोग गरिएका विस्मयादिबोधक चिन्ह (!) का केही उदाहरणहरू - "आम्मै ! म हिजो वा भोलि स्कुलमा भएको समयमा यसरी नै रगताम्मे भएकी भए के हुन्थ्यो ?" (पृ. २४), यहाँ आश्चर्यको

भाव प्रकट भएको छ । “हे अल्लाह ... ! जे होस् म घरमा नै भएँ” (पृ. २५), यहाँ सम्बोधन र हर्षको भाव व्यक्त भएको छ । “अम्मी ... अम्मी यहाँ आउनु न !” (पृ. २९), यहाँ खुसीको भाव प्रकट भएको छ । “ओहा ! तीन जना मिलेर मेरो बारेमा कुरा काटेको” (पृ. ५२), यहाँ घृणा भाव प्रकट भएको छ । यस उपन्यासमा यस्ता प्रशस्त विस्मयादिबोधक वाक्यहरूमा प्रयोग भएका छन् ।

**अल्पविराम चिह्नको प्रयोग :** यस उपन्यासमा प्रयोग भएका केही विन्दु चिह्नका केही उदाहरणरू - “डर, लाज सबै लाग्दथ्यो” (पृ. ५३), “नबोली नबोली अम्मीले पकाउने, नबोली नबोली खाने, सुत्ने, उठ्नेबाहेक अरू केही चलयमान थिएन” (पृ. ९४), “फिस, ड्रेस, कापी, कलम, किताब, खाज, प्रोजेक्ट वर्क, आमाबाबालाई पनि सजिलो कहाँ छ र ?” (पृ. ८५), “घर, परिवार, स्कुल तथा समुदायमा महिनावारीसँग जोडिएका अज्ञानता र डरले” (पृ. ११९) आदि । यी उदाहरणहरूमा केही विश्राम लिनका लागि अल्पविराम ( , ) चिह्नको प्रयोग गरिएको छ । यस्ता चिन्हहरू उपन्यासमा अत्यधिक मात्रामा प्रयोग गरिएको छ ।

**विन्दु चिह्नको प्रयोग :** कुनै पनि भनाइका आशयमा केही कुरा लुकेको छ भन्ने जनाउनका लागि विन्दु चिन्ह ( ... ) प्रयोग गरिन्छ । *मारियम मान्छे भई* उपन्यासमा प्रयोग भएका केही विन्दु चिन्ह, जस्तै - “दिन गन्न मन लाग्छ सोमबार ... मङ्गलबार ...” (पृ. ९), “तर ... अम्मीलाई भने यसरी सुनाइरहेकी थिएँ” (पृ. ११), “केमेस्ट्री ...” (पृ. १५), “उनीहरू हाँस्न पो थाले, हा... हा... हा...” (पृ. १८), “रिमा ... ।” (पृ. २१), “केही हुँदैन क्या का...की...ई...इ...” (पृ. ३५), “मारियम...!” (पृ. ६०) आदि । यस्ता उदाहरणहरूका वाक्यहरू पूरा नभएकाले अपूर्णता (विन्दु) चिह्नको प्रयोग गरिएको छ ।

**उद्धरण चिह्नको प्रयोग :** उपन्यासमा कुनै कुरालाई विशेष महत्त्व दिन, अर्थ बुझाउन, प्रष्ट पारेर प्रस्तुत गर्न, कसैको भनाइलाई प्रष्ट्याउन, विकल्प हो भनेर चिनाउनका लागि एकल उद्धरण चिह्न (‘ ’) र दोहोरो उद्धरण चिह्न (“ ”) को प्रयोग भएको पाइन्छ, जस्तै : “उठेँ के उठेँ । नकराउनुस् न धेरै”, अम्मीलाई सुनाउन मैले पनि चिच्याएर भनेँ (पृ. ११) । केटा साथीले जवाफ दियो, “लेडिज प्रोब्लेम सर ।” (पृ. १९) । “देखाऊ त ‘म’ कुन हो ?” (पृ. ७८) । ‘आज मारियम आउन सक्दिन, अम्मी’, यसै भन्छु भनेर मनले तयार त गऱ्यो अनि मुखले बोल्यो

पनि (पृ. २९), “अनि तिमीले कसरी जवाफ दियौ त ?” मैले सोधेँ (पृ. ५५) आदि । यी उदाहरणहरूमा प्रयोग गरिएका उद्धरण चिह्नहरूले कसैको प्रश्न, कुनै चिजको चिनारी, वस्तुको विशेषतालाई जनाउनका लागि उपन्यासकारले प्रयोग गरेका छन् । यसैगरी उपन्यासकारले उपन्यासमा अर्धविराम चिन्हको पनि प्रशस्त प्रयोग गरेका छन् । यस्ता विभिन्न लेख्य चिह्नहरूलाई व्याकरणिक हिसाबले प्रयोग गरिएकाले उपन्यासको भाषाशैली उत्कृष्ट बन्न पुगेको छ ।

**उखान टुक्काको चयन :** आफ्नो कृतिलाई आकर्षक बनाउनको लागि लेखकले विभिन्न स्थानमा उखान र टुक्काको प्रयोग गरेको पाइन्छ, जस्तै : “हात्ती आयो, हात्ती आयो फुस्सा” (पृ. ११), यस वाक्यमा के के नै हुन्छ भनेर उत्साहित भएको तर अन्तिममा परिणाम निराश हुनुपरेको अर्थ प्रकट भएको छ । “ब्रेक फेल भएको उकालोको बसझैँ” (पृ. २९) । यस वाक्यमा काम बिचमै बिग्रिएको अर्थ प्रकट भएको छ । “न्याउली चरीको विरहझैँ” (पृ. ३६), यस वाक्यले विरह पोख्न तत्पर रहेको जनाउँछ । “बोल्नेको त पिठो बिक्छ रे, नबोल्नेको त चामल पनि बिक्दैन रे” (पृ. ५१) । यस वाक्यमा राम्रो बोल्न सक्ने व्यक्तिले नबोल्ने व्यक्तिभन्दा बढी सफलता हासिल गर्न सक्छ भन्ने भाव प्रकट गरिएको छ । यस्ता उखान र टुक्काको प्रयोगले उपन्यासलाई आकर्षक र पठनयोग्य बनाएको पाउन सकिन्छ ।

## भाषिक विचलन

विवेच्य *मारियम मान्छे भई* उपन्यासमा भाषिक विचलनको प्रयोग गरिएको छ, जसमा व्याकरणिक विचलन, कोशीय विचलन, ध्वनिप्रक्रियात्मक विचलन, अर्थतात्त्विक विचलन, लेख्य प्रक्रियात्मक विचलन, भाषिक विचलन र प्रयुक्ति विचलन गरी वर्गीकरण गरिएको छ र निम्नानुसार उदाहरणसहित व्याख्या गरिएको छ :

### कोशीय विचलन

*मारियम मान्छे भई* उपन्यासमा उपन्यासकारले केही ठाउँमा कोशिय विचलन गरेका छन् । यस्ता केही कोशीय विचलनका उदाहरणहरूमा - “अम्मी मलाई आँखाले <u>बोल</u> भनेर सङ्केत गर्नुहुन्थ्यो” (पृ. १३४), यस वाक्यमा रेखाङ्कित बोल शब्दले मुखले बोल्नु हुनुपर्नेमा आँखाले बोल बनाएर कोशीय विचलन गरेका छन् । “भाइजस्तो मान्छे हुन नपाएको मन कोशीमा <u>बाढी</u> आएजस्तै बरालिएको थियो, उर्लिएको थियो” (पृ. ४२), यस वाक्यमा बाढीको अर्थ नदीको वहाव हुनु, भल, पहिरो, बाढी हुन्छ तर यहाँ बाढीको अर्थ रिस, आक्रोश, पीडा

आदिलाई बुझाएर कोशीय विचलन गरेका छन् । उपन्यासमा यस्तै विभिन्न कोशीय विचलन गराएर कथानकको भाषिक सौन्दर्यलाई बढाएका छन् ।

**व्याकरणिक विचलन**

*मारियम मान्छे भई* उपन्यासमा प्रयुक्त केही व्याकरणिक विचलनका उदाहरणहरू, जस्तै - उनले प्वाक्क भनिन्, "ठिक भन्नुभयो" (पृ. १२९) । यस वाक्यमा "ठिक भन्नुभयो", उनले प्वाक्क भनिन् हुनुपर्नेमा अन्यथा भइ व्याकरणिक विचलन भएको छ । "धेरै धेरै खानेकुरा उसैले खान्छ" (पृ. १४) । यस वाक्यमा उसले खान्छ धेरै धेरै खानेकुरा हुनुपर्नेमा पदक्रम नमिलाई वाक्य पूर्ण बनाइएको हुँदा व्याकरणिक विचलन भएको छ । उपन्यासकारले यस्ता प्रशस्त व्याकरणिक विचलनको प्रयोग गरेका छन् तैपनि यसले उपन्यासको भाषाशैलीलाई खजमज्याएको भने देखिँदैन ।

**ध्वनि प्रक्रियात्मक विचलन**

*मारियम मान्छे भई* उपन्यासमा प्रयोग भएका केही ध्वनि प्रक्रियात्मक विचलनका उदाहरणहरू, जस्तै : "अब तिमीले एक दिन पनि स्कुल छोड्नहुन्न" (पृ. १७), यस वाक्यमा छोड्नु हुँदैन भन्ने शब्दको सट्टा छोड्नुहुन्न गराइ उपन्यासकारले ध्वनि प्रक्रियात्मक विचलन गरेका छन् । "अम्मी यही पलको प्रतीक्षामा हुनुहुन्थ्यो" (पृ. १७), यस वाक्यमा आएको हुनुहुन्थ्यो शब्दको सट्टामा थियो हुनुपर्नेमा सो नभई अस्पष्टता भएको हुँदा ध्वनि प्रक्रियात्मक विचलन भएको छ । यस्ता अन्य ध्वनिप्रक्रियात्मक विचलनले उच्चारणलाई सहज बनाएर पाठकलाई श्रुतिमधुरता थपिदिएको छ ।

**अर्थतात्त्विक विचलन**

शोध्य *मारियम मान्छे भई* उपन्यासमा प्रशस्त अर्थतात्त्विक विचलन भएका छन् । यसका केही उदाहरणहरू, जस्तै - "कच्चा पदार्थ घरबाट ल्याउने, यहाँ प्रशोधन गरेर मान्छे बनाउने" (पृ. ८७), यस वाक्यमा नपढेको मान्छेलाई विद्यालयमा लगेर पढाइ योग्य बनाउने कच्चा पदार्थसँग तुलना गरी प्रकृतिसँग दाँजेर वैज्ञानिकीकरण गरिएकाले अर्थतात्त्विक विचलन भएको छ । "उहाँहरू भने मलाई मरिचको दानाझैं कक्रक्क चाउरिएको बनाएर राख्न चाहनुहुन्थ्यो " (पृ. ३३), यस वाक्यमा बाहिर स्वतन्त्र रूपमा हिँड्न नदिई भित्रभित्रै बन्धक बनाएर मरिचको दानासँग तुलना गरी मानवको प्रकृतिकरण गरिएकाले अर्थतात्त्विक

विचलन भएको छ । यस उपन्यासमा यस्ता अर्थतात्त्विक विचलन भएका वाक्यहरूको प्रयोग उपन्यासकारले प्रशस्त स्थानमा गरेका छन् ।

## प्रयुक्ति विचलन

*मारियम मान्छे भई* उपन्यासमा प्रयोग भएका केही प्रयुक्ति विचलनका उदाहरणहरूमा - "पैसाविना केही कुरा सम्भव थिएन" (पृ. ६६), यस वाक्यमा पैसा नभई केही कुरा सम्भव नहुने भनी प्रस्ट्याउन खोजिएको हुनाले पैसालाई मानवीकरण गरेर सबै कुरा हो भनिएको छ । यसरी पैसालाई मानवीकरण गरिएको हुनाले प्रयुक्ति विचलन भएको छ । "जवाफमा बरर आँसु झरेर असिना पर्नुअघिको दर्कने पानीजस्तो" (पृ. ९१ ), यस वाक्यमा आँसु झर्नुलाई दर्कने पानी पर्नु भनेर प्रस्ट्याउन खोजिएको हुनाले प्रयुक्ति विचलन भएको छ ।  यस्ता प्रयुक्ति विचलन उपन्यासमा धेरै ठाउँमा गरिएको छ ।

## लेख्य प्रक्रियात्मक विचलन

यस उपन्यासमा विभिन्न स्थानमा लेख्य प्रक्रियात्मक विचलन गरिएको पाइन्छ । यसका केही उदाहरणहरु, जस्तै : "हाम्रो क्लबलाई जिल्लाकै पहिलो क्लब हो भन्थे ।" (पृ. ३६), यस वाक्यमा नामपदको नामयोगी जोडिनुपर्नेमा अलग राखेकाले लेख्य प्रक्रियात्मक विचलन भएको देखिन्छ । "बिस्तारै ढोकातिर गए" (पृ. ३६), यस वाक्यमा कर्ताको प्रयोग नगरिएकाले लेख्य प्रक्रियात्मक विचलन भएको देखिन्छ । "मारियम ...!" (पृ. ६२), यस वाक्यमा कर्ता, कर्म र क्रिया हुनुपर्नेमा त्यसो नभई लेख्य प्रक्रियात्मक विचलन भएको देखिन्छ । "काम ! नाइँ" (पृ. १०२), यस वाक्यमा क्रियापद अघि तथा कर्म पछि भएकाले लेख्य प्रक्रियात्मक विचलन भएको देखिन्छ । यस्ता लेख्य प्रक्रियात्मक विचलनको प्रयोगले व्याकरणिक विचलन देखिए तापनि उपन्यास पढ्ने क्रममा पाठकलाई आकर्षक र पठनयोग्य बनाएको पाउन सकिन्छ ।

## भाषिक विचलन

*मारियम मान्छे भई* उपन्यासमा भाषिक विचलन प्रशस्त प्रयोग गरिएको देखिन्छ । जसका केही उदाहरणहरू - "तपाईं आफ्नो बच्चा बेलाका साथीहरूसँग गफ गरिरहनुभएको थियो" (पृ. १९), यस वाक्यमा समय शब्दलाई स्थानीय रूपमा प्रयोग हुने बेला शब्दले जनाएको हुँदा मानक भाषामा विचलन भएको देखिन्छ । "गोड लगैछी चाचा" (पृ. ५१), यस वाक्यमा स्थानीय रूपमा प्रयोग हुने गोड लगैछी शब्दले मानक भाषाको गोडा ढोके

शब्दलाई जनाएको हुँदा मानक भाषामा विचलन भएको छ । "यस्तो नपाक त सबै महिलाहरूलाई हुन्छ" (पृ. ४६), यस वाक्यमा नराम्रो अवस्थालाई स्थानीय मुस्लिम समुदायमा प्रयोग हुने नपाक भन्ने शब्दलाई जनाएको हुँदा मानक भाषामा विचलन भएको छ । यसरी उपन्यासकारले मानक रूप परिमार्जन गरेको तथा विभिन्न स्थानमा बोलिने भाषिकाको प्रयोग गरेकाले भाषिक विचलन भएको प्रष्ट देखिन्छ ।

## समानान्तरता

*मारियम मान्छे भई* उपन्यासमा समानान्तरतालाई बाह्य समानान्तरता र आन्तरिक समानान्तरता गरी दुई प्रकारमा विभाजन गरी निम्नानुसार अध्ययन गरिएको छ :

### आन्तरिक समानान्तरता

प्रस्तुत *मारियम मान्छे भई* उपन्यासमा आन्तरिक समानान्तरताको प्रयोग गरिएका केही उदाहरणहरू : "प्रश्न जति सिधा र सरल थिए त्यति नै सिधा र सरल थिए उत्तरहरू पनि" (पृ. ११५), यस वाक्यमा रेखाङ्कित शब्दहरू सिधा र सरल शब्द संरचना फरक भए पनि त्यसले एउटै अर्थ दिने हुनाले आन्तरिक समानान्तरतालाई बुझाउँछ । "महिनावारी जुन उनीहरूको गुण वा शक्ति छ, त्यसैलाई कमजोर, अपवित्र, अशुभ, नराम्रो आदि के के नाम दिएर दबाएर राखेको छ" (पृ. १), यस वाक्यमा रेखाङ्कित शब्दहरूका शब्द संरचना फरक भए तापनि त्यसले नराम्रो अर्थ बुझाउने भएकाले आन्तरिक समानान्तरतालाई बुझाउँछ । यस्ता आन्तरिक समान्तरताको प्रयोगले कृति प्रस्तुत गर्न खोजेको भावलाई अझ बढी अर्थ प्रदान गर्दै सौन्दर्यलाई बढाएको छ ।

### बाह्य समानान्तरता

प्रस्तुत *मारियम मान्छे भई* उपन्यासमा प्रयोग गरिएका केही बाह्य समानान्तरताका उदाहरणहरूमा - रुँदै रुँदै मैले अम्मीलाई बोलाएँ, "अम्मी... अम्मी... आउनु न !" (पृ. २९) । यस वाक्यमा रेखाङ्कित शब्दहरूको रु, द, अ, म वर्णको आवृत्ति बाह्य समानान्तरता हो । "बोल्नेको त पिठो पनि बिक्छ रे, नबोल्नेको त चामल पनि बिक्दैन रे" (पृ. ५१), यस वाक्यमा त र र वर्णको आवृत्तिले बाह्य समानान्तरता देखाएको छ । यसरी यस उपन्यासमा उपन्यासकारले विभिन्न वर्ण तथा शब्दहरूको पुनरावृत्ति गरी बाह्य समानान्तरता सिर्जना गरिएको छ ।

यसरी चयन र विचलन र समानान्तरताको अध्ययन र विश्लेषणको आधारमा *मारियम मान्छे भई* उपन्यास उत्कृष्ट रहेको प्रस्ट हुन्छ ।

## सारांश

यस अध्यायमा *मारियम मान्छे भई* उपन्यासमा प्रयोग भएका भाषिक संरचनामा आधारित रही अध्ययन र विश्लेषण गरिएको छ, जसमा शोधकार्यको समस्याहरूमध्ये चयनअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, संयोजक, नामयोगी, निपात, अनुकरणात्मक, विस्मयादिबोधक, तत्सम, तदभव र आगन्तुक शब्दहरू कृतिमा प्रयोग भएअनुरूप उदाहरणसहित व्याख्या विश्लेषण गरिएको छ भने विचलनअन्तर्गत व्याकरणिक, कोशीय, अर्थतात्त्विक, ध्वनि प्रक्रियात्मक, लेख्य प्रक्रियात्मक, प्रयुक्तिगत विचलनको प्रयोगलाई उदाहरणसहित व्याख्या र विश्लेषण गरिएको छ साथै उपन्यासमा भाषा प्रयोगमा देखिएका समानान्तरतालाई बाह्य र आन्तरिक गरी उदाहरणसहित व्याख्या विश्लेषण गरिएको छ र भाषिक रूपमा उपन्यास उत्कृष्ट भएको निष्कर्ष निकालिएको छ । अध्यायको अन्त्यमा यस अध्यायको सारांश प्रस्तुत गरिएको छ ।

# अध्याय सात

# निष्कर्ष, सारांश र उपादेयता

## निष्कर्ष

राधा पौडेलद्वारा लिखित *मारियम मान्छे भई* उपन्यास सामाजिक यथार्थवादी धाराको उपन्यास हो । यस उपन्यासमा उपन्यासकारले फरकफरक भाषाशैलीको प्रयोग गरेका छन्, जसले गर्दा उपन्यास सरल र बोधगम्य बनेको छ । '*मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । कथानकको प्रारम्भमा दिन गन्दागन्दै शनिवार आइपुगेको, मारियमलाई चराको चिरबिरसँगै गुनगुनाउँदै सुत्न मन लाग्नु, शनिवार अम्मीले घरको काम सघाउने आशा राख्नु, ठुली छोरी भएकीले घरको काम सघाउने, भाइबहिनीलाई गृहकार्य सिकाउने र तयार गराउने कार्यबाट उनको दैनिकी सुरु हुनु, सबेरै नउठेकोमा अम्मीको गाली खानुजस्ता घटनाहरू कथानकको आरम्भका रूपमा प्रस्तुत भएको छ । मारियम सुतेको बुट्टे तन्नामा रातो दाग देखिनु, भाइबहिनीहरूले मार्कर चलाएर त्यहीँ छोडेको सम्झनु, आफैले गाली खाने र धुनुपर्ने बारेमा सोच्नु, त्यो रङ्ग मार्करको नभै रगतको रङ्ग हुनु, आफू महिनावारी भएको मारियमले थाहा पाउनु, एक वर्षजति अगाडि रिमा महिनावारी हुनु, स्कुले ठिटाहरूले जिस्क्याउनुसम्मको घटनाक्रम सङ्घर्ष विकासको रूपमा कथानकमा आएको छ । मारियम आफू पनि महिनावारी भएको कुरा थाहा पाउनु, अम्मीले भाइ र अब्बालाई छुन नदिनु, घरका दैनिक काममा बन्देज लगाउनु, नुहाउँदा पेटिकोट लगाउनु, भित्र समिज लगाउनु र स्कुल तथा क्लबजस्ता कुरामा प्रतिबन्ध लगाइनुले मारियममा आफू छोरी भएकोमा र महिनावारीको रगतदेखि रिस उठ्नु, रगतकै कारण आफू अपवित्र भएकोमा पुरुषप्रति रिस उठ्नुजस्ता घटनाक्रम कथानकको चरम अवस्थामा आएका छन् । मारियमले अर्कोपटक महिनावारी हुँदा कसैलाई पनि नबताउनु, रगत लुकाउनाका लागि दादीको सारी चोर्नु, टालो केही मलखातमा, केही भकारीमा र केही झाडीमा लुकाउनु, भकारीको टालो अब्बाले भेटाउनु र मारियमसँग रिसाएर बन्धक बनाएर राख्नु, विष खाएर मरेको मुसाको जीवन खोज्नु, आफू मान्छे बन्ने अठोट गर्नुजस्ता उपन्यासको सङ्घर्षह्रासको रूपमा आएका छन् । आफू नर्स, पाइलट, शिक्षक हुनुभन्दा पहिलो पूर्ण मान्छे बन्ने अठोट गर्नु, रेडियोमा शीला मेडमको महिनावारीसम्बन्धी अन्तर्वाता आउनु, बिरामी भएको बहानामा स्वास्थ्य चौकी जानु, अम्मी

साथैमा जानु, शीला म्याडमले मारियमलाई सम्झाउनु, अम्मीलाई महिनावारीको बारेमा जानकारी दिई आँखा खोलीदिनु, मारियमलाई सबैको साथ र सपोर्टले गर्दा पूर्ण मान्छे बन्न सहयोग पुग्नुजस्ता घटनाक्रम उपसंहारका रूपमा देखिएको छ । यसरी प्रस्तुत उपन्यासको कथानक संरचना आदि, मध्य र अन्त्य मिलेर समाप्त भएको छ । यसरी हेर्दा उपन्यासको कथानक उत्कृष्ट रहेको छ ।

पात्रगत संरचनाका हिसाबले पनि *मारियम मान्छे भई* उपन्यासमा प्रमुख पात्रका रूपमा मारियम, अम्मी, अब्बा, दादी र बहिनीहरू आएका छन् भने सहायक पात्रका रूपमा भाइ, संधिरा, रिमा, मनसरा, शीला म्याडम आएका छन् । गौण तथा नेपथ्य पात्रहरूमा संधिराकी आमा, संधिराकी काका, काकी, रिमाकी आमा र बाबा, स्कुलका ठिटाहरू, शीला म्याडम, कोअर्डिनेटर सर, महानन्द पण्डित, मामा, माइजू, हजुरबा, हजुरआमा, नर्स, नगरपालिकाका अभिभावकहरू, मेयर म्याडम, अम्मीकी साथीहरू रहेका छन् । यी पात्रहरूमध्ये लैङ्गिक दृष्टिले महिला पात्रहरूका रूपमा मारियम, अम्मी, दादी, बहिनी, रिमा, संधिरा, शीला म्याडम, नर्स, मेयर म्याडम, मनसरा, रिमाकी आमा, संधिराकी काकी, स्कुलकी मेडम, दुर्गा, छिमेकी आन्टीहरू आएका छन् भने पुरुष पात्रहरूमा अब्बा, भाइ, महानन्द पण्डित, अखिलेश, हजुरबा, अनन्त सर, काका, कोअर्डिनेटर, स्कुले ठिटाहरू रहेका छन् । प्रवृत्तिका आधारमा मारियम, अम्मी, अब्बा, दादी, बहिनी, रिमा, भाइ, संधिरा, दुर्गा, मनसरा, अनन्त सर, अखिलेश, मेयर म्याडम, अनुकूल पात्रका रूपमा आएका छन् भने प्रतिकूल पात्रका रूपमा महानन्द पण्डित, संधिराकी काकी रहेका छन् । स्वभावका आधारमा मारियम, अब्बा, अम्मी, दादी, भाइ, बहिनी, संधिरा, दुर्गा, मनसरा, अनन्त सर गतिशील पात्रका रूपमा प्रस्तुत भएका छन् भने छिमेकी आन्टीहरू, स्कुले ठिटाहरू र महानन्द पण्डित गतिहीन पात्र हुन् । जीवनचेतनाका आधारमा मारियम, शीला नर्स,अम्मी, दादी, भाइ, बहिनी, संधिरा, रिमा वर्गीय पात्रका रूपमा आएका छन् भने अन्य पात्रहरू व्यक्तिगत पात्रका रूपमा आएका छन् । आसन्नताका आधारमा मारियम, अम्मी, अब्बा, दादी, भाइ, बहिनी, रिमा, संधिरा, दुर्गा, मनसरा, शीला नर्स, रिमाकी आमा मञ्चीय पात्रका रूपमा उपस्थित भएका छन् भने अन्य पात्रहरू नेपथ्य पात्रका रूपमा छन् । आबद्धताका आधारमा मारियम, अम्मी, अब्बा, दादी, बहिनी, भाइ, रिमा, संधिरा, शीला नर्स बद्ध पात्रका रूपमा रहेका छन् भने रिमाकी बाबा र आमा, अखिलेश, अनन्त सर, दुर्गा, मनसरा, महानन्द पण्डित, मेयर म्याडम, रिमा, संधिराकी काकी, स्कुलकी मेडम, छिमेकी आन्टीहरू, हजुरबा, काका,

कोअर्डिनेटर, स्कुले ठिटाहरू मुक्त पात्रका रूपमा आएका छन् । यसरी उपन्यासमा पात्रसंरचनालाई प्रस्तुत गरिएको छ ।

प्रस्तुत उपन्यासमा भाषिक संरचनाका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दहरूको समुचित प्रयोग गरिएको पाइन्छ भने नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी वा क्रियाविशेषण, निपात, विस्मयादिबोधक शब्दको प्रयोगले भाषा सशक्त बन्न पुगेको छ । त्यस्तैगरी वाक्य चयनका सन्दर्भमा सरल, संयुक्त र मिश्र वाक्यहरूको गठन भएको पाइन्छ । उपन्यासमा चिन्ह प्रयोगको हिसाबले प्रश्नवाचक चिन्ह, योजक चिन्ह, उद्धरण चिन्ह, अल्पविराम चिन्ह, विन्दु चिन्ह र पूर्णविराम चिन्हको समुचित प्रयोग भएको पाइन्छ । उपन्यासमा स्थानीय मैथली भाषाको धेरै प्रयोग भएकाले उत्कृष्ट बनाउन सहयोग गरेको देखिन्छ । कोशीय, व्याकरणिक, अर्थतात्त्विक, भाषिक, ध्वनि प्रक्रियात्मक, प्रयुक्तिगत विचलनजस्ता विचलनको प्रयोग भएको देखिन्छ । यसै गरी आन्तरिक र बाह्य समानन्तरताको पनि प्रयोग यथेष्ट मात्रामा भएको पाइन्छ । यस्ता विविध कुराहरूले उपन्यासमा भाषागत माधुर्यता थपेको छ ।

## सारांश

यसमा प्रस्तुत शोधपत्रको पहिलो अध्यायलाई 'विषयपरिचय' शीर्षक दिई लेखकको सङ्क्षिप्त परिचय, उनका कृतिहरूको विवरण र शैलीको सामान्य परिचय दिइएको छ । समस्याकथनमा *मारियम मान्छे भई* उपन्यासलाई शैलीवैज्ञानिक पद्धतिका विभिन्न उपकरण र प्रक्रिया अवलम्बन गरी विश्लेषण गर्ने भन्ने कुराको खुलासा गरिएको छ । त्यसै गरी अध्ययनको उद्देश्यअन्तर्गत यस उपन्यासको कथानक संरचना, पात्रगत विश्लेषण, चयन, विचलन र समानान्तरताको आधारमा भाषिक विश्लेषण गरिएको । कृतिलाई तथ्यपूर्ण ढङ्गले बुझ्न, वस्तुगत आधारमा कुनै उपन्यासको शैलीविज्ञानको विभिन्न पक्षहरूको व्यवहारिक उपयोग गर्न मार्गप्रशस्त गरेकाले यस अध्ययनको औचित्य छ भनेर पुष्टि गरिएको छ । यस उपन्यासलाई भाषावैज्ञानिक आधारमा कथानक, पात्रगत र भाषिक विचलन र समानान्तरताका आधारमा सीमित रही विश्लेषण गरिएको कुरालाई सीमाङ्कनमा प्रस्तुत गरिएको छ । यसका साथै शोधकार्यमा प्रयुक्त भएका केही शब्दको परिभाषा प्रस्तुत गरिएको छ र अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश समावेश गरी पहिलो अध्याय सम्पन्न गरिएको छ ।

शोधपत्रको दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन प्रस्तुत गरिएको छ, जसअन्तर्गत शैलीविज्ञानसँग सम्बन्धित पाँचवटा पुस्तकहरूलाई सैद्धान्तिक रूपमा र दसवटा शोधसमीक्षालाई प्रायोगिक पुनरावलोकन गरी विश्लेषण गरिएको छ । यसका साथै शैलीविज्ञानको परिचय र परिभाषा, पूर्वीय र पाश्चात्य परम्परा, शैलीविज्ञानको अन्य विधासँगको सम्बन्ध, शैलीविश्लेषण प्रक्रिया, भाषा शिक्षण, शैलीविज्ञानको सम्बन्धको बारेमा चर्चा गरिएको छ । त्यस्तैगरी शैलीवैज्ञानिक आधारमा कथानकको र पात्रको चरित्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, आसन्नता र आबद्धताको आधारमा सैद्धान्तिक अवधारणालाई व्याख्या र विश्लेषण गर्दै अन्त्यमा यस अध्यायको सङ्क्षित सारांश प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो अध्यायलाई 'शोधविधि' शीर्षक दिईएको छ, जसमा गुणात्मक ढाँचा अपनाएर अनुसन्धान गर्ने क्रममा *मारियम मान्छे भई* उपन्यासलाई शैलीवैज्ञानिक अध्ययनका लागि नमुना छनोट प्रक्रिया, सामग्री सङ्कलनअन्तर्गत प्राथमिक स्रोतका रूपमा शोध्य उपन्यास र द्वितीयक स्रोतहरूमा शोधको शीर्षकसँग सम्बन्धित पहिले गरिएका शोधकार्यका पूर्वकार्यहरू, इमेल, इन्टरनेटको प्रयोग, त्यसैगरी तथ्याङ्क सङ्कलन गर्दा प्रयोग गरिएको साधनहरू पुस्तकालयीय अध्ययनबाट उल्लिखित साधनको प्रयोग गरी तथ्य सङ्कलन गरी प्रस्तुत गरिएको छ । यसका साथै तथ्य सङ्कलनका साधन, तथ्य सङ्कलन र अवधारणात्मक ढाँचाको चित्र, शोधपत्रको रूपरेखा र अध्यायको सारांश पनि प्रस्तुत गरिएको छ ।

शोधपत्रको चौथो अध्यायमा *मारियम मान्छे भई* उपन्यासको कथानक संरचनाका आधारमा र उपन्यासको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा कथानकलाई आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्षह्रास र उपसंहारमा वर्गीकरण गरी कथानकलाई प्रस्तुत गरिएको छ ।

अध्याय पाँचमा *मारियम मान्छे भई* उपन्यासमा रहेका पात्रहरूको चरित्रअनुरूप वर्गीकरण तालिका प्रस्तुत गरिएको छ । त्यसै आधारमा पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताको आधारमा विभाजन गरी पात्रहरू के कस्ता छन् भनी व्याख्या र विश्लेषण गरिएको छ । उपन्यासमा प्रमुख पात्र मारियम रहेकी छन् भने उनैको सेरोफेरोमा सहायक तथा गौणहरूका भूमिकाको आधारमा चरित्रको निष्कर्ष निकालिएको छ र उपन्यासमा रहेका पात्रहरूको चरित्रअनुरूप वर्गीकरण तालिका प्रस्तुत

गरिएको छ भने अन्त्यमा अध्यायको सारांश प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा शोध्य उपन्यासका कथानक र पात्रगत संरचना उत्कृष्ट रहेको देखिन्छ ।

शोधकार्यको छैटौँ अध्यायमा शैलीवैज्ञानिक आधारमा *मारियम मान्छे भई* उपन्यासको भाषिक विश्लेषण गरिएको छ । यसअन्तर्गत चयनमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक, विस्मयादिबोधक, लेख्य चिन्ह र उखान टुक्काको के कस्तो चयन गरिएको छ भनी विश्लेषण गरिएको छ । त्यस्तै विचलनअन्तर्गत व्याकरणिक, कोशीय, अर्थतात्त्विक, ध्वनि प्रक्रियात्मक, लेख्य प्रक्रियात्मक, प्रयुक्ति र भाषिक विचलनको आधारमा व्याख्या विश्लेषण गरिएको छ । समानान्तरताअन्तर्गत उपन्यासमा प्रयोग गरिएका आन्तरिक र बाह्य समानान्तरतालाई उदाहरणसहित प्रस्तुत गरी विश्लेषण गर्दै अन्त्यमा अध्यायको सारांश गरिएको छ । समग्रमा भन्नुपर्दा चयन, विचलन र समानान्तरताको अध्ययन विश्लेषणको आधारमा प्रस्तुत उपन्यास उत्कृष्ट बनेको देखिन्छ ।

अन्तिम अर्थात् अध्याय सातमा शोधको उपसंहार प्रस्तुत गरिएको छ । यसअन्तर्गत शोधको निष्कर्ष, उपादेयता र सारांश प्रस्तुत गरिएको । निष्कर्ष प्रस्तुत गर्ने क्रममा शोधको परिच्छेदगत निष्कर्षका साथै प्रयोजनका धारणा तथा नीतिगत तथा प्रायोगिक उपादेयता प्रस्तुत गरिएको छ । त्यसपछि शोधकार्यमा प्रयोग गरिएका पुस्तकहरू र शोधकार्यहरूको विवरणलाई सन्दर्भ सामग्रीसूचीमा प्रस्तुत गर्दै अन्त्यमा शोधार्थीको व्यक्तिवृत्त प्रस्तुत गरिएको छ ।

## उपादेयता

प्रस्तुत शोधपत्रको शीर्षक '*मारियम मान्छे भई* उपन्यासको शैलीवैज्ञानिक अध्ययन' रहेको छ । शोध्य उपन्यासको कथानक संरचना, पात्रविधान, चयन, विचलन र समानान्तरताको क्षेत्रलाई समेटेर अध्ययन विश्लेषण गरिएको छ । यस शोधको विभिन्न क्षेत्रमा उपयोगी हुने भएकाले यसलाई नीतिगत तथा प्रयोगगत तह गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

### नीतिगत तह

यस शोधकार्यको अध्ययनबाट कृतिका कृतिकार, पाठक र समालोचक पनि प्रभावित (लाभान्वित) हुनेछन् भने साहित्यिक समीक्षकहरूको लागि, सरोकारवाला सङ्घसंस्था तथा यस विषयक्षेत्रमा काम गर्ने कर्मचारीहरूको लागि भाषिक अभिव्यक्ति तहको नीतिहरू

निर्माण गर्न, शैलीवैज्ञानिक अध्ययनमा एउटा शोधसामग्रीको रूपमा उपयोगी हुनेछ। स्रष्टाले कस्तो भाषा प्रयोग गर्दा रचना अभिव्यक्ति शैलीका दृष्टिले उपयोगी हुन्छ भन्ने कुराको नीति बनाउन यो शोधपत्र उपयोगी हुनेछ।

**प्रयोगगत तह**

यो शोधको अध्ययन भाषिक पक्षसँग सम्बन्धित भएकाले यसको प्रयोगगत उपयोगिता हुनेछ। कुनै पनि कृतिभित्र रहेका भाषिक अभिव्यक्ति पक्षहरू समानान्तरता, चयन र विचलनमा आधारित भएर विश्लेषण गर्न उपयोगी हुनेछ। यसै गरी शैलीविज्ञानको सैद्धान्तिक ज्ञानलाई फराकिलो बनाउनसमेत उपयोगी हुनेछ। प्रस्तुत शोधबाट स्थापित नवीन ज्ञान तथा शोधकर्ताहरूका लागि लाभदायी हुनेछ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, अरूणविलास (२०७०), *बेनामका मानिसहरू कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., बालकुमारी कलेज, नेपाली भाषा शिक्षा विभाग, नारायणगढ ।

ओझा, रामनाथ (२०७४), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौं : करुधारा पब्लिकेसन प्रा.लि. ।

खतिवडा, भवानी (२०७४), *तीन घुम्ती उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि., बालकुमारी कलेज, नेपाली भाषा शिक्षा विभाग, नारायणगढ ।

खत्री, किरण (२०७९), *प्रिय सुफी उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

गैरे, ईश्वरीप्रसाद (२०७६), *आधुनिक नेपाली उपन्यास,* काठमाडौँ : दिव्य देउराली प्रकाशन प्रा.लि. ।

गौतम, रामप्रसाद (२०६१), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०५८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०७४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

ढुङ्गाना, तुलसीप्रसाद (२०६५), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : सुजाता प्रकाशन ।

ढुङ्गाना, लावण्यप्रसाद र दाहाल, घनश्याम, (२०६८), *खण्डकाव्य सिद्धान्त र नेपाली खण्डकाव्य,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स प्रा.लि. ।

पौडेल, पूजा (२०७४), *नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, बालकुमारी कलेज, नारायणगढ ।

पौडेल, राधा (२०७९), *मारियम मान्छे भई,* काठमाडौँ : साङ्ग्रीला बुक्स ।

बराल, हिरा (२०७९), *कोरियाना कफी गफ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रावल, कर्णबहादुर (२०७३), *प्रेतकल्प उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

लम्साल, रामचन्द्र र गणेशराज अधिकारी (२०६९), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामा, देवीराम (२०७५), *ऐना कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन

लामिछाने, यादवप्रसाद (२०७३), *भाषाविज्ञान र नेपाली भाषा,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

विष्ट, शान्तिकुमारी (२०७८), *डाँफेदूत खण्डकाव्यमा अग्रभूमि निर्माण,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान* (दो.संस्क.), काठमाडौँ : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, कुमारी (२०७७), *खलंगामा हमला कृतिको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

सुनार, टीकाराम (२०७७), *फेब्रुअरी १४ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

सुवेदी, पूजा (२०७७), *प्रेमदासको डायरी उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।



# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | आशा गुरुङ |
| जन्ममिति | : | २०४६ साल फागुन २७ गते |
| जन्मस्थान | : | कालिका नगरपालिका वडा नं. ९, चितवन |
| बाबुको नाम | : | नरेन्द्रजङ्ग गुरुङ |
| आमाको नाम | : | सेतीमाया गुरुङ |
| पतिको नाम | : | सोमबहादुर गुरुङ |
| राष्ट्रियता | : | नेपाली |
| लिङ्ग | : | महिला |
| धर्म | : | बौद्ध |
| वैवाहिक स्थिति | : | विवाहित |
| भाषाज्ञान | : | गुरुङ, नेपाली, अङ्ग्रेजी |
| रुचि | : | अध्ययन, भ्रमण, सङ्गीत र समाजसेवा |
| कार्य | : | गृहिणी |
| स्थायी ठेगाना | : | कालिका नगरपालिका-८, चितवन |
| सम्पर्क | : | ९८६५३६६९३९ |

## शैक्षिक योग्यता

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | स्नातकोत्तर | सप्तगण्डकी क्याम्पस, भरतपुर | अध्ययनरत | |
| २ | स्नातक | सहिद स्मृति बहुमुखी क्याम्पस, रत्ननगर, टाँडी | २०७३ | द्वितीय |
| ३ | दश जोड दुई | सहिद स्मृति बहुमुखी क्याम्पस, रत्ननगर, टाँडी | २०६८ | द्वितीय |
| ४ | प्रवेशिका | श्री चतुर्मुखी उ.मा.वि., कालिका-९, चितवन | २०६५ | द्वितीय |